## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६५ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोभैं नेपाल प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसंग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिवार्य यस नेपाल प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख - जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिँदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक


**सम्पर्क**

नेपाल प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं. : ०१ ५७१९८२८, एक्सटेन्सन : १९३

ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np



ISSN 2661-6122


# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन


प्रकाशन आरम्भ : २०१६ जेठ    वर्ष ६५, अंक ६    फागुन-चैत २०८०




ललितपुर दरबार स्क्वायर परिसरमा प्रत्यक्ष संगित कार्यक्रम गर्दै नेपाल प्रहरी बैण्ड ।

**जनताको सेवक हामी, नागरिक हाम्रो साथी,**
**सत्य सेवा सुरक्षणम् सधैं शिर माथि ।**

- नेपाल प्रहरी ।

# प्रहरी

मे.अ.द.न. ६४/१५८

**द्वैमासिक प्रकाशन** वर्ष : ६५ अंक : ६ २०८० फागुन-चैत



<u>प्रमुख सल्लाहकार</u>
प्र. ना.म.नि भिम प्रसाद ढकाल

<u>सल्लाहकार</u>
प्र.व.उ. दान बहादुर कार्की

<u>प्रधान सम्पादक</u>
प्र.ना.उ.चन्चला श्रेष्ठ

<u>सम्पादक</u>
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

<u>आवरण</u>
प्र.नि. कल्पना अधिकारी

<u>कम्प्युटर</u>
प्र.व.ना.नि. संगीता कार्की

<u>सहयोगी</u>
प्र.व.ना.नि.गोपाल ब.थापा
प्र.स.नि.शरणजंग भण्डारी

<u>प्रकाशक</u>

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## वि.सं २०८० मा महत्त्वपूर्ण उपलब्धि हासिल

वि.सं २०८० साल हामीबाट बिदा हुँदैछ । विगतका वर्षहरूमाझैं यस वर्ष पनि नेपाल प्रहरी आफ्नो जिम्मेवारी बहन गर्न पूर्ण सक्रियताकासाथ कटिबद्ध रह्यो । सो क्रममा यस वर्ष केही नयाँ र ऐतिहासिक महत्त्वका विषयहरूमा प्रहरी संगठन प्रवेश गरी काम सुरू गऱ्यो । नयाँ कामको थालनी गर्दा सामान्यतया आइपर्ने चुनौतीलाई अवसरको रूपमा लिएर उत्कृष्ट काम गर्दै महत्त्वपूर्ण उपलब्धि हासिल गर्न प्रहरी संगठन सफल भएको छ ।

नेपाल प्रहरी ऐनको मसौदा तयार, तालुक मन्त्रालयमा प्रहरी कर्मचारी समायोजन समिति गठन, प्रहरी नायब महानिरीक्षकको नेतृत्वमा नेपाल प्रहरीको समायोजन पश्चात हुने सङ्क्रमणकालीन व्यवस्थापनको अवधारणा निर्माण गर्ने समिति गठन, नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभागमा प्रहरी वरिष्ठ उपरीक्षकको नेतृत्वमा समायोजन डेस्क गठन र प्रहरी कर्मचारी समायोजन सम्बन्धी सफ्टवयेर निर्माणको क्रममा रहनु प्रहरी समायोजनका लागि यस वर्ष भएका महत्त्वपूर्ण काम हुन् । साथै संघीय रूपान्तरण प्रयोजनका लागि आठ वटा निर्देशिका, दुई वटा मापदण्ड र एक वटा अध्ययन प्रतिवेदन मस्यौदा पेश हुनुका साथै प्रहरी संगठनलाई थप चुस्त र कामलाई प्रभावकारी बनाउन नेपाल प्रहरी कार्ययोजना -२०८० लगायत विभिन्न नीति तथा योजना तर्जुमा भई कार्यान्वयनको चरणमा

छन् । यसबाट नेपालको संविधानबमोजिम नेपाल प्रहरी संघीय संरचनामा जान र रूपान्तरण हुन टेवा पुग्नुको साथै संघीय संरचनामा समायोजन प्रक्रियामा जान नेपाल प्रहरी कृतसङ्कल्पित रहेको प्रमाणित हुन्छ ।

यस वर्ष मानवश्रोत विकास तथा व्यवस्थापनतर्फ १३७ जना नयाँ नियुक्ति, ४ हजार ३४ जना पदोन्नति र ३० हजार ६६२ जना प्रहरी कर्मचारी सरूवा भए । अपराध अनुसन्धानतर्फ उल्लेख्य उपलब्धि हासिल भयो । गम्भीर प्रकृति एवम् राष्ट्रिय चर्चामा आएका २३ वटा तथा अन्य अपराध घटनाहरूको सफल अनुसन्धान हुन सक्यो । नेपालमा विभिन्न अपराध गरी विदेश गई लुकेका १३ जना फरार अपराधीलाई इन्टरपोल मार्फत् समन्वय गरी नेपाल ल्याइयो । दैनिक कामकाजको प्रभावकारी कार्यान्वियन गर्नुका साथै नागरिकका दैनिक जीवनमा सरोकार राख्ने घटनाहरू, विपद्का घटना, बन्द हड्ताल विरोधका कार्यक्रम लगायतमा सुक्ष्म विश्लेषण गरी शान्ति सुरक्षा कायम राख्न प्रहरी सफल रह्यो । ४८१ नाल अवैध र १९ हजार ८७ नाल वेवारिसे हतियार बरामद भयो । यस वर्ष प्रहरी सक्रियतामा ६ अर्ब ६३ करोड ३९ लाख ३२ हजार १७८ रूपैयाँ राजश्व सङ्कलन गरी राज्यलाई टेवा पुऱ्याउन सहयोगी भूमिका निर्वाह भयो । विभिन्न कल्याणकारी कार्यक्रमहरू, सचेतना कार्यक्रमहरू एवम् अभियानहरूले नागरिकहरूलाई असल पथ पछ्याउन मद्दत पुग्यो भने यस्ता उदाहरणीय कामबाट समाजमा प्रहरीको छवि उच्च हुन पुग्यो ।

प्रहरीबाट सम्पन्न हुने सम्पूर्ण काम राष्ट्र र नागरिककै लागि हुन् । जस्तोसुकै चुनौती आए पनि सामना गर्दै उच्च समर्पणभाव, अमूल्य त्याग र बलिदान दिँदै कर्तव्यपथमा अविचलित रहने संस्था नेपाल प्रहरी हो र अबका दिनमा पनि यसैगरी जनसेवामा लागिरहन प्रहरी प्रतिबद्ध छ । नेपाल सरकारको समृद्ध, सबल र न्यायपूर्ण नेपाल निर्माण गर्ने सङ्कल्पलाई साकार तुल्याउन नेपाल प्रहरी कटिबद्ध रहेर काम गर्दै आएको छ । यसलाई अझ सशक्त, सुदृढ, संस्थागत रूपमा एक्यबद्धतासाथ अगाडि बढाउँदै सफल बनाउन नयाँ वर्ष २०८१ ले प्रेरणा देओस् । आउँदै गरेको नव वर्ष २०८१ का अवसरमा सम्पूर्णमा सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

अन्तमा, वि.सं २०८० सालभरि हामीलाई उत्कृष्ट लेखरचना उपलब्ध गराई सहयोग पुऱ्याउने सम्पूर्ण विद्वान लेखकहरू तथा अन्य सहयोगी मित्रहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत रचना प्राप्त भइरहने अपेक्षा गर्दछौं ।

# विषयसूची

## व्यावसायिक सामग्री


♦ मानव बेचबिखन तथा ओसारपसार...........✍ नायब महान्यायाधिवक्ता संजीवराज रेग्मी १
♦ आपराधिक कार्य ✍ सह-न्यायाधिवक्ता सोमकान्ता भण्डारी ५
♦ सवारी दुर्घटनामा हराएको मानवीयता ✍ प्र व ना नि विष्णु थापा ७४
♦ विवाह सम्बन्धी कानूनी व्यवस्था ✍ प्र व ना नि सरस्वती बुढाथोकी ८३
♦ अपराध अनुसन्धानमा प्रहरी कुकुरको.....✍ प्र स नि अम्बिका के. सी ९९


## साहित्य / विविध


♦ सुरुवात ✍ गंगा खड्का १२
♦ भगवानको समग्ररूप ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत १३
♦ फोटो ✍ लीलाराज दाहाल १६
♦ ओलङ्गङका छालमा कविता ✍ युवराज नयांघरे १७
♦ आमाको बाध्यता ✍ पूर्व प्र व उ विक्रम गुरुङ २२
♦ अमेरिका पुराण ✍ देवकी के. सी २७
♦ नेपाली भाषा व्याकरणमा गरिने साना.......✍ इन्द्रकुमार श्रेष्ठ २८
♦ जीवनको परिभाषा ✍ ममता मृदुल ३१
♦ पुरानो थर्मश र मेरा बा ! ✍ प्र ना उ जयश्वर रिमाल ३२
♦ नेपालमा सार्वजनिक आय स्रोतहरूको......✍ गम्भीर बहादुर हाडा ३७
♦ साथीहरू ✍ डा छायादत्त न्यौपाने 'बगर' ४४
♦ दुप्चेश्वर दर्शन ✍ मधुसुदन प्रसाद घिमिरे ५०
♦ जोमसोम पारि 'निलगिरि' ✍ प्र ना उ भोजराज पाण्डेय ५३
♦ नेपाल उपत्यकाको उत्पत्ति ✍ त्रिचन्द्र प्रतीक्षा ५९
♦ तपाईंलाई सुगर भएछ ! ✍ अधिवक्ता प्रेमराज सिलवाल ६२
♦ 'पूर्वकी रारा' रैतापोखरीमा स्रष्टाहरु.......✍ रवीन्द्र तिमसेना ६६
♦ डेङ्गी पीडा सांस्कृतिक चाड तिहार र......✍ घन बहादुर थापा ७८

♦मित्रता ✍ डा गितु गैरे ८८
♦मुला एक बहुगुणकारी सब्जी ✍ राजेशमान के.सी ९२
♦काँचुली ✍ बिन्दु अधिकारी ढकाल ९५
♦शंका ✍ दिपकराज विश्वकर्मा १०७

## गीत / कविता/ गजल

♦ छ जवाफ ! ✍ बद्री प्रसाद ढकाल ४
♦मुक्तक ✍ तेजविलास अधिकारी २१
♦"यतिखेर म" ✍ प्रकाश बस्नेत 'गफाडी' ३६
♦बालगीत ✍ श्यामकृष्ण डंगोल 'प्रतीक्षा' ४३
♦मानवता ✍ रेणु अधिकारी 'मौनता' ४९
♦युवालाई ✍ विवेक दुलाल क्षेत्री 'दमक' ५२
♦अब ऊठ नारी ! ✍ पदम दाहाल ५८
♦मुक्तक ✍ मात्रिका घिमिरे ६१
♦मुक्तक ✍ एच के घिताल ६५
♦गजल ✍ मस्त पुन मगर ९१
♦मुक्तक ✍मुरारीराज मिश्र ९४
♦कोइली चरी ✍ गङ्गा कर्माचार्य पौडेल ९८
♦ छ्यौ हृदयको पानाभरि ✍ ललिता 'दोषी' १०६
♦ आमा ✍ मुक्तिनाथ पोखरेल ११०

## स्थायी स्तम्भ

♦इतिहासको पानाबाट १११
♦नेपाल प्रहरीसम्बन्धी केही जानकारी संकलन : प्र व ना नि संगिता कार्की १११
♦रसबस संकलन : प्र स नि शरणजंग भण्डारी ११२
♦सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु संकलन : प्र नि सुरेश कुमार हायु ११२

प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# मानव बेचबिखन तथा ओसारपसार कसूरका पीडितको क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण



✍ नायब महान्यायाधिवक्ता
संजीवराज रेग्मी

**कानूनी व्यवस्थाः**

मानव बेचबिखन तथा ओसारपसार कार्यलाई नियन्त्रण गर्ने तथा पीडितको संरक्षण तथा पुनर्स्थापना गर्ने उद्देश्यका साथ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कानून २०६४ सालमा जारी भएको हो। यस ऐनले कसूर मानेको कसूर पीडितले उजुरकर्ताले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्ने, उजुरकर्ताको व्यक्तिगत विवरण गोप्य राख्न सक्ने, पीडित उपस्थित भएमा तत्काल बयान लिई अदालतबाट प्रमाणित गराउने, अदालतमा बकपत्र नभए पनि प्रमाणित बयान प्रमाणयोग्य मानिने, नजिकको जिल्लामा उजुरी गरेकोमा सोही जिल्लाको अदालतबाट बयान प्रमाणित गर्न सकिने,पीडितले छुट्टै कानून व्यवसायी, दोभाषे वा अनुवादक राख्न सक्ने व्यवस्था गरेको छ । पीडितको उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन गरिने व्यवस्था गरिएको छ । पीडितले पाउने क्षतिपूर्तिका सम्बन्धमा मानव बेचबिखन तथा ओसारपसारका कसूरदारलाई भएको जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी पीडितलाई मनासिव क्षतिपूर्ति अदालतले भराईदिनुपर्ने र क्षतिपूर्ति रकम लिन नपाउदै पीडितको मृत्यु भएमा निजको नाबालक छोराछोरीलाई दिइने व्यवस्था ऐनको दफा १७ मा गरिएको छ। यस्ता कसूरका कसूरदारलाई कैदका अलावा दुई लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको हुँदा कम्तीमा एकलाख रूपैयाँ पीडितले क्षतिपूर्ति बापत पाउन सक्ने देखिन्छ । साथै पीडितको चरित्रमा प्रतिकूल असर पर्ने गरी प्रकाशन तथा प्रचार प्रसार गर्न नहुने समेत पीडित संरक्षणका व्यवस्थाहरू गरिएको छ।

अपराध पीडित संरक्षण ऐन २०७५ ले पीडितलाई क्षतिपूर्तिको अधिकार र क्षतिपूर्ति सम्बन्धमा जानकारी

पाउने अधिकार प्रदान गरेको छ । साथै पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनुपरेमा औषधोपचार गराउन वा अन्तरिम रूपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्ने र अदालतले आदेश दिएमा पीडितलाई कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनुपर्ने हुन्छ । कसूरदार ठहर भएमा त्यस्तो रकम कोषमा जम्मा गर्न अदालतले आदेश दिन्छ ।

अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसूरदारबाट पीडितलाई मनासिब रकम क्षतिपूर्ति स्वरूप भराइदिने गरी आदेश गर्न सक्छ। कसूरदारको सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने भएमा वा कसूर स्थापित भई कसूरदारले सफाइ पाएमा पनि पीडित राहत कोषबाट क्षतिपूर्ति रकम अदालतले भराइदिनसक्छ। कसूरदारबाट असुल उपर भएको रकमबाट पहिले पीडितले पाउने क्षतिपूर्तिलाई पहिलो प्राथमिकता दिइने व्यवस्था छ। क्षतिपूर्ति रकम कसूरदारको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुल उपर गरी पीडितलाई उपलब्ध गराईदिनु पर्दछ।

**क्षतिपूर्ति भराउने कार्यविधिः**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनमा क्षतिपूर्ति भराउने कार्यविधि सम्बन्धमा कुनै प्रावधान रहेको छैन । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १६५ को व्यवस्थालाई यसमा प्रयोग गर्न सकिन्छ । यसले पीडित वा हकवालाले पाउने ठहर भएको क्षतिपूर्ति सम्बन्धित व्यक्तिलाई फैसला भएको ६ महिनाभित्र बुझाउनुपर्ने र नबुझाएमा १० हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ । क्षतिपूर्ति नबुझाएमा अन्तिम फैसला भएको ३ वर्षभित्र सम्पत्ति देखाई अदालतमा निवेदन दिन सकिन्छ । अदालतले सम्पत्ति रोक्का वा लिलाम विक्री गरी भराई दिनुपर्ने र धरौट रकम राखेको भए सो रकमबाट भराउन सकिने लगायत कैद गर्न सकिने र कैद गर्दा चार वर्षसम्म कैद गर्न सकिने व्यवस्था गरेको छ ।

**न्यायिक दृष्टिकोणः**

सर्वोच्च अदालतले मानव बेचबिखन तथा ओसापसारका मुद्दामा पीडितलाई क्षतिपूर्ति दिलाउने सम्बन्धमा महत्त्वपूर्ण व्याख्या गरेको पाइन्छ ।

**नेपाल सरकार वि. राजकुमार चौहान समेत नेकाप २०७८ अंक ७ नि नं १०६९७**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा १७ को व्यवस्था पीडितको क्षतिपूर्ति पाउने

हकका लागि बनेको कानूनी व्यवस्था हो । यो व्यवस्थाको कार्यान्वियन नगरिनु पीडित माथिको अन्याय हुन्छ । जिल्ला तथा उच्च अदालत यसमा मौन रहनु उक्त कानूनी व्यवस्थाको प्रतिकूल हुने व्याख्या यस मुद्दामा गरिएको छ।

**नेपाल सरकार वि. शान्ति वि.क नेकाप २०७४ अंक ८ नि नं ९८६८**

- मान बेचबिखनको कसूरमा क्षतिपूर्ति पीडितलाई न्यायको अनुभूति गराउने पुनर्स्थापना र परिपुरणको माध्यम, पीडकले तिर्न नसके राज्यले भर्नुपर्ने र पीडितले पाउने विषय हो । पीडितको यस्तो पीडा सम्बोधन गर्ने माध्यम क्षतिपूर्ति हो । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा १७ (१) र १७ (१)क अनुसार जरिवानाको ५० प्रतिशतमा नघटाई ठहर गर्नुपर्ने हुन्छ । पीडकले तिर्न नसके पुनर्स्थापना कोषबाट भरी पाउने हुँदा अनुसन्धान र अभियोजनको दौरानमा नै यो अवस्थाको सुनिश्चितता गर्नुपर्ने हुन्छ ।

**मिरा ढुंगाना वि.प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय समेत नेकाप २०७० अंक ३ नि.नं ८९७३**

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनको दफा १५ (६) को पीडितलाई सजाय हुने व्यवस्था परिमार्जन गर्नु र पीडितलाई क्षतिपूर्ति दिलाउन ठहर भएको रकमको लागि कोष खडा गरी आवश्यक रकम विनियोजन गर्नु,
- ऐनको दफा १७ बमोजिम भराई दिने ठहर भएको क्षतिपूर्ति रकम भराउने प्रक्रियामा राज्यको संयन्त्रबाट सहयोग र पहल नभए पीडितले न्यायको महसुस गर्न नसक्ने हुँदा प्रहरी कार्यालय समेतले सक्रिय भई पीडितलाई क्षतिपूर्ति भराउने व्यवस्था गर्नु गराउनु,

**ताराबहादुर बस्नेत विरूद्ध नेपाल सरकार नेकाप २०७५ अंक ६ निर्णय नं. १००२५**

- पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ पहिलाको ऐनभन्दा उदार व्यवस्थासहित आएको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लागू नहुने भन्न नमिल्ने,
- कसूर हुँदाका बखत लागू रहेको कानूनले क्षतिपूर्तिको व्यवस्था नगरेको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति नभराउने गरी व्याख्या गर्नु पीडित मैत्री मान्यता अनुकूल नहुने,
- कानूनको उदार व्याख्यासम्बन्धी सिद्धान्तसँग सामञ्जस्यता राख्ने गरी पीडितलाई क्षतिपूर्ति भराउनु मनासिब र औचित्यपूर्ण हुने,

**भागिरथ दाहाल वि. नेपाल सरकार**

**नेकाप २०७४ अंक ६ नि नं ९८२४**

♦ पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्ने वर्तमान कानूनको व्यवस्था वारदातको समयको कानूनमा नरहे पनि पीडितलाई पर्न गएको क्षतिको उपचार पीडितले नपाउने भनी अर्थ गर्न नमिल्ने,

♦ अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न नसकिने तर पीडित राहत शास्त्रले पीडितका प्रति हुन गएको क्षतिलाई अदालत, मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशिलरूपमा हेर्नुपर्ने,

♦ अभियोजन एवं अनुसन्धान पक्ष पीडित राहत मुखी बन्नु उपयुक्त हुने ।♦

---

कविता

# छ जवाफ !



**बद्री प्रसाद ढकाल**

कहिलेकाहीं बेस्सरी डस्छ चेतनाले
टाउको पड्कन खोज्छ
मनमा लाग्छ बेतोडको आगो
मुटुमा ज्वालामूखीको हलचल चल्छ
म मुठ्ठी कसेर बौलाउछु
किन समय मलाई उफार्छ
छ जवाफ कसैसँग !

दाँत बजाउन थाल्छ ताण्डवको सङ्गीत
अगाडिको कुनै वस्तु केही देख्दैन आँखा
योजना धर्ति निलुँला झैं गर्छ
पाउ धर्ति च्यातेर पसुँ झैं गर्छ
यो भयानक स्वरूपमा म घटोत्कच बन्छु
मुठ्ठी कसिएर मास्न चाहन्छ
त्यो कालो अन्धायुग
मेरो अशान्त स्वरूपको लगाम छ कोहीसँग !

म आगो ओकल्न चाहन्छु
मेरो मुटुमा मेरो गीदिमा लागेको
अनगिन्ती डढेलोको
झिल्का झिल्का वमन गर्न चाहन्छु

कति पिउनु चेतना
कति पिउनु आँसुको रगत
किन बौलाउछ युग
किन नृशंस बन्छ मान्छे
छ जवाफ कसैसँग !

म निल्न चाहन्छु कालो रात
जसरी मुख पाएर
सुरसाले निल्न खोजेथिन सिङ्गै हनुमान
म सबै निल्छु
एकएक गरेर असत्यले बेरिएको किल्ला
र बौलाउन चाहन्छु !
किन सहनु सबैले यो कालो छायामा
कालो सहस्र कालो बिहान !
म पर्खन सक्छु र !
यति डरलाग्दो समय
छ जवाफ कसैसँग !

# आपराधिक कार्य



✍ सह-न्यायाधिवक्ता
सोमकान्ता भण्डारी °

## १. भूमिका

राज्यको फौजदारी कानूनले निषेधित गरेको कार्य दोषी मनोभावना राखी गर्नु वा नगर्नु अपराध हुन पुग्दछ । यदि सो कानून विपरीतका कार्य वा आचरण हुन पुगेमा फौजदारी कानून आकर्षित हुन्छ र सजाय गरिन्छ । अपराध कायम हुनका लागि दोषी मनसाय (Mens Rea) ले गरिएको आपराधिक कार्य (Actus Reus) हुन पर्दछ । सामान्यतयाः अपराध हुन यी दुई तत्त्वको आवश्यकता हुने भए पनि निरपेक्ष दायित्व अन्तर्गतका अपराधमा आपराधिक मनसाय परीक्षण गरिँदैन । साथै परदायित्व अन्तर्गतका अपराधमा कर्ताको आपराधिक मनसाय रहेको मानिँदैन । यसकारण आपराधिक मनसाय पुष्टि नहुँदा पनि अपराध हुन सक्दछ तर आपराधिक कार्य स्थापित नभएसम्म अपराध कायम हुनै सक्दैन ।[१] यसर्थ, यो अपराधको अपरिहार्य एवं अनिवार्य रूपमा विद्यमान हुनु पर्ने तत्व हो । यसैले फौजदारी विधिशास्त्रमा आपराधिक कार्य अति नै महत्त्वपूर्ण तत्व पनि हो । फौजदारी विधिशास्त्रमा आपराधिक कार्यका बारेमा धारणागत, दार्शनिक एवं कानूनी रूपमा समेत स्पष्ट हुनु पर्ने विषय हो ।

## २. आपराधिक कार्य र आवश्यकीय तत्वहरू

मानवीय व्यवहारबाट हुन पुगेको फौजदारी कानून विपरीतको कार्यलाई फौजदारी कानूनमा आपराधिक कार्य (Actus Reus) भनिन्छ । आपराधिक कार्य स्थापित नभएसम्म कुनै पनि व्यक्तिलाई दोषी करार गर्न

---

° सहन्यायाधिवक्ता, एलएल. एम., (फौजदारी कानून र संवैधानिक कानून), महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

१. प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, (२०७५), फौजदारी कानूनको सामान्य परिचय, काठमाडौंः पैरवी बुक हाउस प्रा.लि., पृ. ६९-७० ।

सकिदैन । यो अपराध कायम हुनको लागि आवश्यक आधारभूत र अनिवार्य तत्व हो । सबै अपराध स्थापित गर्न आपराधिक मनसाय अनिवार्य मानिँदैन । तर निरपेक्ष दायित्व (Strict liability) अन्तर्गतका अपराधहरूमा यो सिद्धान्त अक्षरसः लागू हुँदैन ।[२] यस अन्तगर्तका अपराध स्थापित गर्न आपराधिक मनसायको परीक्षण गर्न आवश्यक मानिँदैन । निरपेक्ष दायित्व अन्तर्गतका अपराधमा आपराधिक मनसाय हुँदै हुँदैनन् भन्ने चाहिँ होइन । आपराधिक मनसाय परीक्षण नहुने सम्म हो । यस अर्थमा आपराधिक कार्य स्थापित नभएको अवस्थामा अपराध हुनै सक्दैन । आपराधिक कार्यलाई स्वयं फौजदारी कानूनले अपराधको परिभाषा गर्दा नै परिभाषामा समावेश गरिएको हुन्छ । परिभाषा आफैले यसको व्यवस्था गर्ने भएकोले परिभाषा बाहिर यसलाई खोज्नु पर्दैन ।यसैले यसको व्याख्या, फैलावट परिभाषामा जे जसरी व्यवस्था गरिएको छ, त्यसैमा सिमित हुनुपर्ने हुन्छ ।

महाद्वीपीय कानूनी प्रणाली अपनाएका मुलुकहरू जस्तैः फ्रान्स, जर्मनी, इटाली आदिमा Actus Reus भन्ने प्राविधिक शब्दलाई जनाउन Corpus Delicti भन्ने शब्द प्रयोग गर्ने गरेको पाइन्छ । यसलाई अपराधको भौतिक तत्व (Physical Element), वस्तुगत तत्व (Material Element) वा अपराधको बाहिरी तत्व (External Element) पनि भनिन्छ । यसलाई देख्न, छुन, समाउन वा अनुभव गर्न सकिन्छ र भौतिक रूपमा यसको विद्यमानता रहन्छ ।

"Actus Reus" भन्ने प्राविधिक शब्द प्राचीन रोमन भाषाका दुई शब्दहरूको विन्यासबाट भएको हो । रोमन भाषामा Actus को शाब्दिक अर्थ कार्य (Act or Deed) हुन्छ भने Reus को अर्थ कानूनद्वारा रोक वा निषेधित (Prevented or Phohibited by Law) भन्ने हुन्छ । यसरी शाब्दिक रूपमा "Actus Reus" भन्नाले कानूनद्वारा निषेधित वा रोक लगाइएको कार्य भन्ने हुन्छ । Actus Reus अन्तर्गत आधुनिक विधिशास्त्रमा कानूनले निषेध गरेको परिस्थितिमा गरिएको मानवीय व्यवहारले निकालेको निश्चित परिणाम (Result) पर्दछन् । व्यक्तिको कार्यले मात्रै Actus Reus सिर्जना हुने नभई कर्तव्य विमुखता (Omission), प्रतिबन्धित अवस्थामा रहनु (Being in a Prohibited

२. प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, “मुलुकी अपराध संहितामा ज्यान सम्बन्धी अपराधः एक विश्लेषण,” प्रतिपादन, वर्ष ५, अंक १, (२०७५) राष्ट्रिय न्यायिक प्रतिष्ठान, पृ. ९९ ।

Situation) र प्रतिबन्धित वस्तु राख्नु (Being in Possession of a Prohibited Object) ले समेत यसको सिर्जना हुन्छ ।[३] फौजदारी कानूनले अपराधको परिभाषाभित्र पारेको कुनै मानवीय व्यवहार भौतिक रूपबाट गर्नु आपराधिक कार्य हो । यसरी आपराधिक कार्य भन्नाले अपराधको परिभाषामा समावेश गरेको मानसिक तत्व देखि बाहेकका अन्य सम्पूर्ण बाहिरी भौतिक तत्व समावेश भएको मानिन्छ ।

सामान्यतयाः आपराधिक कार्यभित्र निम्न तीन तत्वहरू रहन्छन् । यी तीन तत्वहरू स्थापित वा प्रमाणित भएको अवस्थामा आपराधिक कार्य स्थापित भएको मानिन्छ । यी तत्वहरू देहाय बमोजिम रहेका छन् :

**(क)** इच्छित मानवीय व्यवहार (Voluntary Human Conduct)

**(ख)** फौजदारी कानूनले अपराधको परिभाषामा समावेश गरिएको निश्चित परिस्थितिहरू (Certain Circumstances as Specified by the Criminal Law in Definition of Crime)

**(ग)** निश्चित परिणाम (Certain Consequence) ।

माथि उल्लेखित आपराधिक कार्यका अपरिहार्य तत्वको रूपमा रहने मानवीय व्यवहार (Conduct), परिस्थितिहरू (Circumstances) र परिणाम (Consequence) लाई आधुनिक फौजदारी कानूनमा Formula of C3 पनि भन्ने गरिएको छ । सामान्यतयाः यी मध्ये एक वा सबैको अभाव भएमा आपराधिक कार्य (Actus Reus) स्थापना हुन सक्तैन । तर सबै अपराध हुन यी तीन अवस्था हुन आवश्यक पर्दैन । परिणामजन्य अपराधमा परिणामको अपरिहार्य मानिन्छ । कानूनले परिभाषा गरेको निश्चित परिणाम बिना सो अपराधले पूर्णता प्राप्त गर्दैन । तर आचरणजन्य अपराधमा त्यस्तो परिणामको आवश्यक मानिदैन । किनकि त्यस्तो अपराधमा निषेधित कुनै आचरण गर्नु आफैमा अपराध हुन्छ । सोबाट के परिणाम ल्यायो भन्ने कुराको परीक्षण नै गरिदैन । निषेधित परिस्थितिमा प्रतिबन्धित आचरण गर्नु नै पर्याप्त मानिन्छ ।

## ३. मानवीय व्यवहारका किसिमहरू

आधुनिक फौजदारी कानूनले मानिसले मात्र अपराध गर्न सक्ने धारणा राख्दछ । यसर्थ फौजदारी कानूनले मानवीय व्यवहारलाई मात्र रोक, निषेध वा प्रतिबन्ध लगाउन सक्दछ । यो

१. William Wilson (1998), Criminal Law (1st ed.), London: Longman Law Series, p. 68.

मानवीय व्यवहार कार्य, कर्तव्यविमुखता, परिपञ्च मिलाउनु र कब्जाको माध्यमबाट सिर्जना गर्न सकिन्छ ।

### ३.१ कार्य (Act/Comission)

बहुसंख्यक अपराधहरू कार्यका[४] माध्यमबाट गरिन्छन् । यो आपराधिक कार्य सिर्जना गर्ने पहिलो अवस्था हो । मानिसले स्वयं आफ्नै स्वतन्त्र इच्छाले फौजदारी कानूनद्वारा अपराध घोषणा गरिएको कार्य भौतिक रूपमा आफैं सक्रिय भई आफ्नै इच्छाले मांसपेशी परिचालन गरी गर्ने गराउने गर्दछ । "कार्य" भन्नाले केही गर्नु, केही भन्नु वा लेख्नु समेत पर्दछ । 'गर्नु' भन्नाले स्वयं कर्ताले सक्रिय रूपमा केही गर्नुलाई भन्न खोजिएको हो । 'भन्नु' भन्नाले अरूलाई सिकाउनु, अह्राउनु वा दुरूत्साहन गर्नु समेतलाई भन्न खोजिएको हो र 'लेख्नु' भन्नाले गाली बेइज्जती वा राष्ट्रविप्लव आदि अपराध हुने कुनै कुरा लेख्नु भन्न खोजिएको हो ।

"कार्य" भन्नाले यो त्यस्तो आचरण हो जुन इच्छाको कार्यान्वयनको परिणाम स्वरूप आउँदछ । यो आन्तरिक वा बाह्य दुवै हुन सक्दछ । जस्तै मन मनमा हिसाब गर्नु आन्तरिक कार्य हो र यसलाई व्यावहारिक रूपमै उतार्नु बाह्य कार्य हो । कार्यहरू अनिच्छित पनि हुन सक्दछन् । अस्टिनका अनुसार शरीरको कुनै गति जुन इच्छाको निर्णय विपरीत आएको छ त्यो अनिश्चित कार्य हो, जस्तै निद्रामा हिंड्नु । यसप्रकार अनिच्छित कार्यले आपराधिक कार्य सिर्जना हुन सक्दैन ।

यसरी आपराधिक कार्यको मानवीय आचरण अन्तर्गत कार्य (Act/Comission) एक तत्व हुनका लागि यो इच्छित नै हुनुपर्दछ र इच्छित कार्य हुनका लागि स्वयं आफैंले, अरूलाई अह्राइ, उक्साइ वा दुरूत्साहन गरी वा सिकाइ गर्न सकिन्छ । यसरी अह्राउदा, सिकाउदा वा उक्साउदा उक्त व्यक्तिले आफ्नो इच्छित कार्य मुखका माध्यमबाट परिचालन गरेको मानिन्छ र अपराधको आपराधिक कार्य गरेको ठहर हुन सक्दछ । यस अवस्थामा अह्राउने र सिकाउने व्यक्तिले नाबालक, पागल, वारदातबारे कुनै जानकारी नभएको व्यक्ति, पशुपंक्षी, यन्त्र मानव आदि जस्ता निर्दोष व्यक्ति (Innocent Agent) लाई प्रयोग गर्दछ । अह्राउने वा सिकाउनेले अपराध गर्ने सिलसिलामा

४. मुलुकी अपराध संहिता, २०७४ को दफा २ को खण्ड (ङ) ले यसलाई जनाउन "काम" भन्ने शब्द प्रयोग गरेको छ र "काम" भन्नाले कामहरूको समूह सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम गर्न पर्नेमा नगरेको र गर्न नहुनेमा गरेको काम समेतलाई जनाउँछ भनी परिभाषित गरेको छ ।

वारदातमा कुनै भौतिक कार्य नगरेको भए तापनि वा भौतिक रूपमा उपस्थित नभएको भए तापनि निजले आफैं अपराध गरे सरह दायित्व बेहोर्नु पर्दछ ।

मुलुकी अपराध संहिताको दफा २८ ले "कसैले कुनै बालबालिकालाई फकाइ, सिकाइ वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैले त्यस्तो कसूर गरे सरह सजाय हुने" कानूनी व्यवस्था गरेको छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (६) मा "कसैले बालबालिकालाई सिकाइ, दबाब दिई, अह्राइ, प्रलोभनमा पारी वा जुनसुकै तरिकाबाट कसूरजन्य कार्य गर्न लगाएको भए त्यसरी सिकाउने, दबाब दिने, अह्राउने, प्रलोभनमा पार्ने वा सो कार्य गर्न लगाउने व्यक्तिलाई निज आफैले सो कसूर गरे सरह कानून बमोजिम सजाय हुने" कानूनी व्यवस्था गरेको छ ।

सामान्यतयाः मानवीय आचरणबाट कुनै आपराधिक कार्य सिर्जना हुनका लागि 'कार्य' ले नै प्रमुख तथा केन्द्रीय भूमिका निभाई रहेको हुन्छ । बहुसंख्यक अपराध यसै कार्यकै माध्यमबाट नै सम्पन्न गरिन्छ ।

### ३.२ कर्तव्य विमुखता (Omission)

माथि नै उल्लेख गरी सकियो कि प्राचीन फौजदारी कानून अनुसार कर्तव्य विमुखता (Omission) को अवस्थामा अपराध हुन सक्दैनथ्यो तर आधुनिक फौजदारी कानूनले यो धारणालाई परिवर्तन गरिसकेको छ । आधुनिक फौजदारी कानूनमा कतिपय अवस्थामा कानूनी कर्तव्य भएको व्यक्तिले कानूनले गर्नु भनेको कार्य नगर्न पुगेको वा नगरेको कारणबाट आपराधिक वारदातको परिणाम सिर्जना हुन पुग्दछ भने त्यसरी केही नगरेको कारणबाट वारदातको परिणाम निस्कनु नै यहाँ आपराधिक कार्य अन्तर्गतको मानवीय आचरण सिर्जना हुन पर्याप्त भएको मानिन्छ । यो आपराधिक कार्य सिर्जना गर्ने दोस्रो अवस्था हो ।

सामान्य बोलीचालीको भाषामा कानूनी कर्तव्य भएको व्यक्तिले आफूले गर्न पर्ने केही कार्य 'नगर्नु' लाई कर्तव्य विमुखता भनिन्छ । कुनै पनि सामान्य बुद्धि भएको व्यक्तिले त्यस परिस्थितिमा उक्त कार्य गर्ने आशा गरिएको हुन्छ । जब उक्त आशालाई कानूनले मान्यता दिएको हुन्छ र दण्ड सजाय समेत तोकेको हुन्छ तब हामी भन्दछौं त्यहाँ कुनै कार्य गर्नु कानूनी कर्तव्य हुन्छ । यो कर्तव्य अन्तर्गत एउटा उदाहरणका रूपमा हामी बाबुआमाले आफ्ना केटाकेटीलाई हेरचाह गर्नुपर्ने कुरालाई लिन सक्दछौं । यसप्रकार कर्तव्य विमुखतामा मांसपेशीय

परिचालन नगरिएको अवस्थामा पनि आपराधिक कार्य हुन सक्दछ ।

कानूनी कर्तव्य भएको व्यक्तिले आफ्नो कर्तव्यको पालन नगरेका कारणबाट कुनै आपराधिक वारदात सिर्जना हुने अवस्थालाई कर्तव्य विमुखता भनिन्छ । फौजदारी कानूनमा कतिपय अवस्थामा कर्तव्य विमुखता अर्थात् फौजदारी कानूनले गर्नु भनेको नगरेको अवस्थालाई अपराध घोषणा गरिएको हुन्छ ।

मुलुकी अपराध संहिताको दफा ९६ को उपदफा (१) मा "कुनै कसूर भएको वा हुन लागेको छ भन्ने थाहा पाई त्यस्तो कसूरको जानकारी दिनु पर्ने कानूनी कर्तव्य भएको व्यक्तिले जानकारी नदिई बस्न वा कुनै कसूर भएको थाहा पाएको व्यक्तिले जानीजानी झुठ्ठा जानकारी दिन हुँदैन" भन्ने र दफा १८४ मा आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिलाई फाल्न वा परित्याग गर्न नहुने व्यवस्था गर्दै उपदफा (१) मा "कुनै नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई आफूले हेरचाह वा स्याहार सम्भार गर्ने कर्तव्य भएको व्यक्तिले निजको जीऊ, ज्यानमा खतरा पुग्न सक्ने गरी फाल्न, परित्याग गर्न वा वेवास्ता गरी छोड्न हुँदैन" भन्ने कानूनी व्यवस्था गरेको छ । यसैगरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४६ अनुसार आफ्नो सवारी साधन लाइसेन्स नभएको व्यक्तिलाई चलाउन दिन नहुने, लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ अनुसार आफ्नो घर जग्गामा लागूऔषध राख्न दिन नहुने आदि कानूनी कर्तव्यहरू तोकी सो अनुरूप नगरेमा आपराधिक कार्य हुने व्यवस्था गरिएको छ । यसप्रकार मानवीय आचरणका रूपमा रहेको कर्तव्य विमुखताबाट पनि आपराधिक कार्य हुन सक्दछ । तर यो कानूनी कर्तव्य (Legal Duty) पालना गर्नुपर्ने व्यक्तिले सो आफ्नो दायित्व पूरा नगरेको अवस्थामा कर्तव्य विमुखताको अवस्था सिर्जना हुन्छ।

### ३.३ परिपञ्च मिलाउनु (State of Affairs)

यो आपराधिक कार्य सिर्जना गर्ने तेस्रो अवस्था हो । यस अन्तर्गत निषेधित परिस्थिति, अवस्था वा हैसियत हुनु नै अपराध मानिन्छ । यो आचरणजन्य अपराध (Conduct Crime) हो । यसमा निषेधित परिस्थति, हैसियत, अवस्थाबाट अपराधको परिणाम (Result) आएको हुनु पर्दैन । यदि कुनै परिणाम समेत ल्याउने गरी निषेधित काम गरेको छ भने उसलाई State of Affairs अन्तर्गत नभई कार्य (Act/Commission) अन्तर्गत जुन

प्रकृतिको कसूर गरेको हो सो कसूरमा सजाय गरिन्छ । जस्तैः राष्ट्रिय निकुञ्ज भित्र विना अनुमति प्रवेश मात्र गरेको अवस्थामा State of Affairs को आपराधिक कार्य अन्तर्गत निजलाई सजाय गरिन्छ । तर निकुञ्ज भित्र विना अनुमति प्रवेश गरी संरक्षित जनावर वा पंक्षी मारेमा अब जनावर वा पंक्षी मारेको कार्य अन्तर्गत सजाय गरिन्छ । विना अनुमति प्रवेश गरेको कसूर गौण हुन पुग्दछ । यस अन्तर्गतका कसूरहरू प्रायः निरपेक्ष दायित्व अन्तर्गत पर्दछन् । यो फौजदारी कानूनको विकासको आधुनिकतम् अवधारणा हो ।

### ३.४ कब्जा (Possession)

यो आपराधिक कार्य सिर्जना गर्ने चौथो अवस्था हो । फौजदारी कानूनमा आपराधिक कार्य हुनलाई कुनै कार्य नगरे पनि फौजदारी कानूनले निषेध गरेको वस्तु कसैको साथबाट बरामद भएमा वा निजको साथमा भएमा कब्जा (Possession) भनिन्छ । फौजदारी कानूनले कुनै वस्तु कसैको साथमा रहनु वा निजसँग रहनु नै अपराध मान्दछ । उसले अरू कुनै कार्य नगरेको वा सो निषेधित वस्तुलाई प्रयोग गरेको हुनु पर्दैन । जस्तैः फौजदारी कानूनले लागूऔषध हो भनी परिभाषित गरी सो लागूऔषध ओसारपसार गर्न, प्रयोग गर्न, सञ्चय आदि गर्न रोक लगाएको अवस्थामा कसैको साथबाट, घर डेरा कोठाबाट सो लागूऔषध फेला परेको अवस्थामा सो आफैमा अपराध हुन्छ । यसैगरी प्रचलित कानून बमोजिम अद्यावधिक गरी राख्नु पर्ने वस्तु नियमानुसार अद्यावधिक नगरी राखेमा पनि सो कार्य यस अन्तर्गतको आपराधिक कार्य हुन्छ । जस्तैः कानूनले अनुमति लिएर निश्चित प्रकृतिका हतियार निश्चित समयसम्म आफ्नो साथमा राख्न पाउने कानूनी व्यवस्था भएकोमा सो हतियार पाँच वर्षको लागि अनुमति लिएर राखेको अवस्थामा सो अवधि नाघेपछि पनि पुनः अनुमति नलिई निरन्तर रूपमा हतियार राखेको अवस्थामा सो कार्य आफैमा अपराध हुन्छ ।

त्यसकारण कब्जाजन्य आपराधिक कार्य हुनका लागि कर्ताको कुनै सक्रिय कार्य मात्र पर्याप्त नभई अनावश्यक निस्क्रियता पनि उत्तिकै जिम्मेवार हुन्छ । यसकारण कब्जाजन्य आपराधिक कार्य हुनको लागि कानूनले नियमन गरेको अवस्थामा सो बमोजिम आफू सञ्चालित हुन नसकिएको अवस्था यो प्रकृतिको कार्य हुन पुग्दछ । प्रचलित नेपाल कानूनमा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ ले निषेधित गरेका लागूऔषध कसैको साथबाट बरामद हुन गएमा उसले आफ्नो संलग्नता रहेको पुष्टि गर्न सकेन

भने स्वतः अपराध हुन पुग्दछ ।

**४. निष्कर्ष (Conclision)**

अपराध स्थापित हुन आपराधिक कार्य अनिवार्य तत्व हो । आपराधिक कार्यको पुष्टि नहुँदासम्म अपराध कायम हुन सक्दैन । साथै अपराध कायम हुन आवश्यक पर्ने आपराधिक मनसाय समेत कतिपय अवस्थामा आपराधिक कार्यबाटै परीक्षण गरिन्छ । यो कानूनद्वारा रोक वा निषेधित गरिएको कार्य हो । कानूनले निषेध गरेको परिस्थितिमा गरिएको मानवीय आचरण वा क्रियाकलाप आपराधिक कार्य हो । यस अन्तर्गत व्यक्तिको कार्य मात्र नभई कर्तव्य विमुखता, परिपञ्च मिलाउनु र प्रतिबन्धित वस्तु राख्नुले समेत पर्दछ । हामी कहाँ कार्य बाहेक अन्य आपराधिक कार्य सिर्जना गर्ने मानवीय व्यवहारका बारेमा स्पष्टता रहेको छैन । कानूनी व्यवस्था र अदालती दृष्टिकोष समेत कमजोर रहेको पाउँदछौ । जुन कुरा स्थापित नभएसम्म अपराध मानिँदैन, त्यसका बारेमा अस्पष्टता हुनु फौजदारी न्याय प्रशासनका लागि राम्रो होइन । ♦♦

लघुकथा

# सुरुवात



✍ **गंगा खड्का**

“छोराछोरीका भविष्यकै लागि भए पनि तपाईं अझै दुई चार वर्ष विदेश नै बस्नुपर्थ्यो तर छोडेरै आउनुभएछ ।”

श्रीमती अलि सुर्ताएको देखेपछि शंकरले भने, “तिमी चिन्ता नगर न । विदेशमा पनि कहां सुख छ र ? म आफूले सिकेर आएको सीप र आर्जन यही देशमा खर्च गर्छु । यसो गर्दा छोराछोरीको भविष्यको पनि राम्रो हुने भयो, देशको सेवा पनि हुने भयो ।”

श्रीमतीको चित्त अझै बुझेन । उनले फेरि भनिन्, “भनाइ र गराइमा आकाश पातालको अन्तर छ । ठूलाठूला कुरा गरेर मात्रै मान्छे कहाँ महान् हुन्छ र ?” शंकरले श्रीमतीलाई विश्वस्त बनाउँदै भने, “तिमी निश्चिन्त बन न । मान्छे महान् बनेर काम गर्ने होइन नि त, काम गर्न सुरूवात गरेर पो महान् हुने हो त !

# भगवानको समग्ररूप



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

जब यो भौतिक सृष्टि थिएन, त्यसबेला पनि भगवान हुनुहुन्थ्यो । साथै यस भौतिक सृष्टिको अन्त पछि पनि भगवान रहनुहुन्छ । यस प्रकारबाट जब वास्तविक भगवत तत्त्वको बोद्ध हुन जान्छ तब भौतिक सृष्टिको सत्ता भगवानमा नै लीन हुन पुग्दछ । अर्थात् सृष्टिको स्वतन्त्र सत्ता रहँदैन । यसको तात्पर्य यो होइन कि, संसारको स्वतन्त्र सत्ता नरहँदा संसार मेटि (नष्ट) हाल्ने होइन। बरू अन्तःकरणमा सत्यत्वेन जो संसारको सत्ता र महत्त्व बसेको थियो, जो जीवको कल्याणको बाधक थियो, त्यो रहँदैन। जस्तो सुनका गहनाहरूको अनेक तरहका आकृति र अलग-अलग उपयोग हुंदा पनि उनीहरू सबैमा एउटै कुरा "सुन" हुन्छ। यस्तै भगवभ्दक्तद्वारा अनेक तरहका यथायोग्य संसारिक व्यवहार हुंदा पनि उनीहरू सबैमा एउटै

प्रकृति र प्रकृतिको कार्य-क्रिया, पदार्थ आदि कुराहरूको साथ आफ्नो सम्बन्ध मान्नाले नै सबै विकार पैदा हुने गर्दछन्। साथै ती क्रिया पदार्थ आदिको प्रकटरूपबाट सत्ता देखिन थाल्दछ। तर प्रकृति र प्रकृतिको कार्यबाट सर्वथा सम्बन्ध विच्छेद गरेर भागवत्त्वरूपमा स्थित हुनाले उनीहरूको स्वतन्त्र सत्ता त्यस भगवतत्त्वरूपमा लिन भइहाल्दछ। त्यसपछि फेरि उनीहरूको कुनै स्वतन्त्र सत्ता देखिदैन।

जस्तो, कुनै व्यक्तिको विषयमा हाम्रो जो राम्रो र नराम्रो मान्यता छ, त्यो मान्यता हामीले नै बनाएको हो। तत्वबाट त्यो व्यक्ति भगवान स्वरूप छ । अर्थात् त्यस व्यक्तिमा तत्त्व बाहेक अर्को कुनै स्वतन्त्र व्यक्तित्त्व छदै छैन। यस्तै संसारमा 'यो ठिक छ, यो बेठिक छ' भन्ने ठिक-बेठिकको मान्यता हामीले नै बनाएको हो । तत्त्वबाट संसार भगवानको स्वरूप नै हो । संसारमा जो वर्ण आश्रमको मर्यादा छ, "यस्तो गर्नु पर्दछ र यस्तो गर्नु हुंदैन" यो विधि निषेधको मर्यादा हो, यसलाई महापुरूषहरूले जीवहरूको कल्याणार्थ व्यवहारको लागि लिएको मान्यता मात्र हो ।

भागवततत्त्व हुन्छ, यस्तो अटल बुद्धि रहन्छ । यस तत्त्वलाई सम्झनाको लागि नै गीताको ७-२९ र ३० श्लोकमा समग्ररूपको वर्णन गरिएको छ ।

उपासनाको दृष्टिबाट भगवानको प्रायः दुईवटा रूपहरूको विशेष वर्णन आउदछ । ती सगुण र निर्गुण हुन । उनीहरूमा पनि सगुणको दुईवटा भेद हुन्छ । ती हुन् :
१)सगुण साकार र २) सगुण निराकार।

तर निर्गुणमा दुईवटा भेद (फरक) हुँदैन खाली निर्गुण निराकार मात्र हुन्छ । तर माथि उल्लेख गरे जस्तै निराकारमा दुईवटा भेद (फरक) छ ।
१. सगुण निराकार २. निर्गुण निराकार।

उपासना गर्नेहरू दुईवटा रूचिका हुन्छन् । एउटा सगुण विषयक रूचिवाला हुन्छन् र एक निर्गुण विषयक रूचिवाला हुन्छन् । तर यी दुवै थरिका उपासकहरूको उपासना भगवानको "सगुण-निराकार" रूपबाट नै शुरू हुन्छ । जस्तो परमात्मा प्राप्तिको लागि कुनै पनि साधक प्रयत्न गर्दछ भने पहिले ऊ "परमात्मा" हो । यस प्रकार परमात्माको सत्ताको मान्दछ र "त्यो परमात्मा सबभन्दा श्रेष्ठ छ, सबैभन्दा दयालु छ, ऊ भन्दा माथि कोही छैन" यस्तो भाव साधकको भित्र रहन्छ। त्यसैले उपासना सगुण-निराकारबाट शुरू भयो । यसको कारण यो हो कि, बुद्धि प्रकृति कार्य (सगुण) हुनाले निर्गुण लाई बुझ्न (समात्न) सक्दैन। यसकारण निर्गुणका उपासकहरूको लक्ष्य त निर्गुण-निराकारको नै चिन्तन गर्दछ । सगुणको नै उपासना गर्नेवाला पहिले सगुण-सकार मानेर उपासना गर्दछन्। तर मनमा जबसम्म साकार रूप दृढ हुँदैन तब "प्रभु हुनुहुन्छ र उहाँ मेरो सामुन्ने हुनुहुन्छ" यस्तो मान्यता मुख्य हुन्छ । यस मान्यतामा सगुण भगवानको अभिव्यक्ति जति धेरै हुन्छ त्यतिनै उपासना ठूलो मानिन्छ । अन्तमा जब त्यो सगुण-साकारहरूबाट भगवानको दर्शन, भाषण, स्पर्श र प्रसाद प्राप्त गर्दछ तब उसको उपासना पूर्णता हुन जान्छ।

निर्गुणको उपासना गर्नेवाला परमात्मालाई सम्पूर्ण संसारमा व्यापक सम्झिन्छन् र चिन्तन गर्दछन् । उनीहरूको विचार जति सुक्ष्म भएर जान्छ त्यतिनै उनीहरूको उपासना ठूलो मानिन्छ। अन्तमा सांसारिक आशक्ति र गुणहरूलाई सर्वथा त्याग भएपछि जब 'म', 'त' आदि कुनै पनि रहँदैन खाली चिन्मय-तत्त्व शेष रहन्छ, तब उसको उपासनाको पूर्णता हुन जान्छ।

यस प्रकार दुबैको आफ्नो-आफ्नो उपासनाको पूर्णता भएपछि एकता हुन जान्छ । सगुण -निर्गुणको भेद (फरक) त उपासनाको दृष्टिबाट मात्र

छ । वास्तवमा यी दुवैको उपासनाहरूमा उपास्यतत्त्व एउटै छ । उपासना साधकको रूचि, विश्वास र योग्यता अनुसार हुन्छ । अर्थात् साधकहरूको भिन्न-भिन्न रूचि, विश्वास र योग्यता हुनाको कारण उपासनाहरू पनि भिन्न-भिन्न हुन्छ। तर सम्पूर्ण उपासनाहरूबाट अन्तमा एउटै उपास्यतत्त्वलाई नै 'समग्र ब्रह्म' भनिन्छ।

वास्तवमा परमात्मा सगुण-निर्गुण साकार-निराकार सबै हुनुहुन्छ । सगुण-निर्गुण त उहाँका विशेषण नाम हो । साधक परमात्मालाई गुणहरू सहित मान्दछन् । उनीहरूको लागि सगुण हुन् र साधक उनीलाई गुणहरूबाट रहित मान्दछन् भने तब उसको लागि निर्गुण हुन् । वास्तवमा परमात्मा सगुण तथा निर्गुण दुबै हुनुहुन्छ र दुबै भन्दा अलग पनि हुनुहुन्छ । तर यस वास्तविकताको थाहा तब हुन्छ जब हामीलाई बोध हुन्छ।

भगवानको सौन्दर्य, माधुर्य, ऐश्वर्य, औदार्य आदि जो दिव्य गुण छन् ती गुणहरू सहित सर्वव्यापक परमात्मालाई 'सगुण' भनिन्छ। यस सगुणमा दुईटा भेद हुन्छः

**१) सगुण-निराकारः-** जस्तो आकाश गुण 'शब्द' हो । तर आकाशको कुनै आकार (आकृति) छैन । यसकारण आकाश सगुण-निराकार भयो । यस्तै प्रकृति र प्रकृतिको कार्य संसारमा परिपूर्ण रूपमा व्यापक परमात्माको नाम सगुण-निराकार हो।

**२) सगुण-साकारः-** त्यही सगुण साकार परमात्मा जब आफ्नो दिव्य प्रकृतिलाई अधिष्ठित गरेर आफ्नो योगमायाबाट मानिसको सामुन्ने प्रकट हुनुहुन्छ। प्राणीहरूको इन्द्रियहरूको विषय बन्नु हुन्छ तब परमात्मालाई सगुण-साकार भनिन्छ । सगुण त उहाँ हुनु नै हुन्थ्यो आकृतियुक्त प्रकट भएपछि उहाँलाई साकार भनिन्छ । (रामा, कृष्ण)

जब साधक परमात्मालाई दिव्य अलौकिक गुणहरूबाट समेत रहित मान्दछन् अर्थात् साधकको दृष्टि केवल निर्गुण परमात्माको तर्फ रहन्छ, तब परमात्माको त्यो स्वरूलाई निर्गुण निराकार भनिन्छ । (ब्रह्म) गुणहरूको पनि दुईवटा भेद हुन्छः

१)परमात्माको स्वरूपभूत सौन्दर्य, माधुर्य, ऐश्वर्य र औदार्य आदि दिव्य अलौकिक, अप्राकृतिक गुण र

२) प्रकृतिको सत्त्व, रज र तम गुण ।

परमात्मा चाहे सगुण-निराकार हुन् चाहे सगुण-साकार उनी प्रकृतिको सत्त्व, रज र तम तिनै गुणहरूबाट सर्वथा रहित छन्, अतित छन् । तैपनि उनी प्रकृतिको गुणहरूलाई स्विकार गरेर सृष्टिको उत्पत्ति, स्थिति र प्रलयको लिला गर्नु हुन्छ । तैपनि उहाँ प्रकृतिको

गुणहरूबाट सर्वथा रहित नै रहनु हुन्छ। (गीता-७-१३)

जो परमात्मा गुणहरूबाट कहिले बाधिन हुँदैन । जसको गुणहरू माथि पूर्ण आधिपत्य हुन्छ । तिनै परमात्मा गुणहरूबाट बाधिएका भए र गुणहरूको अधिन्त भएको भए तब उनी कहिले निर्गुण हुन सक्दैनथे । निर्गुण त तिनै हुन सक्दछन् जो गुणहरूबाट सर्वथा अतित छन् । यस्ता परमात्मानै सम्पूर्ण गुण रहन सक्दछन् । यसैकारण परमात्मालाई सगुण-निर्गुण साकार-निराकार आदि सबै कुरा भन्न सकिन्छ । यस्ता परमात्मालाई नै गीताको (७-२९ र ३०) श्लोकमा समग्ररूपमा वर्णन गरिएको छ । ♦♦

लघुकथा

# फोटो



✍ **लीलाराज दाहाल**

बिहान बिहानै हाकिम सुवर्णकुमार कार्यालयको बजेटबाट किनिएको गोरखापत्र पढ्दै थिए । कार्यालय सहयोगी बलबहादुर चिया टेबलमा राखेर उभिएको थियो । सायद हाकिमको नयाँ आदेशको पर्खाइमा थियो ।

चियाको गिलास टिप्नका लागि हाकिमले गोरखापत्रलाई फुत्त टेबलमाथि फालेर आङ्ग तन्काए । हाकिमद्वारा फालिएको गोरखापत्रमा छापिएको एउटा फोटोमा पुगेर कार्यालय सहयोगीका आँखा अडिए । नजिकबाट हेरेर उसले फोटो एकिन गर्यो र खुसीले चिच्यायो !

“हाकिम साब ! यो पत्रिकामा त हाम्रो अफिसको खर्दार साबको फोटो पो आएको रहेछ त ! के अचम्मको कुरा देख्न पाइयो गाँठे !” कार्यालय सहयोगी बलबहादुर खुसीले झण्डै उफ्रिएको थियो ।

कार्यालय सहयोगीको कुरालाई खासै वास्ता नगरे पनि हाकिमले फेरि गोरखापत्र टिपेर उसले सङ्केत गरेतिर नजर डुलाए । आफ्नै अफिसको कर्मचारीको फोटो चिन्न उनलाई धेरैबेर लागेन । उनी फोटोमुनि छापिएको रचना पनि नियाल्दै थिए ।

“हाम्रै नवराज खर्दार साबको फोटो होइन त हजुर ?” कार्यालय सहयोगीले हाकिमको अनुहार नियाल्दै फेरि सोध्यो । हाकिम साब तत्काल केही बोलेनन् । उनी कुर्सीमाथि स्थिर भएर बसे पनि मनमनै ईर्ष्याको पिङ्ग खेल्दै थिए । उनको अनुहारमा अलिकता आवेगको रङ्ग चढेको थियो ।

उनले अलि झर्केर भने, “हाम्रो खर्दारको फोटो होइन यो ! खर्दारको रचना के छापिन्थ्यो गोरखापत्रमा !”

नियात्रा

# ओलङ्गङका छालमा कविता



✍ युवराज नयाँघरे

छुटी त गयो सात बजेको रेल !

अब थप आधी घण्टा मैले कुर्नैपर्ने भो । शनिबार र आइतबारका दिन सिडनीका रेलहरू यसै पनि कम चल्छन् । ब्ल्याक टाउनबाट आठ बजेको रेल समात्ने मेसो मिल्ने देखियो । म छट्पटिएको थिएँ समयमा नपुगुँला भनेर !

'काका, तपाईं दुइटा ट्रेन चढेर पुग्दा नि बोलाउनेहरू तयार भएका हुँदैनन् । हेर्नु होला !'

मलाई रेल स्टेशनमा छोडेर जाने बेलामा मेरिना सुवेदीले भनेकी थिइन् । उनीसँग छुट्टिए लगत्तै म रेडफनसम्मको रेल चढी पुगें । त्यसपछि फेरि अर्को रेल चढी कोग्राह हुइँकिएको थिएँ ।

सिटीतिर चल्ने रेलका ढोकैमा ठाउँ सहितका नाम आउने र जाने गरिरहन्थे । सँगसँगै माइकबाट भट्याउने पनि गरिन्थ्यो । तर कोग्राहतिर लाग्दा निकै डराइरहेको थिएँ म ।

रेलमा त्यो आउने-जाने नाम र सूची पनि थिएन । कतैबाट उद्घोषण पनि भएको छैन । फेरि यो कहिल्यै नआएको ठाउँ पर्‍यो मेरा लागि । भित्रभित्रै औधी लुगलुगाएँ म ।

'केटा, झ्यालमा बस् !'

म बसिरहेको ठाउँ छोडेर झ्यालतिर पुगें । यहाँबाट रेल रोकिने ठाउँ देखिन्थ्यो मज्जैले ।

एउटी बेलायती गोरी म जत्तिकै अत्तालिएकी थिई । मैले नि उसलाई, उसले पनि मलाई आफू नौलो भएको दुखेसो पोखेथ्यौं । म अङ्ग्रेजी नजान्ने, ऊ झक्कुमार जानेर नि अल्मलिएकी थिई । दुबैका आँखामा थियो नयाँ ठाउँको चञ्चलता ।

केही पछि ऊ अगाडि लागी । म झरें कोग्राह ।

'आइपुग्नु भयो ?'

फोन आयो । ममता सापकोटाले स्टेशनमा झरे लगत्तै सोधेकी थिइन् मलाई । आफू झरेको र स्टेशनबाट बाहिरिन लागेको बताएँ ।

'ओर्लेको ठाउँमै उभिरहनु । कविता सुन्नेको हल आउँदैछ दाजै । पर्खनु दस-पन्ध्र मिनेट !'

'अझै दस-पन्ध्र मिनेट ?' ममतालाई असन्तोष देखाएँ फोनमै । उनले खित्काएर टारिन् ।

भतिजी मेरिनाले भनेको सोह्रै आना सत्य निस्कियो । मलाई घुमाउन र डुलाउन बोलाउनेहरू पर्खाइरहेका थिए । ताप्के तातेन, बीँड तातेर के काम !

खल्तीको मोबाइलले यताउता फोटो खिचेँ । पैसा खसालेर एउटा कोक किनेँ-स्टेशनमा राखिएको सुनसान पसलबाट । पसले हुँदैनन्, सामान हुन्छ टनाटन । भित्ताको सूची हेऱ्यो अनि डलर खसालेपछि पिउने पानी, जुस, बिस्कुट आदि झिक्न मिल्छ । हरेक कुरा कम्प्युटर र क्यामेराबाट निर्देशित हुन्छन् ती पसलहरू । त्यही भएर त्यस्ता पसलका नाम मैले 'चकमन्ने' राखेको थिएँ ।

स्टेशनको एक ठाउँबाट अर्को ठाउँसम्म ओहोरदोहोर गरिरहेको छु । माथि टुप्पीसम्म टोपी लाएका, तल चैँ खल्ती बाहिर निकालेर हुनसम्म छोटो पारी अनौठा लुगा लाउनेहरू देखेर अवाक् बन्छु म । आँखालाई जवाफ छैन ।

फेसन हो कि ? बनोट नै यस्तै हो कि ? शरीरले यस्तै चाहेको हो कि ? बनाउने फुर्सद नभएर हो कि ? चलनै यस्तै हो कि ? अनेकौँ 'हो कि-हो कि' मै अल्झिन्छ मन ।

समय कटाउनु छ मलाई त !

आए है साथीहरू । परैबाट चिनेँ ममतालाई । उनले अरूलाई चिनाइन्-सविना न्यौपाने, पूजा काफ्ले, दीपा बस्याल । छिनभरमै थपिए रोनी न्यौपाने । सबैको व्यवहार र हृदय मायालु अनि हार्दिक । परदेशका हरेक अनुहारमा आफन्तको लेपन हुन्छ । हरेक बोलीमा चिनारूको मल्हम भेटिन्छ ।

'दाजै, अब कवितामय हुन्छ दिन !'

ममताका आँखा बोल्छन् । बोलीमा त्यही छ छनक ।

कोग्राहबाट छुटेको रेल फेर्नु पऱ्यो फेरि नि । त्यहीँ भेटिए केशव र रोमा ढकाल । ती झन् रमाइला र कवि-मनका रैछन् ।

'डलर थपिदिऊँ ओपल कार्डमा ?'

रेल चढ्दा कार्ड छुवाउने आग्लोनिर पुग्दा ममताको पोखियो थप ममत्व ।

'छ । आजको लागि हिजै बीस डलर हालेको छु !'

अनि हामी हुइँकिएका थियौँ अर्को लम्बेतान रेलमा । चारपाँच स्टेशन कटेपछि अस्टिनमेर आयो । एक हुल

किशोरीहरू पसे बेस्सरी कराउँदै । ती पनि ओलङ्गङ जाँदै रहेछन् । बडेमान शरीरका ती किशोरीहरू मुस्किलले बाह्र-तेह्र वर्षका थिए ।

'यी टोगो जातिका हुन् । साच्है ठूला ज्यानका हुन्छन् !'

मेरा आँखाले ममताबाटै उत्तर पाए ।

झ्यालमा बसेर घना वनमा डुलाइरहेको छु मन । पातला बस्ती, आँखाले नभ्याउनेसम्मको हरियालीमा मन र चेतनाको बुर्कुसीलाई रोक्दै-छोड्दै गरिरहेको छु । रेलमा गफ्फिनेहरूको कुरा झन् तीव्र गतिको छ । हाँसो र गफले रेलको हलचल जितेको देख्छु म ।

'कविता चाहियो !'

सविना, दीपा, ममताको आग्रह एउटै ।

म गम्भीर बन्छु । उनीहरू पछि लागेका छन् मेरो कविता सुनिछाड्ने ! कुरो घुमाई-घुमाई कुरा गर्छन् कविताकै ।

'कविता सुन्न पाऊँ !'

रोमा, केशव र रोनीको माग छ झनै चर्को ।

कविताले खोजेको दर्शन यो रेलको दगुराइसँगै छ । कविताले पर्गेलेको सङ्गीत यो रेलको हुइँकाइसँगै छ । कविताले खोजेको अन्तर्भाव यो रेलको लम्काइसँगै छ ।

तर यी सहज र हार्दिक हृदयसँग 'कविता छैन' भन्न सकिरहेको छैन म । तिनलाई कविता नभएको हप्कीदप्की लगाउन सकिरहेको छैन । कविताको आगोले राप्पिएको भावनामा तपतप भएको बताउँदै भन्छु-'म सात कक्षामा लेखेको कविता सुनाउँछु है । पर्खनुस् केही छिन ।'

ठूला-ठूला चट्टान काटेर बनेका बाटो देखेर उहापोह हुन्छ छाती । रातो माटोमा सुलुत्त-सुलुत्त उम्रेका बोटले अकास ताकेकै छन् । घना झाडी टुप्लुकिइरहन्छ । ठाउँ-ठाउँमा कङ्गारू भएको सूचनापाटी झुल्कन्छन् । राता चट्टान पखाल्न झरेका पानीका कुलेसा देख्छु भीरतिर ।

ओनोना पुग्दा धेरै मान्छे झरे ।

दक्षिणतिर समुद्रको अथाह जलभण्डार नीलाम्मे भएको रहेछ । आँखाले झ्वाट्ट देख्दा अपार मीठो आनन्दी मनमा मुस्कायो । समुद्रको छाल छातीभित्र सरर्र पसेजस्तै भयो ।

'कविता खोई त ?'

रोनीले कोट्याए ।

म जर्खरिएर समुद्रतिरै मुन्टो फर्काएर बसें । जङ्गलको फेदसम्म गम्भीर भएर फैलिएको हिन्द महासागरको अदभूत् छायाँमा लापत्ता भयो मेरो कविता । समुद्रले दिएको आकारमा मेरो कविताको धुकधुकी चल्मलाउन सकेन ।

बेलाम्बी, कोरिमल हुँदै नर्थ ओलङ्गङ पुग्यो रेल । मैले कविता कथ्न सकिनँ ।

हप्तैपिच्छे जस्तो कसैको मामा भएर, कसैको भान्जा भएर, कसैको ज्वाइँ भएर, कसैको जेठान भएर विभिन्न पास्नी, जन्मदिन र वैवाहिक वर्षगाँठमा गइरहेको हाँसोठट्टा रमाइलो पाराले बताइरहेथे रोनी ।

तर त्यो रमाइलोभित्र संस्कृति लुकेको थियो, नेपाली परम्परा जोडिएको थियो, त्यो रीतिभित्र नेपाली चालचलन टाँसिएको थियो । अझ चोखो रूपमा नेपाली जातिको अकाट्य हार्दिकता पोखिएको थियो ।

मैले रोनीलाई भनें पनि- 'तपाईं सधैं भान्जा नै बन्नुस् । तपाईं सधैं मामा नै बनिरहन पाउनुस् !'

रेल दगुरिरहेको छ ।

ओलङ्गङमा पुगेर घ्याच्चै रोकिएपछि एकै चोटि कराए सबै- 'खोई त कविता ?'

'आउँछ !'

यत्ति भनेर अगाडि-अगाडि लम्किरहें म ।

ओलङ्गङ सिटीमा ओर्लेपछि हाम्रो हुल अल्मलियो । केशव जोडीले छोराको खोजीनितीमा मन लगाए । रोनी, ममता र सविनाले बाटो पहिल्याउन आँखा तिखारे । मैले त खुट्टा मात्र तगडा पारें ।

ती जता भन्छन् लम्किनै तयार भएँ । रोनी पो अष्ट्रेलिया पढेर खग्गु । उनले वरपर बुझेर गाडी आउने पत्तो पाएछन् । तर गाडीमा जाने-नजाने भनेर गलबदी परिरहे पनि बाटो भने काटिरह्यौं हामीले ।

'हिंड्नै पाए हुने !'

सुकिला बाटा, अग्ला भवन, मन्द हावा र चखिलो घामको स्वादलाई पढ्न खोजिरहेको थिएँ म ।

'कविता आएन त ?'

साथीहरूले खैखबरी गर्न छोडेनन् ।

मैले ओलङ्गङ सिटी बीच जाने सङ्केत- बाटोमा खुट्टा मोरेर उनीहरूतिर मुस्कान फ्याकें ।

त्यो मुस्कानमा थियो- कविताको तपस्या, कविताको विषय, कविताको प्रस्तुति, कविताको उरालधुराल । कविताको अथाह सौन्दर्य समात्न कहाँ सजिलो हुन्छ र ! कविताको नदीमा हेलिन कहाँ सामान्य हुन्छ र ! कविताको विराट् आकाश निहाल्न कहाँ लर्तरो हुन्छ र !

ओलङ्गङ सिटी बीच जाने बस भेटिएपछि हामी चढी पनि हाल्यौं । बसमा मात्र हामी आठ जना । सबै नेपाली । सबैले चर्को स्वरमा आफ्नो खुसी, आफ्नो आनन्दी र आफ्नो उत्फुल्ल पोख्न थालिहाल्यौं ।

ओरालो सरर्र झरेपछि हामी पनि ओर्लनु पर्‍यो । अनि फाँटिलो चौर नाघेर यस्तै पाँच-सात मिनेट हिंडी नसक्दै देखियो अथाह निलो समुद्र ।

यही रहेछ ओलङ्गङ सिटी बीच !

पूर्वबाट फैलेर उत्तर हुँदै पश्चिमसम्म लमतन्निएको ओलङ्गङ सिटी बीचमा आँखाले देखेसम्म पानी जहाजका लस्कर थिए । पहेंला चुच्चा गरेका सेता चीलहरू हाम्रा काँधमा बस्न झुत्ती खेल्थे ।

आज छुट्टीको दिन रै'छ !

घुम्न आउनेको लस्कर अनगिन्ती थियो । बालबच्चा, बूढाबूढीभन्दा बढ्ता थिए- तरूनातरूनीहरू ।

पूर्व-पश्चिमका दुई ठूला चौरमा अग्ला न अग्ला 'दुरबीने घर' हरू थिए । पूर्वपट्टिको 'कोस्टल टावर' नजिकै एउटा बडेमानको तोप थियो । समुद्रको अनन्त दुरीलाई त्यसले ताकेको लाग्थ्यो । साथीहरू तोप र टावर नजिकै घुमिरहेथे ।

पश्चिमतिर अकास्सिएका धुँवैधुँवाका लहर हेर्दै समुद्रका सङ्ला छाल हेर्न चुकिनँ । थाकेका आँखाले ओलङ्गङ बीचलाई गलेको पाराले पढेनन् ।

निलो समुद्र । आँखाले भेटेसम्म उस्तै र उही रङले आफ्नो विस्तार चारै दिशामा फैलाएको छ । हरियो समुद्र । परेलीले देखेसम्म एकै र एउटै रङको विस्तार दर्गदिशामा पोखेको छ ।

ओलङ्गङबाट बिदा हुंदा मैले समुद्रजस्तै भरिभराउ रूप छातीमा टाँसेको थिएँ । आँखा थिए तृप्त र सन्तुष्ट । अघाएर शान्त भयो मेरा ज्यान ।

समुद्रका सेता छालमा थिए मैले लेख्ने कविताका शब्दहरू ! ♦

## मुक्तक



✍ **तेजविलास अधिकारी**

पढ छोरा तेरै लागि हो आमाको कुरा
गर छोरा तेरै लागि हो बाबाको कुरा
किन पढ्न पर्यो किन गर्न पर्यो भन्थे
आज गला लाग्दैछ पाकाका कुरा ।१।

पानी मात्र भएर हुन्न खेती
मल मात्र भएर पनि हुन्न खेती
माटो, मल र पानीको संयोजन
मेहनत पनि थपे पछि हुन्छ खेती ।२।

भोलि भन्न हुन्न, भन्न मन लाग्छ
दिन गन्न हुन्न, गन्न मन लाग्छ
जे हुँदैन भन्छन् नि मान्छेहरूले
त्यही-त्यही गर्न, भन्न मन लाग्छ ।३।

कथा

# आमाको बाध्यता



✍ पूर्व प्र.व.उ.विक्रम गुरुङ

रानीपाकड नवलपरासी जिल्लाको एउटा गाउँ हो । त्यस गाउँमा बस्ने दिलकुमारीको श्रीमान् सुदर्शनको केही वर्ष अघि मृत्यु भएको थियो । सुदर्शनको त्यस गाउँमा आफ्नै केही खेतीयोग्य जमिन र घर थियो । जुन दिलमायाले आफ्नो श्रीमानबाट पाएकी थिइन् । यस बाहेक उनको दुई छोरा र एक छोरी पनि थिए । सुदर्शनको मृत्यु हुँदा दिलमायाका तीनै सन्तान सानै थिए । श्रीमानको मृत्युपछि उनले आफ्ना तीन छोराछोरीलाई निकै कष्ट गरेर हुर्काएकी थिइन् ।

उनको भविष्य र आशा यी छोराछोरीहरूमा निर्भर थियो । छोराछोरी हुर्केर योग्य भए भने बुढेसकालमा आफ्नो सहारा बन्नेछन् भन्ने उनले सोचेकी थिइन । तर त्यस्तो हुन सकेन । किनभने एउटा कुरा थाहा नपाउने किसिमले दिलमायाको घरमा प्रवेश गर्‍यो, जसले उनको परिवारलाई विनाशको बाटोमा पुर्‍यायो । त्यो चीज थियो लागूपदार्थ । यो घातक लागूपदार्थले नवलपरासीका गाउँहरू र उनको घरमा विनाश गरिरहेको थियो । दिलमायाका दुई छोराहरू हुर्किएपछि मेहनत गरेर केही गर्लान भन्ने थियो तर उनीहरू उल्टो घरलाई बर्बाद गर्ने लतमा फसे । यही नशाको कारणले दिलमायाको एउटा छोराको अकालमै मृत्यु भयो । छोराको असामयिक मृत्युले दिलमायालाई स्तब्ध बनायो । कान्छो छोराको असामयिक मृत्युबाट डराएकी दिलमायाले आफ्नो अर्को छोरा शम्भुको चिन्ताले सताउन थाल्यो किनभने शम्भु पनि लागूऔषध दुर्व्यसनको जालोमा फसिसकेको थियो । चिन्तित दिलमायाले छोराको विवाह गरिदिने हो भने उसले लागूऔषधको कुलत त्याग्न सक्छ कि भन्ने विचार गरी छोराको विवाहको लागि दौडधुप गर्न थालिन् । उनको दौडधुपले लागूपदार्थ दुर्व्यसनी शम्भुको विवाह पनि भयो । विवाहपछि शम्भुमा केही सुधार पनि देखियो । छोराको अवस्था सुध्रिएको देखेर दिलमायाले निकै राहत महसुस गरिन् ।

तर यो अवस्था धेरै समय टिक्न सकेन । विवाहको केही दिनसम्म सुध्रिएको शम्भु फेरि पहिलेभन्दा बढी लागूपदार्थ तर्फ लाग्यो । जसका कारण घरमा दैनिक कलह हुन थाल्यो । दिलमायाको जीवन झन समस्याको भुमरीमा पऱ्यो । यसअघि उनले लागूपदार्थ दुर्व्यसनी छोरालाई मात्र हेर्नु परेको थियो तर अब बुहारी घरमा आएपछि उनी झनै कमजोर भइन् । घरायसी खर्च बढे पनि जिम्मेवारी प्रति अनुत्तरदायी शम्भुले कमाएको जति मदिरामै खर्च गर्ने गर्थ्यो । यसले घरमा अशान्ति र कलहको वातावरण सिर्जना हुनु स्वभाविक थियो ।

घरको लगातार बिग्रँदै गएको वातावरणबाट चिन्तित दिलमायाले एक्ली छोरी सरलालाई कुनै न कुनै तरहले विवाह गरेर पठाइन् । सरलालाई विवाह गरेर पठाएपछि घरको अवस्था सुध्रिनुको सट्टा झन बिग्रियो । यसैबीच, लागूऔषध दुर्व्यसनी शम्भु दुई सन्तानका बाबु बन्यो । सन्तानको जिम्मेवारी काँधमा आएपछि पनि शम्भुमा कुनै परिवर्तन आएन । उसको लागूपदार्थ सेवन गर्ने बानी उस्तै थियो । यस्तो अवस्थामा घरायसी खर्च कसरी चल्न सक्थ्यो ? आर्थिक समस्याको हल निकाल्न दिलमायाले घरको एक भाग दामोदर भन्ने व्यक्तिलाई भाडामा दिएकी थिइन् । लागूपदार्थ दुर्व्यसनी शम्भुलाई आमाको यो कदम पटक्कै मन परेको थिएन । यसबाट आक्रोशित भएर उसले घरमा झन् झगडा गर्न थाल्यो । तर जब आमा दिलमायाले भाडामा राख्ने आफ्नो निर्णय परिवर्तन गरिनन्, ऊ चुप भयो । अब उसको गिद्धे नजर भाडाको रकममा थियो । भाडाबाट आउने पैसा दिलमायाको लागि सहारा बनेको थियो। तर यो कुरा शम्भुले सहन गर्न सकेन । यही विषयलाई लिएर उसले भाडामा बस्ने दामोदरसँग पनि झगडा गर्न थाल्यो । ऊ आफैं भाडा लिन चाहन्थ्यो, तर दामोदरले दिलमायालाई नै भाडा दिने गर्दथ्यो । शम्भुको लागूपदार्थ दुर्व्यसनबारे सचेत दामोदरले कुनै पनि हालतमा उसलाई भाडा दिन चाहँदैनथ्यो ।

जतिबेला पनि नशामा डुबिरहने शम्भुले अब त सम्बन्धको मर्यादा समेत बिर्सिसकेको थियो । आवेशमा उसले भाडामा बस्ने दामोदर र आमाको चरित्रको बारेमा नकारात्मक कुराहरू गर्न थाल्यो । उनी विधवा थिइन् र उनको उमेर ६० वर्षभन्दा माथि कटिसकेको थियो । अब यो उमेरमा दिलमायाको चरित्रको बारेमा आफ्नै छोराले आक्षेप लगाउनु त्यो उनको लागि मरेतुल्य कुरा थियो । छोराले आफ्नो चरित्र माथि औंला ठड्याउँदा दिलमाया यति दुःखी भइन् कि उनले आक्रोशित हुँदै भनिन्, "दुनियाँ देखि डर मान छोरा, यस्तो आरोप नलगा,

यस्तो नहोस् कि एक दिन म तेरो आमा हुँ भनेर बिर्सिनु परोस् ।"

शम्भुले आमा दिलमायाको यो चेतावनीलाई बुझ्न सकेन । दुर्व्यसनले शम्भुलाई पूरै निकम्मा बनाएको थियो । उसले लगभग काम गर्न छोडेको थियो । लागूपदार्थ नपाउँदा उसको अवस्था पागल जस्तै हुन्थ्यो । आमा र श्रीमतीसँग लागूपदार्थको लागि पैसा माग्थ्यो । पैसा नपाउँदा दुबैलाई कुटपिट र झगडा गर्ने गर्दथ्यो । यति मात्र होइन, अन्त्यमा उसले घरबाट कुनै पनि बहुमूल्य वस्तु लगेर बजारमा बेची लागूपदार्थ किन्ने गर्थ्यो । यस्तो अवस्थामा दिलमायाको मनमा छोरा प्रति कहिल्यै भलो होस भनेर सोचिनन् ।

शम्भुसँग बस्नु आमा दिलमायको बाध्यता थियो । न त आफ्नो घर छोड्न सक्थिन् न त लागूपदार्थ दुर्व्यसनी छोरालाई । दिलमायाले छोरालाई घर छोड्न भन्ने गर्थिन । तर शम्भुबाट दुई सन्तानकी आमा बनेकी अञ्जलीका लागि त्यस्तो कुनै बाध्यता थिएन । एक दिन अञ्जली आफ्नो दुर्व्यसनी र उद्देश्यविहीन लोग्नेको दुर्व्यवहार र कुटपिटबाट दिक्क भई दुबै छोराछोरीलाई लिएर आफ्नो माइत गइन् । दिलमायाले बुहारीलाई रोक्न धेरै प्रयास गरिन्, तर उनी मानिनन् । बुहारी अञ्जलीले भनिन्, 'तपाईं छोरो मान्छे होइन, पशु हो । मैले मेरो छोराछोरीको भविष्य हेर्नुछ । यो नर्कमा पशुको पत्नी बनेर बस्नुको सट्टा आफूलाई विधुवा सम्झेर आमाबुबाको घरमा बस्नु राम्रो हुनेछ ।' अञ्जली छोराछोरी लिएर माइत गइन् । त्यसपछि त्यो घरमा दिलमाया, शम्भु र भाडामा बस्ने दामोदर मात्र थिए । श्रीमती र छोराछोरीले घर छोडेर गएपछि निराश दुर्व्यसनी शम्भु झनै हिंस्रक बन्दै गयो । अब उसको प्रत्यक्ष निशाना आमा दिलमाया र दामोदर माथि थियो ।

आमा दिलमायाको चरित्रमा फेरि औंला उठाउँदै शम्भुले भाडामा बस्ने दामोदरलाई घरबाट निकाल्न दबाब दिन थाल्यो । त्यसमा दिलमायाले छोरालाई गाली गर्दै भनिन्, "तँ जस्तो निकम्मालाई स्वास्नीले छोडेर गइसकेको छ । अब भाडामा बस्नेलाई पनि निकालिस् भने हामी कसरी बाँच्ने ? कमसेकम हामीले दिनको दुई छाक खान त पाएका छौं त्यो पनि जान्छ ।"

"यदि भाडामा बस्नेलाई नहटाउने हो भने, जग्गा बेच्ने" शम्भुले भन्यो । शम्भुको कुरा सुनेर आमा दिलमायाको शरीरमा बिजुलीको करेण्ट लागे जस्तो भयो । आमा दिलमायाले भनिन्, "यो पुर्खाको मेहनतले जोडेको सम्पत्ति तेरो नशाको लागि बेच्ने ? यो कुनै पनि हालतमा हुने छैन । मसँग अब यो जग्गाको बारेमा कहिल्यै कुरा नगर्नु ।

म तँलाई बेच्न सक्छु, तर यो जग्गा बेच्ने छैन ।"

"त्यसो भए यो जग्गा भाडामा बस्ने नाठोको लागि राखेको हो ?" शम्भुले कुनै अफ्ठ्यारो नमानी आमालाई आरोप लगायो । छोराको मुखबाट निस्केका यी शब्दले आमा दिलमायाको मन छियाछिया भयो । छोराको लागि असिमित माया गर्ने आमाको मनमा भयानक घृणा जन्मियो । यस्तो डरलाग्दो घृणा, जसका कारण आमाले यी सबै सोच्न बाध्य भइन्, जुन कुरा जन्म दिने आमाले विरलै सोचेका होलान् । छोराप्रति घृणाले भरिएको दिलमायाको मनमा उठेको विचार परिपक्व भएर मनसायमा परिणत हुन केही समय लाग्यो । यसबीचमा उनी आफैसँग लडिरहेकी थिइन् ।

उनी जे गर्ने सोचमा थिइन, एउटी आमालाई त्यो गर्न सजिलो थिएन । अर्कोतर्फ आमा भित्रको आन्तरिक द्वन्द्वबारे अनविज्ञ शम्भुले पनि उनलाई दुःख दिन छोडेन । आमालाई कुटपिट र गाली गर्नु सामान्य भइसकेको थियो । घरमा केही यस्तो कुरा बाँकी रहेन जुन शम्भुले आफ्नो चाहना पूरा गर्न बेचेर खायो । शम्भुको प्रयास अहिले गाउँमा रहेको आमा दिलमायाको नाममा रहेको पुर्खाको जग्गा बेच्नु थियो । यसका लागि उसले जबरजस्ती पनि गरिरहेको थियो । यसका लागि ऊ जे गर्न पनि तयार देखिन्थ्यो । दिलमायालाई लाग्न थाल्यो कि कुनै दिन लागूपदार्थ दुर्व्यसनी छोराले जमिनको लागि घाँटी थिचेर मार्नेछ । पछिल्ला केही दिनदेखि उनको मनभित्र यही कुराको अर्न्तद्वन्द्व चलिरहेको थियो । आमा छोराको नाता सम्बन्ध टुटेपछि दिलमायाको दिमागले अपराधीले जस्तै काम गर्न थाल्यो । जब उनको दिमागमा योजनाको अस्पष्ट रूपरेखा तयार भएपछि, उनले आफ्नी छोरी र जुवाइँलाई आफ्नो योजनामा सामेल गर्न घरमा बोलाइन ।

छोरी र जुवाइँलाई आफ्नो भयानक उद्देश्यको बारेमा जानकारी दिँदै दिलमायाले भनिन्, "मेरो कोख नै मेरो सबैभन्दा ठूलो शत्रु बनेको छ । यसले मलाई मात्र सताएको छैन, मेरो ममताको पनि अपमान गरेको छ । कुलतले मानिसबाट पशु भएको छ । लाग्छ कुलतको कारणले कुनै दिन मेरो ज्यान पनि लिन सक्नेछ । तर म त्यसको हातबाट मर्न चाहन्न । म यस्तो हुन दिन्न । यस्तो छोरा हुनु वा नहुनुमा के फरक पर्छ ? मैले तिमीहरूलाई बोलाउनुको कारण यदि मान्छेबाट राक्षस बनेको छोरो रहेन भने मेरो पछि जग्गा र घरको मालिक तिमीहरू हुनेछौ । अब तिमीहरूले सोच्नु पर्छ कि म जे गर्न जाँदैछु त्यसमा मलाई साथ दिने कि

नदिने ?" आमा दिलमायाले के चाहन्छिन् भन्ने कुरा बुझ्न छोरी र जुवाईंलाई समय लागेन । उनीहरूले आमा दिलमायालाई साथ दिन मञ्जुर भए । छोरालाई हटाउने उनको योजनामा, दिलमायाले आफ्नी छोरी र जुवाइँमात्र नभई भाडामा बस्ने दामोदरलाई पनि सामेल गरिन् । यसपछि शम्भुलाई उनीहरूको जीवनबाट हटाउने योजना बनाइयो ।

सधैंझैं भदौ महिनाको राति शम्भु रक्सी खाएर घर आएर दिनहुँजस्तै आमासँग झगडा गरेपछि घरबाहिर आँगनमा बेहोस भएर सुत्यो । दिलमायालाई शम्भु निदाएको कुरा पक्का भएपछि, उनले छोरी जुवाइँ र भाडामा बस्नेको सहयोगमा आफ्नै छोराको घाँटी थिचेर हत्या गरिन् । उनी आफ्नो छोरासँग यति विचलित र दुःखी थिइन् कि उसको हत्या गर्दा समेत उनको हात कत्ति पनि काँपेन । शम्भुको हत्यापछि उनीहरू सबैले आँगनमा खाल्टो खनेर शव त्यहीं गाडे ।

धेरै दिनसम्म शम्भु नदेखिए पछि गाउँलेहरूले उसको बारेमा सोध्न थाले । यसरी एक्कासी शम्भु बेपत्ता हुँदा गाउँमा चर्चाको विषय बनेको थियो । मान्छे पिच्छे अनेक कुराहरू हुन थाले । कतिपयले आमासँग झगडा गरेर घर छाडेर हिंडेको भने, कतिपयले कामको सिलसिलामा कतै बाहिर गएको बताए । तर कतिपयले अर्कै कुराको शंका गरेका थिए । शम्भुको बारेमा कुनै सत्यतथ्य जानकारी नआएपछि गाउँकै एक जना सुराकीले प्रहरी चौकीमा शम्भुको हत्या भएको र उसको हत्यामा बाहिरी व्यक्ति नभएर परिवारकै सदस्यको हात रहेको जानकारी गरायो । खबर पाएपछि प्रहरी चौकीका प्रमुखले घटनाको अनुसन्धान शुरू गरे । अनुसन्धानको प्रारम्भमा प्रहरीले प्राप्त सूचनामा वास्तविकता रहेको महसुस गर्‍यो । शंकाका आधारमा प्रहरीले दिलमायालाई पक्राउ गरेर प्रहरी चौकीमा ल्याएर सोधपुछ गर्न थाल्यो ।

सुरूमा दिलमायाले भ्रामक कुराहरू गरेर प्रहरीलाई विश्वास दिने प्रयास गरिरहेकी थिइन् तर प्रहरीले अलिकति कडाई गरेपछि उनले छोराको हत्या गरेको स्वीकार गरिन् । उनले भनिन्, "हो, मैले मेरो छोरालाई मारेको हुँ र यसमा मलाई कुनै पछुतो छैन । मैले अरू के गर्न सक्थे, कुलतले उसलाई मानिसबाट पशु बनाइदियो । उसको लागि मर्नु नै उचित थियो ।" यसपछि दिलमायाले शम्भुको हत्याको सम्पूर्ण कथा सुनाइन् । पूरै घटना सुनिसकेपछि प्रहरीले घरको आँगन खनेर शम्भुको लाश निकालेर पोस्टमार्टमका लागि पठायो । हत्यामा सहयोग गर्ने छोरी जुवाइँ, भाडामा बस्ने दामोदरलाई पनि प्रहरीले पक्राउ गर्‍यो । अन्तमा प्रहरीको

अनुसन्धान पश्चात सबैलाई अदालतमा पेस गरियो । अन्ततः अदालतबाट उनीहरूलाई कानूनी कारबाही गरी कारागार पठाइयो । ♦♦

लघुकथा

# अमेरिका पुराण



✍ **देवकी के.सी**

सरलाको सासुआमा गौथली गाउँकै नम्बर एकको मुखाले । बुहारीको सधैंभरि खेदो मात्रै गर्ने । गाउँमा जो भेट्यो उसैसित मेरो बुहारी त कामै नगर्ने । अरूका बुहारीले जंगलबाट दुईभारी घाँस ल्याउँदा पनि आफ्नो बुहारी भने ओछ्यानबाट उठ्ने होइन कस्तो अलच्छिना घाँडो लाग्न आइ मेरो छोराको भाग्यमा भन्दै गौथली बुहारी पुराण सुनाइ हाल्थिन् ।

बेला बेलामा बुहारी कुटेर गौथलीले गाउँमा तमासा गर्थिन् । विचरी सरलाले गौथलीबाट रातदिन शारीरिक र मानसिक यातना सहेर बसेकी थिइन् । एकदिन सरलाका श्रीमानले उनलाई पनि अमेरिकानै लगे । त्यसको एक वर्षपछि सरलाले अमेरिकामै छारो जन्माइन् । त्यसपछि त गौथलीको पनि तेल भिसामा अमेरिका जाने भाग्य खुल्यो ।

तीन महिना जति अमेरिका बसेर आएपछि त गाउँमा फेरि गौथलीको अमेरिका पुराण सुरूवात भयो । मेरो बुहारी सरला यहाँ त काम गरेर निकै दुब्ली र काली थिई । त्यहाँ गएपछि त गोरी भैछ । नाती पनि घोर्ले रैछ । मेरो बुहारी त साहै लच्छिनकी अहो ! अमेरिकामा बस्ने भाग्य ल्याएकी रैछ । अमेरिकाको पानीजहाज यस्तो । सडक, घर, बत्ती कस्ता कस्ता । त्यहाँ खाएको, हिंडेको, प्लेन चढेको, सुतेको देखि शौचालय गएको समेतका गौथलीका मुखारबिन्दुबाट अमेरिका पुराण सुनेर गाउँलेहरूका कान पाक्थे । गाउँमा हुँदा बाघ बनेर बुहारी कुटेर तमासा गर्थि गौथली । त्यही बुहारीकै कारण तेल भिसामा अमेरिका टेक्न पाएकी के-के न भए जस्तो गर्छे । नपाउनेले के पायो बोक्रैसित चपायो भने जस्तो । यसको अमेरिका पुराण पनि यो नमरून्जेल सम्म हामीहरूले सुन्नुपर्ने भो भन्दै गाउँलेहरूले भने गौथलीलाईनै सत्तोसराप गर्थे ।

# नेपाली भाषा व्याकरणमा गरिने सानातिना गल्तीहरू



✍ **इन्द्रकुमार श्रेष्ठ**

भाषिक प्रयोगमा गरिने गल्तीको पनि विभिन्न तह हुन्छ । कतै बोलाइमा गल्ती, कतै लेखाइमा गल्ती । कतै शब्दमा र कतै वाक्य तहमा पनि । कतिपय मैथिलहरू 'गजेन्द्र', 'राजेन्द्र'लाई 'गजेन्दर', राजेन्दर' भन्छन् । कतिपय तामाङहरू, 'आज घरमा कोही छैन' भन्नुपर्दा, 'आजा घारमा कोही छाइना' भन्छन् । कतिपय नेवारहरू 'हुँदैन', 'जाँदैन'लाई 'हुन्दैन', 'जान्दैन' भन्छन् । यसको प्रभाव लेखाइमा पनि पर्छ । विभिन्न मातृभाषीहरूले नेपाली भाषामा बोल्नु लेख्नु पर्दा विभिन्न प्रकारका गल्ती गर्छन् नै । यो सानो लेखमा, केही शाब्दिक गल्तीबारे सामान्य चर्चा गर्ने प्रयास गरिएको छ ।

हरेक भाषामा शब्द निर्माण प्रक्रिया आफ्नै किसिमको हुन्छ । नेपाली व्याकरणअनुसार सामान्यतः उपसर्ग लागेर, प्रत्यय लागेर, समास भएर, द्वित्व भएर र सन्धि भएर शब्द बन्ने गर्छन् । उपसर्गहरूको सङ्ख्या सीमित छ भने प्रत्ययहरूको सङ्ख्या असीमित छ । अक्कड, अत, अन्ते, अनी, आइ, आउ, आरो, आवट, आहा, इलो, इय, उवा, ओट, आवट, इयार, ई, य जस्ता थुप्रै प्रत्ययहरूमध्ये 'ता' पनि एउटा प्रत्यय हो । एकरूपता, कुशलता, समानता, मौलिकता, दासता, लघुता, वीरताजस्ता शब्दहरू 'ता' प्रत्यय लागेर बनेका हुन् । तर यहाँ यो 'ता' प्रत्ययको प्रयोग जथाभावी भइरहेको पढ्नुपर्दा/सुन्नुपर्दा साह्रै दिक्क लाग्छ । अधिकांश सञ्चार माध्यमहरूबाट, 'देशमा राजनीतिक अन्योलता देखियो', 'देशविकासका लागि राजनीतिक इमानदारिता चाहिन्छ', 'नेपालमा हिन्दू धर्म मान्नेहरूको बाहुल्यता छ', 'जीवनमा अनेक समस्या आए पनि धैर्यता गुमाउनु हुँदैन', 'फलाना मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भयो', 'कोदोमकैमा कार्बोहाइड्रेडको प्राचुर्यता पाइन्छ', 'निरोगी रहनका लागि रोगविरूद्ध लड्ने सामर्थ्यता चाहिन्छ'जस्ता वाक्यहरू जताततै सुन्न/पढ्न नपरेको

दिनै हुँदैन । ती वाक्यहरूमा क्रमशः अन्योल, इमानदारी, बाहुल्य वा बहुलता, धैर्य वा धीरता, आतिथ्य, प्राचुर्य वा प्रचुरता र सामर्थ्य प्रयोग गरिँदा मात्रै शुद्ध हुने हो । यति सामान्य कुराको जानकारी पनि दिनलिन सकिएको छैन । शिक्षित ठानिएका व्यक्तिहरू पनि 'सुन्दरता' र 'सौहार्दपूर्ण' शब्दका सट्टा सौन्दर्यता, सौहार्दताजस्ता शब्दहरूको निर्धक्क प्रयोग गरेर आफ्नो विद्वता जनाउँछन् । यो अज्ञानताभन्दा पनि जिज्ञासु हुन नसक्दाको परिणाम हो । यसबाहेक, अरूको नक्कल वा देखासिकी गर्नाले पनि भाषिक प्रयोगमा विकृति आउँदो रहेछ । राम्रो कुराको नक्कल वा देखासिकी गर्न पाए त हुन्थ्यो । यहाँ त गलत कुराको हुँदैछ । अङ्ग्रेजी भाषीले 'योग' भन्न नजानेर 'योगा' भनेपछि हामी पनि 'योगा ! योगा !!' भन्दैछौ । 'मण्डला', 'स्तूपा' जस्ता शब्दहरू पनि यसरी नै प्रयोग हुँदैछन् ।

फरक-फरक विशेषता हुनु भाषाको पहिचान हो । अङ्ग्रेजीमा भाषामा एक थोक उच्चारण दिने अक्षर लेखेर त्यसलाई अर्कै उच्चारण गरिने अथवा त्यसलाई उच्चारण नै नगरिने शब्दहरू असङ्ख्य छन् । उदाहरणका लागि नेपालीमा 'चक्कु' र 'घुँडा' बुझाउने शब्द अङ्ग्रेजीमा 'क्नाइफ', 'क्नि' लेखेर 'नाइफ' र 'नि' भनिन्छ । नेपाली भाषामा भने अपवाद (अजन्त अर्थात् सिङ्गै लेखेर हलन्त अर्थात् आधा उच्चारण गरिने केही शब्दहरू, आकाश, नेपाल, वीर, रूमाल, हिमाल ) बाहेक जस्तो लेखिन्छ, त्यस्तै बोलिन्छ । यो हाम्रो भाषाको विशेषता नै हो तर 'जस्तो लेखिन्छ, त्यस्तै बोलिन्छ वा जस्तो बोलिन्छ, त्यस्तै लेखिन्छ' भन्ने विशेषता बिर्सेर, कतिपय शिक्षितहरूले नै पनि शब्दमा अनावश्यक अक्षर झुन्ड्याएर लेख्ने गरेका छन् । जस्तो कि-तामाङ, खोटाङ, भञ्ज्याङ, चेपाङ, धादिङ, मर्स्याङ्दी लेख्नुका सट्टा तामाङ्ग, खोटाङ्ग, भञ्ज्याङ्ग, चेपाङ्ग, धादिङ्ग, मर्स्याङ्गदी...। यी शब्दहरूमा 'ग' को उच्चारण गरिँदैन र पनि यो लेखिने गरेको छ । अति भएपछि विद्यालयमा कागजपत्र बनाउन सिपालु मानिएका एकजना सरलाई "यो 'भञ्ज्याङ' मा 'ग' पनि जोडेर नलेखौं न सर !" भनेको त, 'पहिलेदेखि नै लेख्दै आएको' रे ! अब कसैको केही लाग्छ ?

एउटा सूचनापाटीमा लेखिएको थियो, "यहाँ ड्राइभिङ्गको ट्रेनिङ्ग दिइन्छ ।" अर्कोमा थियो, "यहाँ कोट पाइन्ट शर्टिङ्ग सुटिङ्ग गरिन्छ ।" सही निर्देशनको अभावका कारण ड्राइभिङ सेन्टर र कपडा सिलाउने ठाउँका लागि बनाइएको सूचनापाटीमा त पेन्टरले त्यस्तो लेखिदिएछ रे भनौं । सधैं शिक्षक, प्राध्यापक र सयौं विद्यार्थीवर्गको आँखा

पर्ने कतिपय विद्यालयको नाम र तिनका बसमा समेत 'इन्जिनियरिङ्ग कलेज' लेखिएको देखिन्छ ! भाषिक प्रयोगमा शैक्षिक संस्थाले नै यस्तो बेवास्ता गरेपछि अरूबाट शुद्ध लेखिएला भन्ने के आस गर्नु !

भाषा, विद्वान्ले मात्रै व्याकरण मिलाएर बोल्ने चीज होइन । यो त जनजिब्रो हो, अर्थात् लोकले जे बोल्छ त्यो नै भाषा हो । यसै सन्दर्भमा महाकवि श्रीहर्षले भनेका रहेछन्, "लोकले व्याकरणको पूर्ति भरिदिन्छ ।" नभन्दै, लोकले जतातत्तै प्रयोग गर्न थालेपछि अशुद्ध शब्द नै शुद्ध मानिँदो रहेछ ! भाषाको यो रमाइलो पक्ष हो । उदाहरणार्थ 'सुचारू' र 'नाबालक' शब्दलाई लिऊँ ।

'चारू' एउटा तत्सम शब्द हो । यसको अर्थ 'राम्रो' हुन्छ । 'सु' एउटा उपसर्ग हो । जुन शब्दमा यो उपसर्ग– कर्म–सुकर्म, प्रबन्ध–सुप्रबन्ध, रक्षित–सुरक्षित ...) जोडिन्छ, त्यो नवनिर्मित शब्दले 'राम्रो' भन्ने अर्थ बुझाउँछ । जसरी जङ्गल'मा 'ई' प्रत्यय लगाएर 'जङ्गली' बनाइन्छ तर 'वन'मा 'ई' प्रत्यय लगाएर 'वनी' बनाइँदैन । जसरी मिच्नेलाई 'मिचाहा' र जाँड खानेलाई 'जँड्याहा' भनिन्छ कुरा बढी गर्नेलाई 'कुराहा' भनिँदैन । यसरी, 'चारू' शब्दले 'राम्रो' अर्थ दिइरहँदा त्यसमा फेरि 'सु' उपसर्ग थपेर 'सुचारू' बनाएर 'झन राम्रो' अर्थ पाइने चलन छैन । तर यसको वास्तै नगरेर 'सुचारू' शब्दको प्रयोग, 'सञ्चालन वा केही समय रोकिएर पुनः सञ्चालन' भन्ने अर्थमा भएपछि यो एउटा चल्तीको शब्द भएको छ ।

'जीर्ण' शब्दको अर्थ 'पुरानो', 'थोत्रिएको' वा 'मक्किएको' हो । 'उद्धार' को अर्थ 'कसैलाई कष्टपूर्ण अवस्थाबाट छुट्कारा दिलाउने काम' (सरकारले इजरायलमा फसेका नेपालीलाई उद्धार गर्‍यो) हो। त्यस्तै, 'उद्धार'को अर्को अर्थ 'मर्मत' वा 'सुधार' पनि हो । यसरी, 'जीर्ण' र 'उद्धार' शब्द मिलेर 'जीर्णोद्धार' बनेको सबैलाई थाहै छ । यति कुरा पनि थाहा नपाएर होला, 'फलाना ठाउँको मन्दिरको जीर्णोद्धार गरियो' भन्ने खालका वाक्यहरू जतातत्तै पढ्न र सुन्न पाइन्छ । 'सपाङ्ग' र 'सःशुल्क' भन्ने शब्द नेपालीमा प्रचलित नहुँदा नहुँदै पनि यी शब्दहरू कतैकतै प्रयोग गरिएका पाइन्छन् । 'अपाङ्ग' र 'निःशुल्क' शब्दको सादृश्यमा यस्तो प्रयोग भएको हो ।

त्यस्तै, 'ना' एउटा उपसर्ग हो । लायक–नालायक, मन्जुर–नामन्जुर, समझ–नासमझ जस्ता शब्दमा पछिल्ला शब्द अघिल्लाका विपरीतार्थी हुन् । यसरी 'नालायक'को अर्थ 'लायक नभएको', 'नामन्जुर'को अर्थ 'मन्जुर नरहेको' र 'नासमझ' को अर्थ 'समझ' नभएको भएजस्तै 'नाबालक' को अर्थ पनि 'बालक नरहेको' हुनु स्वाभाविकै हो । तर यो शब्दलाई 'उमेर नपुगेको' वा 'बालकै

रहेको' भन्ने अर्थमा प्रयोग गरिएको पाइन्छ । (त्यस्तो नाबालकले के कुरा बुझ्थ्यो !) वास्तवमा 'उमेर नपुगेको' अर्थ बुझाउने शब्द त 'नाबालक' नभएर 'नाबालिग' हो नि ! 'बालिग'ले चाहिँ 'बाल्यावस्था पार गरेको' वा 'वयस्क' भन्ने बुझाउँछ । यसरी हेर्दा, सुचारू र नाबालक शब्दले भाषा र व्याकरणको नियमलाई नै फेल खुवाइदिएका छन् ।

गलत प्रयोग शब्दका तहमा मात्र नभएर वाक्य तहमा पनि सर्वत्र देखिन्छन् । सूचनाका लागि जताततै टाँगिएका परिचयपाटीले गलत अर्थ दिँदै छन् । लोक सेवा आयोगबाट कडा परीक्षा पास गरेर स्थायी भई उच्च तहमा पुगेका सरकारी कार्यालयका कर्मचारीबाट जारी गरिएका परिपत्रहरू नै हेरिसाध्य हुँदैनन् । 'दुर्घटनाग्रस्त बसबाट घाइतेहरूको उद्धार' हुनु ठिक हो । तर यहाँ त ठाउँलाई नै 'दुर्घटनाग्रस्त क्षेत्र' लेखिएको हुन्छ । 'दुर्घटना बाहुल्य क्षेत्र' वा 'दुर्घटना सम्भावित क्षेत्र' लेख्ने सोच नै कसैको देखिँदैन !

एक त २०६७ साल यता अनेक बहानामा जानीजानी नेपाली भाषालाई बिगार्ने प्रयास हुँदै आएको पाइन्छ । त्यसमाथि फेरि जान्नुपर्नेहरूले जान्नै नचाहेर पनि यसलाई अशुद्धरूपमा प्रयोग गरिँदैछ ! यस्तो भएपछि 'नेपाली भाषामा त जे लेखे पनि भैहाल्छ नि !' भन्नेखालको सोचाइ बढ्दै छ । तसर्थ सम्पूर्ण नेपाली भाषाप्रेमीहरूले यसतर्फ ध्यान दिएर नेपाली भाषाको इज्जत बचाउनुपर्ने देखिन्छ । ♦♦♦

लघुकथा

## जीवनको परिभाषा



✍ **ममता मृदुल**

सात दिन भयो । झम झम पानी परेर खेतका गरा भरिभराउ भएका छन् । रातभरि भ्यागुताका ट्यारटुरले उन्माद छर्दैछ । पहेला ब्याङ भ्यागुतोले उत्सव मनाउँदैछ ।

बचाउन नसकेका अनेक आस मौन अभिव्यक्ति दिन सकेका छैनन् । आमाका आँखा आँसु सुकेर कट्कटिएका छन् । जीवनको परिभाषा खोज्दै वर्षौं पढेका प्रमाणपत्र बग्दै आएका अभावका पोका ओत लाग्न नसकेर डुब्दैछन् खाडीमा । कोख रित्तिसकेको छ । बगेका छन् रहरहरू गरागरामा । अब केही चाहिएकै छैन । सकिनु पनि पूर्ण हुनु रहेछ । पानी रूकेको पल टाढा साइरन बज्दैछ । देखिँदैछ राहत बोकेर आएका सुकिला मान्छे ।

कथा

# पुरानो थर्मश र मेरा बा !



प्र.ना.उ. जयश्वर रिमाल

माघको चिसो बिहानी । सनोज सदा झैं ५:०० बजे बिउँझियो । अघिल्लो दिन सुत्न ढिला भएकोले उसका आँखा बिजाइरहेका थिए । तर उसले आँखालाई थप आराम दिन चाहेन । आँखा मिच्दै किचेनमा पुग्यो । ठिङ्ग उभिएर आँखा यताउति घुमायो । स्ल्यावमा रहेको थर्मशमा उसका आँखा अडिए ।

उही दुई लिटरको पुरानो थर्मस, जो करिब एक दशकदेखि त्यही ठाउँमा छ । उसको परिवारलाई साथ दिइरहेको छ । सबैको स्वास्थ्यमा मद्दत पुऱ्याइरहेको छ ।

हरेक बिहान उठ्ने बित्तिकै उसको पहिलो भेट थर्मशसँगै हुन्छ । दिनैभरि जसो यसैसंग आमने-सामने हुन्छ । हरेक रात सुत्नु अगाडि उसको अन्तिम भेट पनि यसैसँग हुन्छ । अरू सदस्यसँगको सम्पर्क पनि अक्सर उसैले जुटाइदिन्छ । त्यसो त थर्मशको देखभाल गर्ने पनि ऊ नै हुन्छ । सफा गर्ने, पानी भर्ने, तताउने अनि "सर्भ" गर्ने उसैको दैनिकीमा जोडिएको छ । त्यसैले एकहाते गाई झैं भएको छ थर्मश उसका लागि ।

बा'को छहारी जस्तै न्यानो लागेको छ उसलाई थर्मशको पानी । प्रतिकूल परिस्थितिमा बा'ले सन्तानको संरक्षण गरे झैं चिसोबाट बचाएको छ थर्मशले । त्यसैले पनि यससँगको हरेक भेट उत्तिकै न्यानो भएको छ सबैलाई ।

पारिवारिक सम्बन्धको आवरण धुजा-धुजा हुँदा समेत उसका बा'ले सन्तानप्रतिको अभिभावकत्व कुशल तरिकाले निभाएका थिए । उनको त्यो जिम्मेवारी वहन निकै गर्विलो थियो । करिब ८० वर्ष पुगेका उनी आफ्नो कर्तव्यमा अझै उत्तिकै इमान्दार छन् । तर उमेर अनुसार हुने शारीरिक परिवर्तनबाट भने उनी अछुतो रहन सकेका छैनन् ।

उनका कपाल सेतै फुलेका छन् । करिब आधा दर्जन दाँत खसेका छन् । दुवै खुट्टाका कुर्कुच्चा चरचर फुटेका छन् । छाला चाउरी परेका छन् । आँखाको तल्लो भाग झोल्लिएको छ । कानको लोती तन्किएर झुण्डिएको छ । सेतै

फुलेका दाह्री र जुंगाले अनुहारमा बुढ्यौली थपेका छन् । तर पनि उनको भने रवाफ उस्तै छ ।

थर्मश पनि बा जस्तै पुरानो छ । बाहिरी बिर्को खुकुलो भएको छ । समात्ने ह्याण्डल हल्लिएको छ । सक्कली रङ्ग मेटिएको छ । पटक-पटक सफा गर्दा पनि नगएको फोहोरको दागले बाहिरी आवरणमा कालो घेरा बसेका छन् । तर बाहिरी स्वरूपमा आकर्षण नभएपनि "पर्फर्मेन्समा" मा भने कुनै कमि आएको छैन ।

यी दुई बिचमा अर्को पनि समानता छ । बा' बाहिरीरूपमा कमजोर देखिए पनि अनुशासन र संस्कारमा कठोर छन् । कर्तव्य र जिम्मेवारीमा इमान्दार छन् । नैतिकताका अनुपम उदाहरण उनी चरित्रका धनी छन् । ठिक त्यसैगरी, थर्मश पुरानो भएर पनि आफ्नो कर्तव्य निभाइरहेको छ । लामो समयसम्म तातो पानी चिसिन दिएको छैन । यसको उपयोगितामा कत्ति पनि ह्रास आएको छैन ।

बा' र थर्मशको समानता केलाउने क्रममा निकै बेर टोलाएको उसले थर्मशको तातो पानी गिलासमा खन्याउँदै घुट्घुट पिउँदै थियो । अक्सर यो समयमा किचेनमा एक्लै हुने उसलाई पछाडि कोही आए झैं लाग्यो । पानी पिउन रोकी पछाडि फर्केर हेर्यो । एक विशाल वृक्ष झैं उसका बा' ठिङ्ग उभिएको देख्यो ।

उसले बा'लाई पहिचान गरेसँगै आफ्नो धैर्यता सकिएको संकेत गर्दै बा'ले सोधे, "मुख धोइस् ?"

"बिर्सिस् होला, नि ! तेरो बच्चा देखि कै बानी हो नि मुख नधोई खाने । ब्राह्मणको छोरो भएर अलिकति पनि शरम लाग्दैन है ?" उत्तरको अपेक्षा समेत नगरी बा'ले पुनः थपे ।

सनोज एकछिनसम्म अक्क न बक्क भयो । लाज र डर मिश्रित भावमा सुस्तरी केही बोल्न खोज्यो तर आवाज निस्किएन । राता राता आँखा पारेर एकछिनसम्म एकटकले हेर्दै बा' पूजा कोठामा गए । सनोज भने टोलाउन थाल्यो । उसलाई करिब २३ वर्ष अगाडिको घटना याद आयो ।

सानैमा छोराको चुडो-उपनयन गर्दा कर्मको फल पाउने विश्वास बा'मा थियो । परिणामस्वरूप ७ वर्षमै उसको व्रतबन्ध भयो । करिब एक हप्ता बितेको थियो । आमालाई खाना पस्किन अनुरोध गर्दै भान्छामा बस्यो । पहिलो गाँस खाँदै गर्दा बुबा आए । उसलाई नजिकबाट नियाल्दै भने, "आज पनि यो गधाले मुख नधोइ खायो हैन ? बिहान उठेर पाठ-पूजा जप-ध्यान गर्नु त कता हो कता, मुख पनि नधोई भात खान थालेछ ।"

रिसले भरिएको आँखाले अस्वभाविक ढङ्गले हेर्दै दाहिने खुट्टाले

देब्रे कुममा पुक्क हाने । खुट्टे पिर्कामा बसेको ऊ भुइँमा पुङलुङ्ग लड्यो । सुंक-सुंक गर्दै आमालाई हेर्यो । आमाको संकेत अनुसार खाना त्यहीं छाड्यो र सर्टको बाहुलाले मुख पुछ्दै जुठो हातले किताबको ठेली च्याप्दै स्कुल दौडियो । बाटोमा पर्ने साउने खोल्साको धारोमा हात मुख चुठेर स्कुल पुग्यो ।

बालापनमै शुरू भएको नयाँ दैनिकीमा ऊ अभ्यस्त भइसकेको थिएन । तर त्यस घटनाले उसलाई ठूलो सबक सिकायो । बा'को चाहना अनुसार आफूलाई परिवर्तन गर्दै लग्यो । शुरू-शुरूमा बा'को डरले गरेका कार्य समेत उसका आदत बन्न थाले । उसको दैनिकी बा'कै जस्तो हुन लाग्यो ।

आयुर्वेद विज्ञान, कर्मकाण्ड र ज्योतिषी विद्यामा चाख राख्ने उनले सनोजलाई धार्मिक व्यक्ति बनाउन चाहेका थिए । त्यसैले छोराप्रतिको उनको चासो कहिल्यै कमी भएन । सनातन धर्म र संस्कृतिको जगेर्ना गर्ने व्यक्ति मात्र संस्कारी हुन्छ भन्ने विश्वास राख्ने उनले चाहे धर्म रीतिरिवाज र संस्कारको नाममा होस् या अनुशासन र चरित्रसँग सम्बन्धित विषयमा होस्, खबरदारी गरी कमजोरी सच्याउन कहिल्यै छाडेनन् ।

बा' को निरन्तर निगरानीले सनोजको जीवनमा मनग्यै परिवर्तन आएको थियो । यसमा उनी सन्तुष्ट पनि थिए । तर बितेका २३ वर्षमा आफ्नो दैनिकीमा कहिल्यै नचुकेको सनोज आजै चुक्यो जुन बा'को अगाडि छुप्न समेत सकेन । यस घटनाले सनोजप्रति बा'को शंका झनै बढायो । फलस्वरूप उसले बिहानै खप्की खायो । ३० वर्ष भइसकेको छोरा समेत दाउन नपुगेको बाच्छो ठहरियो ।

यस घटनाले उसलाई निकै लज्जाबोध भयो । फेरिएको आफू र नफेरिएको बा'का बारेमा निकै सोच्यो । मनमनै बा'का दैनिकीमा आफूलाई लग्यो । बा'का हरेक गतिविधिबारे सोच्न थाल्यो ।

एक सुपरीवेक्षकले झैं बा'का दैनिकीको मूल्याङ्कन गर्न शुरू गर्यो । उनको इमान्दारिता, मिहिनेती स्वभाव र लगनशीलताबाट प्रभावित हुन थाल्यो । धैर्यता र सजगताबाट उत्साहित भयो । आफ्नो वचनमा रहेको चट्टानी अडान, साहस र निडरतामा गर्व गर्न थाल्यो । नतिजाको पर्वाह नगरी काममा दत्तचित्त भएर लाग्ने र तर्क सहित आफ्नो कर्मको बचाउ गर्ने क्षमतालाई उनको गहना मान्यो । बा'का हरेक गतिविधिमा र आनीबानीबाट प्रभावित हुँदै उनका विशेषताहरूको अंकभार तोक्न चाह्यो । अनि सबैभन्दा धेरै अंक चाहिं खप्कीभित्र लुकेको मायालाई दियो ।

यतिबेर टोलाएको उसले झटपट आँखा खोल्यो । उसका आँखा पुनः त्यही

थर्मशमा अडिए । स्नेहले भरिएको आँखाले थर्मशलाई हेर्यो । हतार-हतार बेसिनमा गई हात मुख धोएर बा'सँगै पूजा कोठामा गएर जप गर्न थाल्यो । आफ्नो अगाडि शिर निहुराउँदै आएको छोरालाई देखी बा'को मन पग्लियो । उसले मात्रै सुन्ने गरी बा'ले साउती गरे, "अब त तँ पनि जवान भइस् । नातीलाई तैंले सिकाउने बेलामा मैले तलाई सम्झाउनु पर्ने होइन बाबु । म बुढो पनि भएँ, कति तेरो गोठालो लाग्नु ! अबदेखि कहिल्यै पनि नबिर्सनु । पितृले सराप्ने र समाजले धिक्कार्ने काम नगरेस् !"

सन्तानप्रतिको माया समेत कडा लवजमै पस्किने बा'ले आज नरम मिजासमा सम्झाएकोमा हर्षित भयो । सायद यो उसको पहिलेदेखिकै अपेक्षा थियो । उसलाई बुबाको औधी माया लाग्यो । थप सम्मान पनि ।

बा, म हजुरलाई तातो पानी ल्याइदिन्छु भन्दै किचेनमा गयो र थर्मशको पानी गिलासमा खन्याउन लाग्यो । त्यति नै बेला, उसलाई खोज्दै छोरा किचेनमा पुग्यो । "मलाई पनि पानी" भन्दै उसको हातबाट गिलास तान्न थाल्यो । छोरालाई पन्छाउँदै उसले बा'लाई पानी दियो । छोरा रिसाएर रूँदै थर्मश खसालिदियो । कर्कश ध्वनिका साथ थर्मश भुइँमा बजारियो । एक दशकदेखि जतनले स्याहारेको थर्मश निमेषभरमै बेकाम भयो ।

केवल एक निर्जिव वस्तु फुटेको थियो, तर सनोजलाई आफ्नो विश्वास फुटे झैं लाग्यो । यसलाई उसले बा'ले भने झैं अनिष्टको संकेत ठान्यो । उसको मनमा तर्कना खेल्न लागे, कतै थर्मश खसे झैं बा' पनि...! अहँ, उसले यो भन्दा धेरै सोच्न चाहेन । आफ्नै गालामा एक थप्पड हान्यो र बा'लाई अङ्गाल्यो । "लाछी, के चिन्ता लिएको जाबो थर्मश फुट्दा ! आखिर अजम्मरी के नै छ र यो दुनियाँमा ! सिर्जनासँगै अन्त्य अवश्यम्भावी छ । चाहे सजिव होस् वा निर्जिव, सबैको निश्चित आयु हुन्छ । केवल एक निहुँ चाहिन्छ अस्तित्व मेटिनको लागि । आज नाती निहुँ भयो । सबैको अस्तित्व यसैगरी मेटिने हो । मेरो पनि पालो आउँदैछ ।

उसले यो भन्दा धेरै सुन्न नचाहेको मेसो पाएका बा'ले नातीलाई हेर्दै भने, "यो पनि ४ वर्षको भयो । अब तेरो जिम्मेवारी शुरू भयो, बाबु ! तैंले आफ्नो जिम्मेवारी निभाउन शुरू गर ।"

ऊ केही पनि बोलेन । छोरोलाई काखमा च्यापी बा'लाई हेरिरह्यो । मयलको मसिनो घेरा लागेको मयलपोसमा उसका आँखा अडिएको बा'ले चाल पाए ।

"गाउँघरमा बसेर काम गर्नेको कपडा फोहोर भइहाल्छ नि ! कपडा भन्दा त मन पो सफा राख्नुपर्छ त !"

आफूलाई बचाउ गर्न जानेका उनले बलियो तर्कसहित छोरालाई सम्झाए । बा'सँग सहमत भएको संकेत स्वरूप उसले टाउको हल्लायो । अनि छोरालाई हजुरबुबासँग पठाई फुटेको थर्मशका टुक्राहरू टिप्न थाल्यो । ♦♦

**कविता**

## "यतिखेर म"



✍ **प्रकाश बस्नेत 'गफाडी'**

छाती भित्र सिङ्गो देश बोकेर
मुग्लान भासिनु अगाडि सम्झेको हुँ
शिरको सगरमाथा र, झस्केको हुँ
कतै आफ्नो अनुपस्थितिले
घट्ने त होइन यसको उचाई ।
हातमा बत्ती लिएर
अन्यन्त्र उज्यालो खोज्ने भ्रम पाल्दै
परदेश लाग्नु पूर्व
झल्को आएको हो
गुराँस फुलेका पहाडहरूको
र, झसङ्ग भएको हुँ
कतै आफू नहुँदा
फिका हुने त होइन
लाली गुराँसको रङ्ग ।
अनगिन्ती सपनाहरू समेट्दै
सपनाकै सहरमा जानु अगावै
आँखैमा आएका हुन्
तराईका हरिया फाँटका मनमोहक दृश्यहरू
र, उदास भएको हुँ
कतै आफ्नो अभावमा
बाँझो पल्टिने त होइनन्
मलिला फाँटहरू ।
खाडीमा भविष्य खोज्ने लालचले
थलोको माया र आफ्नाहरूको
सम्झनाको कुटुरो बोकेर
सैंठेलो नाघ्नु अघि
भक्कानिएको हुँ
सिमानामा लर्खराएका
सिमा स्तम्भहरूका यादमा
कतै आफू नहुँदाको फाइदा
उठाउने त होइनन् वैरीहरूले ।
सगरमाथाले उचाई
मागिरहेको यो बेला
लाली गुराँसले चमक
चाहिरहेको यो समय
माटोले पसिना
पर्खिरहेको यो बखत
र, देशले आफ्नाहरू
खोजिरहेको यो पल
रोकेर आफूलाई
खाएर माटोको सपथ
जपेर लोकतन्त्रको मूल मन्त्र
सामेल भएको छु यतिखेर म
स्वदेश समृद्धिको
महान यात्रामा ।

# नेपालमा सार्वजनिक आय स्रोतहरूको वर्तमान अवस्था र स्थिति-सुधारका उपायहरू



✍ गम्भीर बहादुर हाडा

साधारणतया जनताबाट सरकारलाई प्राप्त हुने आयलाई नै हामी सार्वजनिक आय भन्दछौं । आर्थिक, सामाजिक तथा अन्य प्रकारका आफ्नो कार्यहरूलाई सुचारू रूपले सञ्चालनको लागि प्रत्येक देशको सरकारलाई निकै मात्रामा धनको आवश्यकता हुन्छ जुन सार्वजनिक आयका विभिन्न साधनहरूद्वारा प्राप्त गरिन्छ । सरकारले विभिन्न साधनहरूबाट जुन आय प्राप्त गर्दछ त्यसलाई सार्वजनिक आय भन्दछन् । आधुनिक कालमा सरकारी क्रियाकलापले देशको आर्थिक र सामाजिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ । सरकारी क्रियाकलाप आज शान्ति सुरक्षा कायम गर्नु र नियम कानूनका पालन गर्न लगाउनु मात्र रहेको छैन । आर्थिक र सामाजिक क्षेत्रमा सरकारले जति जति जनचेतनाको वृद्धि गर्दै जान्छ यसको वैकल्पिक कामहरू पनि त्यति नै वृद्धि हुँदै जान्छन् । वर्तमान युगमा सरकारी कर र खर्च नीतिले निजी वितरण प्रणालीमा समेत पूर्ण रूपमा प्रभाव पारेको छ । कुनै पनि देशमा जे जति कार्यहरू सरकारले गर्नेछ, ती कार्यहरू सञ्चालन गर्नु सरकारले आम्दानी गर्नु पर्दछ । सरकारले जबसम्म आम्दानी गर्न सक्दैन उसले खर्च पनि गर्न सक्दैन ।

नेपाल एउटा विकासोन्मुख राष्ट्र भएकोले देशको सीमित साधनलाई कसरी प्रभावपूर्ण ढंगले सदुपयोग गर्ने अथवा कसरी दक्षतापूर्वक वित्त सञ्चालन गर्ने भन्ने प्रश्न बढी महत्त्वपूर्ण हुन्छ । देशको आर्थिक विकास गर्न सार्वजनिक वित्तको व्यवस्थापन गर्दा अपनाउनु पर्ने वित्तीय नीतिले बचत गर्ने सामर्थ वृद्धि गराउन, उत्पादनशील क्रियाकलापमा लगानी बढाई राष्ट्रिय आयमा योगदान पुऱ्याउन सकारात्मक भूमिका खेल्नु पर्दछ । नेपालमा विकासको पूर्वाधार खडा गरी अत्यावश्यक वस्तुको बढी भन्दा बढी उत्पादन र न्यायोचित वितरण नै आर्थिक विकासको

खुड्किलो हो भन्न सकिन्छ । कुनै पनि देश तीव्र आर्थिक विकासको लागि आन्तरिक स्रोतको विकास र परिचालनबाट मात्र देश विकास गर्न सकिन्छ भन्ने कुरा दुईमत हुन सक्दैन । देशमा भएको गरिबी हटाउन, आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो स्रोत र बाह्य स्रोत पुँजी जुटाउने दुई प्रमुख उपाय हुन् । आन्तरिक स्रोतहरू मध्येमा कर पनि एक महत्वपूर्ण स्रोत हो । देशको शान्ति सुरक्षा, प्रशासनिक कार्य तथा विकास कार्यको लागि सरकारलाई बढी रकमको आवश्यकता पर्दछ र यस्तो रकमको बढी परिमाण सरकारले करैबाट प्राप्त गर्दछ । नेपालको राजश्वका मिश्रित दुई स्रोतहरू कर राजश्व र गैर कर राजश्वमध्ये स्वभावक्त कर राजश्वको भूमिका ठूलो रहे तापनि गैर कर राजश्वको प्रभाव पनि निकै बढेको छ । जसरी भए पनि राजश्व चुहावटलाई नियन्त्रण हुनुपर्छ ।

सार्वजनिक राजश्व कुनै पनि अर्थतन्त्रमा अत्यन्त महत्वपूर्ण भूमिका राख्दछ । सरकारी आम्दानी वृद्धि गर्नुका साथसाथै यस सम्बन्धी नीति तथा कार्यक्रमहरूको माध्यमबाट सामाजिक न्यायको वातावरण तयार पार्नमा समेत राजश्वकै माध्यमबाट सहयोग पुग्दछ । आज सरकारको काम पहिला जस्तै शान्ति सुरक्षा कायम गर्नुमा मात्र सीमित छैन देशको आर्थिक विकास गरी सर्वसाधारण जनताको जीवनस्तर उठाउनको लागि कृषि, उद्योग, यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य तथा विभिन्न कार्यहरू सम्पादन गर्ने जिम्मेवारी पनि सरकारकै मानिन थालेको छ । आज सरकारको कार्यमा व्यापक वृद्धि हुने गएकोले सार्वजनिक वित्तको महत्त्व पनि बढ्दै गएको छ । नेपालमा विकास आयोजनाहरू बजेटद्वारा सञ्चालित हुन्छन् । निजी क्षेत्रमा पूँजीको अपर्याप्तता रहेको र स्वतन्त्र अर्थनीतिलाई अपनाएर राष्ट्रिय हित अनुरूप साधनहरूको समुचित परिचालन हुन नसक्ने हुँदा देशमा राष्ट्रिय हितलाई मध्यनजर गरेर सरकारले आवश्यक वित्तीय नीतिहरूको तर्जुमा गर्दछ र विकास बजेटद्वारा त्यस्ता नीतिहरूको कार्यान्वयन गर्दछ । प्रत्यक्ष, अप्रत्यक्ष कर आदिको माध्यमबाट मानिसको क्रयशक्तिमा समेत सरकारले प्रभाव पारी आर्थिक असमानता, सामाजिक न्याय तथा आर्थिक अनुशासनको वातावरण तयार गर्नमा सहयोग पुऱ्याउँदछ ।

नेपालमा राष्ट्रिय लेखाको विवेचना गर्दा कुल गार्हस्थ्य उत्पादनलाई मात्र आधार मान्ने चलन छ । विगत एक दशक यता नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषण आप्रवाह निरन्तररूपमा बढिरहेको छ । तसर्थ,

नेपाली जनताको खर्चयोग्य आम्दानी कुल गार्हस्थ्य उत्पादन भन्दा बढी हुन्छ । नेपालीले मुलुकभित्र कमाएको आयमा विदेशबाट कमाएको खुद आय जोड्दा हुने योगलाई कुल राष्ट्रिय खर्चयोग्य आम्दानी भनिन्छ । भन्सार महसुल, अन्तशुल्क, मालपोत तथा रजिष्ट्रेशन, आयका नाफा कर, सम्पत्ति कर, विक्री कर र अरू करहरूबाट प्राप्त आम्दानीलाई कर राजश्व भनिन्छ । यस्तै किसिमले सरकारी सेवा तथा वस्तुहरूको विक्रीबाट प्राप्त आम्दानी, साँवा, ब्याज तथा लाभांश, रोयल्टी तथा सरकारी सम्पत्ति विक्रीबाट प्राप्त आम्दानी, टकमरी वा टक्सारबाट प्राप्त अन्य आम्दानी दस्तुर दण्ड जरिवाना, जफत तथा अन्य वित्तीय क्षेत्रबाट प्राप्त हुन आएको आम्दानीलाई गैर कर राजश्व भनिन्छ ।

राजस्वको महत्त्वपूर्ण अंश आयात व्यापारमा आधारित हुनु, राजस्वमा प्रत्यक्ष करको योगदान कम हुनु, राजस्व प्रशासन सूचना प्रविधि-मैत्री नहुनु, राजस्व प्रशासन पारदर्शी नहुनु, राजस्वको दायरा फराकिलो बनाउँदै लगिए पनि अपेक्षित मात्रामा राजश्व संकलन हुन नसक्नु, राजस्व चुहावट नियन्त्रणको काम अझै प्रभावकारी रूपमा हुन नसक्नु, कर नीतिलाई स्थिर र अनुमानयोग्य बनाउन पर्याप्त अभ्यास हुन नसक्नु, करको दायरामा नआउने वा आएर पनि न्यून सहभागिता जनाउने वा कर दायित्व पालना नगर्ने माथि कानून बमोजिम समुचित अनुसन्धान र कारबाही हुन नसक्नु र कर सहभागिता जनाउनेलाई प्रभावकारी प्रोत्साहन दिन नसकिनु आदि प्रमुख समस्याका रूपमा रहेका छन् । व्यापार खाता घाटा बढ्दै गएको र सेवा खाता घाटा समेत थप बढेकोले चालु खातामा घाटामा रहेको हो । विदेशमा काम गर्ने नेपालीहरूले पठाएको विप्रेषण आप्रवाहमा वृद्धि हुने क्रम जारी रहे तापनि व्यापार घाटा र खुद सेवा खाता घाटा पूर्ति गर्ने सो पर्याप्त नभएकोले चालु खाता घाटामा रहेको हो । औद्योगिक क्षेत्रमा असहज परिस्थिति विद्यमान रहेको, विद्युत लोडसेडिङ्गको अवस्था रहेको, तेल आपूर्ति गर्न सहज नरहेकोले नेपाली निर्यातको प्रतिस्पर्धात्मक क्षमतामा कमी आएको छ ।

**आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७९/८० मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा प्रादेशिक आर्थिक तथा सामाजिक स्थिति अनुसार**

आर्थिक वर्ष २०७७/२०७८ मा सङ्घीय सरकारको बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको ६.९२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/२०७९

मा यस्तो घाटा ६.०० प्रतिशत रहेको छ । साथै, आर्थिक वर्ष २०७७/२०७८ मा सङ्घीय सरकारको राजस्व सन्तुलन कुल गार्हस्थ्य उत्पादनको ०.४९ प्रतिशतले ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०७८/२०७९ मा ०.३३ प्रशितले ऋणात्मक रहेको छ । विगत ६ आर्थिक वर्षमध्ये पछिल्ला ३ आर्थिक वर्षमा राजस्व सन्तुलन ऋणात्मक रहेको छ । आर्थिक वर्ष २०७८/२०७९ मा सङ्घीय सरकारको कुल आय १३.२३ प्रतिशतले वृद्धि भई रू. १० खर्ब १३ अर्ब ८७ करोड पुगेको छ । आर्थिक वर्ष आर्थिक वर्ष २०७७/२०७८ मा यस्तो आय १५.८ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ९५ अर्ब ३९ करोड पुगेको थियो । यस अवधिमा कुल सङ्घीय सरकारी खर्चमा ९.५ प्रतिशतले वृद्धि भई रू. १३ खर्ब १० अर्ब पुगेको छ । अघिल्लो आर्थिक वर्षमा भने कुल सङ्घीय सरकारी खर्च ९.७ प्रतिशतले वृद्धि भई रू. ११ खर्ब ९७ अर्ब पुगेको थियो ।

आर्थिक वर्ष २०७८/२०७९ को फागुनसम्म संघीय आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २०.३ प्रतिशतले बढेर रू. ६ खर्ब २५ अर्ब ५० करोड पुगेको छ । आर्थिक वर्ष २०७७/२०७८ को फागुनसम्म यस्तो आय ३.१ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७८/२०७९ को फागुनसम्म संघीय राजस्व गत वर्षको सोही अवधिको तुलनामा १९.६ प्रतिशतले बढेर रू. ६ खर्ब ६ करोड पुगेको छ । आर्थिक वर्ष २०७८/७९ को फागुससम्मको कुल संघीय खर्चमा कुल संघीय आयको अनुपात ९६.७ प्रतिशत र संघीय राजस्वको अनुपात ८९.० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७/२०७८ को सोही अवधिमा यस्तो अनुपात क्रमश ९४.९ प्रतिशत र ८७.८ प्रतिशत थियो । आर्थिक वर्ष २०७८/७९ को फागुनसम्मको कुल संघीय खर्चमा वैदेशिक ऋण प्राप्तिको अनुपात ९.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो अनुपात १४.९ प्रतिशत थियो ।

कुल राजस्व परिचालन मूल्य अभिवृद्धि करको हिस्सा उच्च रहे पनि संघीय राजस्वमध्ये आयकरको हिस्सा उच्च रहेको छ । आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघीय राजस्व संरचनामा मूल्य अभिवृद्धि करको अनुपात २३.७ प्रतिशत रहेको छ भने आयकर र भन्सार महशुलको अनुपात क्रमश २४.८ प्रतिशत र २२.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म यस्तो अनुपात क्रमशः २४.४ प्रतिशत, २५.३ प्रतिशत र २२.५

प्रतिशत थियो । आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघीय विभाज्य तथा सञ्चित कोषमा दाखिला भएकाले कुल राजस्व रू. ६ खर्ब ८२ अर्ब २४ करोड रहेको छ । जुन आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.४ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघीय सञ्चित कोषमा जम्मा भएको तर बाँडफाँड नहुने राजस्व रू. ४ अर्ब १४ अर्ब ३९ करोड रहेको छ । यस अवधिमा मूल्य अभिवृद्धि कर, अन्तशुल्क (आयात बाहेक) । बाँडफाँड हुने रोयल्टी सहित तीन तहका सरकारमा बाँडफाँड हुने राजस्व रू. २ खर्ब ६७ अर्ब ८४ करोड रहेको छ ।

वर्तमान आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा आन्तरिक राजस्व विभागबाट कर प्रशासनका लागि सञ्चालन भइरहेको एकीकृत कर प्रणाली, भन्सार विभागबाट मालवस्तु जाँचपास व्यवस्थापनका लागि प्रयोगमा रहेको आशिकुडा र राजस्व अनुसन्धान विभागबाट प्रयोग भइरहेको मालवस्तु तथा ढुवानी साधनको अनुमगन प्रणालीबीच सम्वत् २०८० पुस मसान्तसम्ममा अन्तरआबद्धता कायम गरी स्वचालितरूपमा सूचना आदानप्रदान हुने व्यवस्था मिलाई कराधार विस्तार तथा राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइने नीति लिइएको छ । भन्सार मूल्याङ्कनलाई कारोबारमा आधारित बनाई यथार्थपरक बनाउन अनलाइन मूल्याङ्कन तथ्याङ्काधार निर्माण गरी मूल्याङ्कन प्रणालीमा आबद्ध गरिने कार्यक्रम राखिएको छ । राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित निकायलाई क्रियाशील बनाई समन्वयात्मक रूपमा परिचालन गरिने कार्यक्रम राखिएको छ । व्यापारिक छली र भुट्टा तथा नक्कली बीजक प्रयोग नियन्त्रण गर्न आवश्यक कानूनी सुधार गरिनुका साथै अर्थ मन्त्रालय वा भन्सार विभागले तोकेको अधिकृतको नेतृत्वमा संयुक्त गस्ती परिचालन गरी गैर भन्सार नाकाबाट हुनसक्ने चोरी निकासी पैठारी नियन्त्रणलाई प्रभावकारी बनाइने कार्यक्रम राखिएको छ ।

पन्ध्रौं पञ्चवर्षीय योजना २०७६/२०७७-२०८०/२०८१ राजस्व विकास कार्यक्रम अन्तर्गत सार्वजनिक खर्चको कुशल र नतिजामूलक व्यवस्थापनद्वारा समृद्ध अर्थतन्त्र निर्माण गर्ने सोच राखिएको छ । सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ । त्यस्तै सार्वजनिक खर्चको विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य राखिएको

पाइन्छ । यसको साथसाथै संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक खर्च प्रणाली सुदृढ गरी दक्षता, पारदर्शिता र जवाफदेहिता कायम गरी नतिजामूलक बनाउने, सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पुँजी निर्माणको क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्ने, संघ, प्रदेश र स्थानीय तहको विकासको आवश्यकतालाई सम्बोधन गरी न्यायोचित, सन्तुलित र परिपुरक रूपमा अन्तरसरकारी वित्त व्यवस्थापन गर्ने, सार्वजनिक खर्च प्रणालीलाई आधुनिक सूचना प्रविधिमा आधारित बनाई थप पारदर्शी बनाउने रणनीतिहरू राखिएको पनि पाइन्छ ।

**सरकारी आय तथा राजस्व बढाउनको लागि निम्न सुझावहरू पेश गर्न सकिन्छ :**

'आयोजना व्यवस्थापन क्षमता र प्रतिबद्धताको कमी पनि अर्को कारणको रूपमा रहेको देखिन्छ । यसले गर्दा साना समस्याहरू पनि समन्वयात्मक ढङ्गले सल्टाउन नसक्दा आयोजनाले गति लिन नसकेको पाइन्छ ।' सूचना प्रविधिको प्रयोग बढेको अवस्थामा पनि सार्वजनिक खरिद ऐनका प्रावधानहरू लामो समय लाग्ने रहेका छन् । जसले गर्दा आयोजनाको ठेक्का व्यवस्थापनको लागि लामो समय लाग्ने हुँदा कार्यान्वयनमा जान ढिलाइ हुने गरेको छ । धेरै मन्त्रालय तथा सरकारी कार्यालयमा खरिद विज्ञको अभावमा ठेक्का व्यवस्थापन फितलो हुन गई कार्यान्वयनमा जान ढिला हुने र कमजोर हुने गरेको छ । धेरैजसो कार्यक्रम तथा आयोजना एक वर्षमा नसकिन सक्छ । ढिलासुस्तीले गर्दा सकिने कामहरू पनि समयमै सकिँदैन । बहुवर्षीय आयोजनाको स्रोत व्यवस्थापन र स्रोत सुनिश्चितताको समस्या रहेको छ । यसले गर्दा कतिपय काम सकिएका आयोजनाहरूमा बजेट नभई भुक्तानी नुहने हुन्छ भने कतिपयमा बजेट भएर पनि खर्च हुँदैन । सरकारी आयोजनाले वन क्षेत्र प्रयोग गरेवापत क्षतिपूर्ति रकम दिनु नपर्ने गरी वन ऐनमा संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ । संघीयतामा सम्पूर्ण सानातिना आयोजनाहरू प्रदेश र स्थानीय तहबाटै हुने गरी बजेट उपलब्ध गराई हस्तान्तरण गरिनुपर्दछ । संघीय मन्त्रालयले ठूला आयोजना, कानून तथा नीति नियम निर्माणमा आफूलाई केन्द्रित गर्नुपर्दछ । आयोजनामा खटाइएका कर्मचारीलाई निश्चित समयमको लागि अन्यत्र सरूवा नगरी विशिष्टता हासिल हुने व्यवस्था गरिनुपर्दछ । छिटोछिटो कर्मचारीको सरूवाले स्थायित्वको अनुभूति हुने गरेको छैन । 'ठूला र जटिल आयोजनामा प्राविधिक जनशक्ति सहित प्रविधि, ज्ञान

र सीप हस्तान्तरण हुने गरी बहुपक्षीय दाताहरूसँग वैदेशिक सहयोग लिने व्यवस्था हुनुपर्दछ । सानातिना कामको लागि वैदेशिक सहयोगले परनिर्भरता बढाउँदै लैजान्छ ।' आयोजना व्यवस्थापन क्षमता र प्रतिबद्धताको कमी पनि अर्को कारणको रूपमा रहेको देखिन्छ । यसले गर्दा साना समस्याहरू पनि समन्वयात्मक ढङ्गले सल्टाउन नसक्दा आयोजनाले गति लिन नसकेको पाइन्छ । सूचना प्रविधिको प्रयोग बढेको अवस्थामा पनि सार्वजनिक खरिद ऐनका प्रावधानहरू लामो समय लाग्ने रहेका छन् । जसले गर्दा आयोजनाको ठेक्का व्यवस्थापनको लागि लामो समय लाग्ने हुँदा कार्यान्वियनमा जान ढिलाइ हुने गरेको छ । धेरै मन्त्रालय तथा सरकारी कार्यालयमा खरिद विज्ञको अभावमा ठेक्का व्यवस्थापन फितलो हुन गई कार्यान्वियनमा जान ढिला हुने र कमजोर हुने गरेको छ ।

बेरूजु फछ्र्यौट गरी आर्थिक अनुशासन पालना गराउनुमा मन्त्रालयहरू बढी सक्रिय भइरहनु पर्दछ । त्यसको लागि मन्त्रालयहरूले आफ्नो मातहत कार्यालयका बेरूजु रकम हिनामिना वैदेशिक स्रोत र साधनको स्थिति आर्थिक नियमहरूको उल्लङ्घन उनीहरूले दिनु पर्ने विवरणहरू र स्पष्टीकरण आदि दिए नदिएको बारे जानकारी प्राप्त गरी कारबाही गर्न गराउनु पर्दछ । अर्को कुरा मन्त्रालयहरूलाई यस्तो जानकारी उपलब्ध गराउनु पर्दछ कि साधनको रूपमा जिल्लास्तरीय कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई सुदृढ र व्यवस्थित गर्नु पर्दछ र यसका लागि सम्बन्धित ऐन नियममा पनि आवश्यक व्यवस्था गरिनु पर्दछ । ♦♦

## बालगीत



**✍ श्यामकृष्ण डंगोल प्रतीक्षा**

क, ख, ग, घ पढ् मेरी सानी नानी
आमा म पनि स्कुल जान्छु भनी ।
आमा मलाई हेरी भन्छिन् हाम्री छोरी ज्ञानी
उसको त्यो लजाउने निकै राम्रो बानी ।

ताती ताती भन्छिन्, पुतली भन्दा राम्री छोरी
मेरी आमा बुबु खुवाउँछिन् मलाई खुसी पारी ।
मलाई पनि सिकाई देउन् क, ख, ग, भनी
उफ्री उफ्री भन्छिन्, हाम्री सानी नानी ।

कहिले भन्छिन् भोक लाग्यो मेरी आमा भनी
कहिले भन्छिन् खेल्न जाऊँ हाम्री सानी नानी ।
किताब, कापी, कलम पनि किनी देउन् बाबा
भन्छिन् हाम्री छोरी स्कुलमा गई पढ्छौ आमा ।

निबन्ध

# साथीहरू



✍ डा.छायादत्त न्यौपाने 'बगर'

जन्म-मृत्युको खेल । सृष्टिले डोऱ्याएको यो जन्म-मृत्युको चक्र । यो अनन्त प्राणीहरू जोडिएको खेल हो । जन्म र मृत्यु प्रकृतिजन्य ध्रुव सत्य परिघटना हो । यसबाट कुनै प्राणी अछुत छैन । जन्म-मृत्युको चक्र चिन्ने मान्छे भन्छ, भन्दै छ जन्म एक्लै हुन्छ, मृत्यु एक्लै हुन्छ । जन्मन्छ मान्छे हात बाँधेर, मृत्यु हात खोलेर हुन्छ । रूँदै जन्मन्छ र हँसाउँछ, मृत्यु मौन हुन्छ र रूवाई छाड्छ तर मलाई लाग्छ थरीथरी साथीहरू लिएर जन्मन्छ मान्छे । जन्मँदा साथै ल्याएका यी थरीथरी मित्र सँगै लिएर जान्छ मृत्यु । जन्मसँगै जोडिएर आउने मृत्यु शरीरले बोकेका अनेक साथी हरदम साथी भइरहन्छन् । कतिखेरै साथ छाड्दैनन् र त मृत्युमा पनि सँगै हुन्छन् ।

मान्छेका यी अनेक थरी कर्मयोद्धा मित्र एकभन्दा एक मूल्यवान् छन् । कुनै एक छान्नु पर्ने भयो भने मान्छेलाई निकै मुस्किल पर्छ । यी विभिन्न मित्रमध्ये क्षण-प्रतिक्षण रहिरहने र रहिरहनुपर्ने मित्र हो सास । यो जन्मसँगै आउँछ र शरीर नछाडी बसिरहन्छ । शरीर र यससित जोल्टिएका अन्य अङ्गहरूको अन्तिम बिदाइ गर्छ सासले । यसले शरीरलाई बिदाइ गरेपछि अरू मित्रहरू पनि शिथिल हुन्छन् । शरीरसँगै समाहित भएर जान्छन् । सास रहँदासम्मका साथीहरूमा गति यसैले सञ्चार गर्छ । सास जीवन सञ्चालन गर्ने अनुपम साथी हो । शरीरसँग यसको अन्योन्याश्रित सम्बन्ध रहिरहन्छ । यसले प्रकृतिसित हावा लिएर मान्छेलाई सास दिन्छ ।

जीवनलाई जीवन्त रहन सघाउने अर्को मित्र हो मुख । मुखले जीवनको जतन गर्छ । शरीरलाई शक्ति प्रदान गर्ने खुराक भर्ने काम मुखको हो । कर्म क्षेत्रमा समर्पित हुने वा नहुने भनेर प्रतिक्रिया दिने र अन्य व्यक्तिसितको सम्बन्ध विस्तार गर्ने वा छुटाउने स्रोत पनि मुख नै हो । जीवन समूहमा सार्थक बन्ने हुँदा मुखको भूमिका समूह विस्तारमा पनि सक्रिय रहन्छ । मन-मस्तिष्कको उपज ज्ञानविज्ञान र विधिव्यवहार अरू

समक्ष सम्प्रेषण गर्ने मुखले नै हो । शब्दार्थको उपयोग गरी कानमा पुऱ्याउने र मान्छेलाई सक्रिय हुन अराउने मुखै हो । यसर्थ भन्न मन लाग्छ यो मान्छेको गतिलो साथी हो मुख । कुनै अर्को साथीलाई रोजेर मुखलाई त्याग्न सम्भवै छैन । मुख त मान्छेको बाह्य परिचायक मानिन्छ । यो मान्छेसँगै जन्मेको हो र बिदा पनि सँगै लिन्छ ।

मान्छेलाई संसार देखाउने अर्का साथी आँखा हुन् । दुइटा आँखा सँगै लिएर जन्मन्छ मान्छे । भनाइ छ नि पृथ्वीमा आँखा खोलेको दिन भनेर जन्मेको दिन सम्झने । आँखाले दृश्य देखाउँछन्, रङ चिनाउँछन् । जीवन देखाउँदै आवश्यक ज्ञान र सिपसँग परिचित गराउने आँखा नै हुन् । घरपरिवारका सदस्यसँग भेट गराउने र साथीभाइबिचको सम्बन्ध बुझ्न/बुझाउन सघाउने पनि आँखै हुन् । आँखा पनि मान्छे जन्मदासँगै आउने र मृत्युसँगै जाने साथी हुन् । आँखालाई चेतना र जीवनको आवश्यकताले सक्रिय बनाउँछन् । सक्रिय आँखा मान्छेलाई गति दिन्छन् । जीवन बाँच्नका लागि आँखाको देन महत्त्वपूर्ण रहन्छ । आँखा शरीरसँगै बिदा नभई केही समय पर्खेर पछि बिदा लिन्छन् । यसबिचमा मान्छेले चाहे आँखा अरूलाई उपहार दिन सक्छ । सहयोग गर्न मिल्छ । भनाइ पनि छ आँखा दान महादान । इच्छुक व्यक्तिले यो व्यवस्था मृत्युवरणको अवस्था आउनु अघि नै गरिसकेको हुन्छ । शरीरमा सास रहुन्जेल व्यक्ति स्वयंलाई संसार देखाउँछन् आँखाहरू । यिनबाट इच्छा हुनेलाई मृत्युपछि आफ्ना अर्को मान्छेलाई संसार देखाउने सहयोगी भई मानवीय चेतना सम्पन्न उपकारी हुन पनि सघाउन सक्छन् ।

मान्छेको अनुहार सुन्दर रहन नाकले सघाउँछ । अनुहारको बिचमा डाँडो बनेर पसारिएको नाकमा दुइटा प्वाल हुन्छन् । ती प्वाल मान्छेलाई सास फेराउन हावाले उपयोग गर्छ । नाकले पृथ्वीबाट उत्पन्न हुने गन्ध थाहा पाउन सघाउँछ । नाकबाट मान्छे सुगन्ध र दुर्गन्ध दुवै पत्ता लगाउने काम हुन्छ । नाक मानिसको महत्त्वपूर्ण अङ्ग हो । मान्छेको रूप सौन्दर्य बताउन र जडिबुटीको गन्ध चिनाउन उपयोग हुने गतिलो साथी नाकै हो । अनुहारमा नाक भएन भने मान्छे नकटो बन्छ । नाक काटिनु, नाक लम्बिनु, नाक राख्नु जस्ता भनाइहरूले पनि नाकको महिमा गान गरिरहेका हुन्छन् । यो पनि मानिससित सँगै जन्मिने र मृत्युसँगै जाने मित्र हो । मान्छेका पाँचौं महत्त्वपूर्ण मित्र हुन् कान । कान दुइटा हुन्छन् । अनुहारका दुई छेउमा बराबर रूपरङ र हैसियतमा कानको उपस्थिति रहन्छ । कानका अरू नाम श्रवणशक्ति, श्रोतेन्द्रिय पनि

हुन् । कानले मानिसलाई विचार व्यवहार विनिमयको लागि सघाउँछन् । शब्दशक्तिको भरपूर उपभोगमा कानको साथ अनिवार्य रहन्छ । कानैले त हो जीवनलाई गति प्रदान गर्ने । पढाइ, लेखाइ, बुझाइ र सुनाइमा कानकै देन रहन्छ । कहिलेकाहीं कानले दुःख पनि दिन्छन् । केटाकेटीले केही गल्ती गरे तेरा कान उखेलिदिऊँ भनेर तर्साउने चलन छ । कतिपय बुज्रुकले तिम्रा कान त लताकलुतुक भएछन् भनेर गुटुमुटु पारिदिने जस्तो ठट्यौली गर्छन् । सानोतिनो गल्तीमा बालकलाई दण्ड सजाय दिनका लागि पनि कानको दुरूपयोग हुने गर्छ । जसले जसरी अर्थ्याए पनि कान मान्छेले निजी र सामूहिक भावनात्मक अनुभूति लेन/देन गर्ने महत्त्वपूर्ण अवयव हुन् । यिनको पनि जन्ममृत्यु शरीरसँगै हुन्छ ।

खुट्टा मान्छेलाई गतिदिने अङ्ग हुन् । एक ठाउँबाट अर्को ठाउँमा जान/आउन सघाउने खुट्टाले नै हो । नयाँ भूगोल चिनाउने खुट्टा छिटो-छिटो हिंडाउँछन्, दौडाउँछन् र कर्मक्षेत्रमा सक्रिय हुन प्रेरित गर्छन् । मान्छेलाई उत्पादन कार्यमा मदत गर्ने खुट्टाले हो । मान्छेका खुट्टा दुइटा हुन्छन् । यी दुवैको काम गतिशील जीवनमा उर्जा प्रदान गर्नु हुन्छ । आजभोलिको प्रविधिले दिएको सुविधायुक्त गति नाप्न र यातायातका साधन उपयोग गर्न पनि खुट्टाको भूमिका अब्बल रहन्छ । खुट्टाले व्यक्तिगत जीवनका लागि घर भित्रबाहिर गर्न, तलमाथि डुल्न फिर्न सघाउँछन् । खुट्टाविना जीवन शिथिल हुन्छ । मान्छेलाई जीवन रसिलो, जोसिला, हँसिलो र फुर्तिलो बनाउने प्रेरणा खट्टाबाटै प्राप्त हुन्छ ।

मान्छेको जीवन सहज बनाउने अर्का अङ्ग हात हुन् । यी दुवै हातले मान्छेलाई सभ्य बनाउँछन् । खेतीपाती लगाउनेदेखि लुगाफाटो सिउने/सिलाउने धुने मिसिनहरू उत्पादन र प्रयोगमा हातकै भूमिका महत्त्वपूर्ण रहन्छ । हातविना मान्छे बुच्चो देखिने मात्र होइन कर्महीन भई उत्पादन रहित शून्यावस्थामा पुग्छ । आपसी सहयोग सद्भाव साटासाट गर्न र उत्पादन कार्यमा अर्मपर्म चलाउन पनि हातकै योगदान रहन्छ । मान्छेको संस्कार, संस्कृति, सभ्यता र परम्पराको संरक्षणमा पनि हातको देन हुन्छ । स्वच्छ, सफा, स्वस्थ जीवन बाँच्नका लागि हातले सघाउँछन् । हात जीवन सुव्यवस्थित सञ्चालन र शारीरिक सौन्दर्य कायम गर्नका लागि समेत महत्त्वपूर्ण साथी हुन् । यिनले मान्छेलाई व्यवस्थित हुन सघाउँछन् ।

मान्छेलाई जिउँदो राख्ने अङ्ग मुटु हो । मुटु शरीरको बिचमा लुकेर

बस्छ । यसले शरीरलाई गति दिन्छ, रक्त सञ्चार गर्छ, प्राण रक्षामा मुटुको देन अहम् रहन्छ । महत्त्वपूर्ण अङ्ग सास प्रवाहको केन्द्रका रूपमा मुटु बस्छ । मान्छेलाई कसैमाथि स्नेह खन्याउनु पर्‍यो भने मुटुसँग दाँजिन्छ । मुटुको चर्चा बहुमुल्य वस्तु र प्रिय सन्तानसँग हुन्छ । बाआमा मुटुका दाता हुन् यी दुवै आदरणीय हुन्छन् । मन मस्तिष्कलाई खुराक दिएर गतिशील राख्ने अहम् जिम्मेवारी मुटुले पूरा गरिरहेको हुन्छ । जबसम्म मान्छे स्वच्छ, स्वस्थ मुटुको हुन्छ तबसम्म सक्रिय रहन्छ । मान्छेको चेतना र शरीरको गति चलाइरहने सामर्थ्य मुटुमै रहन्छ । यसले आफ्नो गति स्पन्दन नरोकेसम्म मान्छे मुस्कुराइरहन सक्छ । मुटु धड्कन रोकिएपछि भने मान्छेको जीवनलीला पनि टुङ्गिन्छ, समाप्त हुन्छ ।

भुँडी मान्छेको नवौं मित्र हो । यसले मुखसित सम्बन्ध राखेर मुटुलाई चाहिने पोषण तत्त्व सम्प्रेषण गर्छ । प्रकृति चेतना, स्वभाव र शारीरिक आवश्यकतानुसार खुराक मान्छेले मुखबाट खान्छ । मुखले पठाएका खुराकको जतन गरी पाचन प्रक्रियाबाट रस निकालेर मुटुलाई दिने काम गर्छ । यसैले रक्तसञ्चारका लागि नसाहरूमा पठाउँछ । यसैबाट मान्छेलाई शारीरिक बल प्राप्त हुन्छ । मस्तिष्कले पनि आवश्यक रासायनिक तत्त्व लिन्छ । अन्नपात, सागपात, दुध, दही, घिउ आदि गोरसजस्ता खाद्यपदार्थलाई जतन गरी शारीरिक तन्दुरूस्तीका लागि प्रवाह गर्ने काममा भुँडीले गति दिइरहेको हुन्छ । यसर्थ भुँडी पनि मान्छेको भरपर्दो मित्र हो ।

मान्छेको शारीरिक तन्दुरूस्तीका लागि आवश्यक खुराक सञ्चय गरी प्रशोधनको माध्यमबाट बाहिर फाल्नुपर्ने मल, मलमूत्रेन्द्रिय पनि अभिन्न साथी हुन् । यी दुवैको सहयोगले मान्छे स्वस्थ निरोगी रहन सक्छ । खाएका परिकारबाट प्राप्त हुने र शरीरलाई आवश्यक पर्ने तत्त्व बाहेकका सामग्री मलमूत्र हुन् । यिनलाई बाहिर पठाएर शरीरका अङ्गहरू चलाए मान राख्ने प्रक्रियाका लागि यी गुप्ताङ्गहरूको देन रहन्छ । यिनलाई गुप्ताङ्गका रूपमा सुरक्षित गर्नुले मानिसलाई सभ्य-शालीन र भद्रताको परिचय बचाउन सघाउ पुगेको मानिन्छ । मान्छेले यिनलाई वस्त्राच्छादित गरी सुरक्षा दिन्छ । यिनको सरसफाइमा ख्याल गर्छ । यिनकै सहयोगले मान्छे निरोगी रहन्छ । यिनकै सहायताले मानवीय मर्यादा कायम गर्न पाउँछ । नैतिक मूल्य जोगाउँदै स्वस्थ शारीरिक अवस्था बचाइरहनका लागि समेत यिनै क्रिया-प्रतिक्रियाले मानवधर्म संरक्षित गर्दै आएको विश्वास गरिन्छ ।

मान्छेको जन्मसँग जोडिएका उपकरण नङ, रौं, दाँतहरू पनि हुन् । यी थरीका उपकरणले पनि मान्छेलाई जीवन सञ्चालनमा सघाइरहेका हुन्छन् । नङले जिउ कन्याउन मदत गर्छन् । नाक-कानको सरसफाइमा पनि नङको भूमिका रहन्छ । खाद्यवस्तुको सरसफाइ र जतनमा पनि मदत गर्छन् । रौंले पनि सिङ्गै टाउको, नाकका प्वालमा रहेर धुवाँ-धुलोबाट बचाउँछन् । दाँतले त झन् खाद्यवस्तु चपाउने काममा अद्वितीय भूमिका निर्वाह गर्छन् । यी अङ्ग शरीर सञ्चालनका महत्त्वपूर्ण उपकरण हुन् । यिनलाई शारीरिक सौन्दर्यवर्धक साधन पनि मानिन्छ । यी शरीरका लागि नभई नहुने हुँदा जन्मसँगै लिएर आउने अभिन्न अङ्ग हुन् र उपकरणका रूपमा प्रयोग हुन्छन् । मान्छेको जीवन निर्वाहका लागि यी थरीथरी अङ्गहरूको महत्त्वपूर्ण देन रहेको छ ।

मान्छेसँगै जन्मेका यी मित्रहरू परिचालन गर्छ चेतनाले । चेतना पूर्वजबाट प्राप्त वंशानुगत गुण पनि मानिन्छ । यसले मान्छेलाई समूहमा बस्न प्रेरित गर्छ । सामूहिक जीवनको अर्थ, महत्त्व र आवश्यकता बुझाई शालीन जीवन बाँच्न सिकाउँछ । यी टाँसिएर आउने शारीरिक अंशले व्यक्ति स्वयंलाई व्यवस्थित रहेर परिवार, समाज र राष्ट्र-गौरव बुझाई मित्रवत् विधिव्यवहारबाट जीवन निर्वाह गर्न प्रेरित गर्छन् । यसका लागि आवश्यक ज्ञान, सिपसित कर्मयोगी विषयमा इमानदार भई सहिष्णु बन्न अभ्यस्त गर्छन् । आपसी मेलले जीवन सुखी र सम्पन्न बनाउने सन्देश प्रवाह गरी नैतिक मूल्य स्थापित गरिदिने यिनै अङ्ग हुन् । यसै प्रक्रिया र पद्धतिले मान्छेलाई भद्र भलादमी बनाउँछ । यिनै जन्मौटे साधन-स्रोतबाट मान्छे सभ्य, सचेत सामुदायिक प्राणीका रूपमा विकसित भएको हो । यसैले धेरै मान्छेहरूबिच आत्मीय सम्बन्ध बढाउन प्रेरित गर्छ ।

मान्छे यी धेरै इन्द्रियहरूसँगै लिएर जन्मन्छ र जन्मसँगै आएका यी अङ्ग सबै मृत्युसँगै लिएर जान्छ । यी सधैं सँगै रहने आवयवको ख्याल नगरी एक्लै जन्मे भन्ठान्नु कति सान्दर्भिक हुन्छ ? नजिकको तीर्थ हेला भनेझैं मान्छे आफ्नै शरीरका अङ्गलाई सहयोगी ठान्दैन, मित्र मान्दैन ! उसलाई थाहा छ आफूसँगै हुर्किएका यी अङ्ग–प्रत्यङ्गहरूको महत्त्व कति छ ? तर तिनलाई विश्वसनीय मित्रको रूपमा स्वीकार गर्दैन । प्रिय ठान्दैन, नजिक देख्दैन, उपयोग गर्छ लाभ लिन्छ तर आफ्नै सहृदयी मान्दैन । सास फेरिरहन्छ, स्वस्थ रहन्छ, आँखाले संसार देख्छ, रमाउँछ, आनन्दित हुन्छ ।

हातले मान्छे आहार खान्छ खुवाउँछ, जीवन जिउँछ । खुट्टाले एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउँछन् । नयाँ नयाँ भूगोल, समाज र ऐतिहासिक स्थलमा घुमाउँछन् । नाक, कान, भुँडीहरू, सबैको भूमिकाले जीवन अविच्छिन्न सञ्चालन गरिरहन्छन् । जीवनजस्तो जीवनलाई गति दिन यी सबै अङ्गहरूको विशेष सक्रियता रहन्छ । यो सामूहिक अङ्गहरूको समुच्च योगदानले जीवन चलेको हुन्छ । शरीरसँगै जोल्टिएका अङ्ग सबैभन्दा भर्पर्दा साथी हुन् । यिनले कहिल्यै ढाँटछल गर्दैनन् । एकले अर्कालाई झुक्याउँदैनन् । ♦♦♦

**कविता**

# मानवता



✍ **रेणु अधिकारी 'मौनता'**

जन्मैले कोही हिन्दु अनि
कोही मुसलमान हुँदैन ।
जन्मिदै कोही क्रिश्चियन,
अनि कोही यहुदी पनि हुँदैन ।
मान्छे आखिर मान्छे नै हो
मानवता बाहेक अरू
कुनै धर्म हुँदैन ।

नामैले कुनै देश,
कसैको पेवा हुँदैन ।
रङले गोरो मानिस र,
कालो पशु हुँदैन ।
जहाँ टेकूँ,
यो धर्ती हाम्रै हो ।
सम्पूर्ण प्राणीको घर,
धर्ती बिनाको प्राणी हुँदैन ।
जन्मैले कोही ठुलो अनि,
कोही सानो हुँदैन ।
जन्मिदै कोही अछुत अनि,
कोही ब्राम्हण पनि हुँदैन ।
रगत आखिर सबैको रातै हुन्छ ।
मुटु सबैको तातै हुन्छ ।
माया बिनाको मानिस हुँदैन ।

किन कि ?
सबै मानिस,
खुसी हुँदा एउटै हाँसो हाँस्छ ।
दुःख पर्दा उस्तै रूहाई रून्छ ।
न त जात देखिन्छ ।
न त धर्म देखिन्छ ।
न त भाषा देखिन्छ ।
न त कुनै देशको माटो टल्किन्छ ।
मात्र मानवता झल्किन्छ ।

**यात्रा संस्मरण**

# दुप्चेश्वर दर्शन



✍ **मधुसुदन प्रसाद घिमिरे**

मनले आटेर मात्र नहुने रहेछ । धेरै साल देखि दुप्चेश्वर दर्शन गर्न रहर थियो । मौका मिलेन । पछि कोरोना कहरले झनै सबैका उत्सुक मरेको बेला मेरा चाहना पूरा हुने कुरै भएन ।

२०७८ पुस १९ गते त्यहाँ पुग्ने अठोट गरें । मोटर रिजर्भ भयो । आफ्नै बन्धु बान्धवले छेकाटो हाल्दै भने-यो जाडो छोटा दिन किन जाने ? लामा दिनमा गए हुन्छ । मैले जवाफ दिए-मोटर रिजर्भ गरिसके अब म एक्लै भए पनि त्यहिँ दिन जान्छु ।

उक्त दिन बिहान ६:१५ मा भायो शर्मिला घिमिरे र पुत्रबधु संगिता लामिछाने सहित बन्धु बान्धव मोटर चढियो । यात्रु लिन पाटन गएको बाटो भुलिएर केही समय बिलम्बमा परियो । सुवेदी, सरिता सुवेदीले साथ दिए ।

अगाडि ड्राइभरसँगै बासु ढुङ्गाना र म बस्यौ । मोटर बन्दोबस्त गरिदिने मित्र कृष्णरामजीले म जान्न भन्दै गन्तव्यमा पुगियो। गाडी हाक्ने भाई थिए, प्रकाश अधिकारी र माइक्रो नम्बर बा १ ज ८६८६ । म सुगर र प्रेसरको रोगी बस चढे पछि ट्वाएलेटको समस्या झेल्दै खानी खोला नपुग्दै बीस किलो मिटरको एक होटलमा पेट साफ गरी तातो चिया खाइयो । कानमा हाल्ने तेल जतिको चियाको रू. २५।- प्रति व्यक्ति तिरियो । यो काम गर्ने थिए कृष्णराम ।

बाटामा विभिन्न विषयका जानकारी राख्ने कान्छो भाइ मदनले गफ गर्दै थियो भने धर्मका कुरामा गफ गर्दै हिंड्ने माइला भाइ मोहन घिमिरे थिए । बाक्न नसकेर मडारिदै नबोली हिंड्नेमा संगिता, शर्मिला थिए भने बिच बिचमा बोल्ने निर्मला ढुंगानाका साथ भ्रात बधु दिल कुमारी र सुभद्रा समेतले गफमा गफ मिलाउदै थिए । गाडीलाई साइड दिने, प्रहरी पोष्टमा नाम टिपाउने कमै बोल्ने भाइ  थिए, नवीन कथायत ।

गल्छि हुँदै देवीघाटलाई मनले प्रणाम गर्दै गंगेटे, ढिकुरे हुँदै यात्रा बढी रह्यो । हामीलाई खरानीटार, तादी

गाविस अनि दुप्चेश्वर गाविसले क्रमशः स्वागत गर्दै थियो । कतै स्कुल चालु भएर विद्यार्थी हिँडिरहेका देखिन्थे भने कतै स्कुल बन्द भएको हेर्दै बाटो काट्ने काम भइरह्यो ।

कतै सलल पिच भेटियो भने कतै बिग्रिएको डर लाग्दा खाल्डा खुल्डी । ती खाल्टाले भन्दैथे, "नडराइ जाउ हामीले थेग्न सके सम्म थेगी हाल्छम् नि" गुरूजी होसियारी साथ हाँक्थे, हँसिला बोलैया रहेछन् ।

गन्तव्यमा १२ बजे पुगियो । मैले गुरूजीलाई सोधेँ-कति किलोमिटर हिँडियो, उनले जवाफ दिए-"मेरो गाडीमा किलोमिटर देखाउदैन बिग्रिएको छ । तर हामी बानेश्वरबाट यहाँ आइ पुग्दा एकसय पचास कि.मि. जति कुदियो । गाडी बिस्तारै ल्याएको छु । बढी कुदाउने मेरो बानी छैन।" गाडी राखेर म बुढाले आधा घण्टा पैदल हिँडे । कतै खेतका आली, कतै ढुङ्गा नै ढुङ्गा, केही हिँडे पछि तलै जुत्ता फुकालेर राम्रा सिँढी उक्लिने काम भयो । त्यो सिढी गन्न त गनिएन तर साथीहरूबाट एक सय पचास वटा जति रहेको भन्ने कुरा आयो ।

थोरै कल्पना गर्दा दुप्चेश्वर हलेसी महादेवसँग मिल्दो ठाने । ढुङ्गाको ककारोमा निर्जन ठाउँमा माथि ढुङ्गाकै छत मुनि पनि सबै ढुङ्गा तर बिचमा भगवानको बास । हलेसी जमिन मुनि रहेको र दुप्चेश्वर जमिन माथि डाँडोमा तर ढुङ्गाकै ककारोमा वा भगवानको बास अप्ठेरो नै ठाउँमा । सर्सर्ति हेर्दा डोलेश्वर भगवानको जस्तो मोटो छोटो आकार पनि।

अँगालोले अलि नभ्याउने मोटो व्यास, माथि टाउकोमा टुपीभैँ टुटिलो दक्षिण तिर गणेश जस्तो सुँड हो कि भै लाग्ने करिब एक हात बराबर अग्लो शिव मूर्ति दर्शन गर्न पाउँदा उकालोमा आएको पसिना र बढेको दम सबै बिर्सिए। दुप्चेश्वर भगवानको पूर्व केही ओर्लिए पछि साना-साना पाँच मुखे शिवलिङ्ग तीन लाइन लहरै देखियो ।

मान्छेहरू भन्दै थिए, चौसठ्ठीको शिव लिङ्ग जस्तै रहेछ । त्यहिँ छेउमा द्वाद"शज्र्योतिर्लिङ्गहरूको नाम लेखिएका शिव लिङ्गहरू देखेर मलाई मनमा लाग्यो"-वास्तवमा पुण्य भूमि नेपाल हो । हामी पसिनाले कमाएको पैसा खर्च गरेर भारतमा तिर्थ जान्छौ तर भारतमा भएका देवताहरू नेपालमा पनि छन् भन्ने कुरा चाहिँ बिर्सन्छौ ।

आफूले जति जाने, त्यति भगवानका नाम स्मरण गर्दै रूद्री भनेर तल भर्दा दोर्खु खोलाको भोलुङ्गे पुलले भन्यो- यहाँसम्म आएर मलाई नछोइ जान्छौ त ? हामी केही यात्रु गई पुल माभमा फोटो खिच्यौ। दुप्चेश्वरको उत्पत्तिका बारेमा सोध्दा त्यहाँका पुजारीका साथै अरू भेटेका मध्ये

कसैलाई थाहा नभएको पायौ ।

पुजारी बा खतिवडा रहेछन् । उनी लोभी देखिदैनथे । शिवलाई चढाइएका नैवेद्यहरू बाँदरलाई फटाफट दिएको देखियो । अरू पुजारी भन्दा यी पुजारी उदार मनका देख्दा खुसी लाग्यो । होटलको नाममा मम र सुर्मा तान्ने बढी पसल देख्यौ ।

बहिनी भवानीका परिवारले लगेका दही, चिउरा, काउली, बर्फी र केराले हाम्री मोटरमा जाने सबैको उदर भरिने काम भयो । कञ्चन र निर्मल दोर्खु खोलाका पानीमा माछा सलबलाइ रहेका थिए । हामीले त्यहाँको पानी पियौँ । घाम चर्केको बेला शितल महसुस भयो । मैले सल्बल गरेका माछा देखे । माछाहरूले पनि भने,"तपाईंहरू कति जाति हुनुहुँदो रहेछ । हामीलाई देख्नेले हामीलाई समात्न जाल थाप्थे तर तपाईंहरूले प्रिय भावनामा हामीलाई हेर्नुभो। फेरि पनि आउदै गर्नुस है ।"

दुध हालेको चिया पिउने रहर मेटाउन मोटरमा फर्किदा दुई घण्टा वर आएर घिमिरे नानी, लामा पतिका साथ बसेकी पसलमा चिया पिएर बिस्तारै उहीं बाटो घर फर्कदा बेलुकी आठ बजेर चौबिस मिनेट गएको थियो । ♦♦♦

**कविता**

# युवालाई



✍ **विवेक दुलाल क्षेत्री 'दमक'**

आकाशको तुवाँलो जस्तो
मुख फर्काएर बसेको सुहाएन
मंसिरको हुस्सु हुँदै
आफैमा गुट मुटिएको पनि मन परेन
ए हेर त ! पृथ्वीको पारीबाट
बादल पन्साउदै घाम आगनमा आइ सक्यो
तिमी निदायौ कि !
हेर त चन्द्रमाले गगनलाई चार फन्का
लगाइ सक्यो !!
पहाडबाट खसेकी पटुका जस्ती सानी नदि
मैदानमा पुगेर विशाल समुन्द्र बनी सकि
बचरा खोज्दै एक हुल चराहरू
हिमालतिरको उकालो एकोहोरो उडिसके
हात छ, मस्तिष्क छ
आँखा छन्, नाक छ
पाखुरा छन्, जागर छ
के छैन तिमीसित
उठ धरती तिम्रै स्पर्शको प्यासी छ
तिमीले केही हुन्न, केही गर्न सकिन्न भन्ने
शैलीलाई फेर्नु पर्छ !
यो माटोको सौर्य तिमी हौ युवा !
यो देशको कर्तव्य अब तिम्रो काधमा छ ।

# जोमसोम पारि "निलगिरि"



✍ प्र.ना.उ. भोजराज पाण्डेय

हामीमा इच्छा शक्ति र मन भएमा प्रकृतिको अनुपम शौन्दर्यताले भरिपूर्ण हाम्रो देश नेपालमा पुग्नु पर्ने र घुम्नु पर्ने धेरै ठाउँहरू छन् । नेपालको भूगोलको मात्रै कुरा गर्ने हो भने पनि अन्य मुलुकको भन्दा पृथक छ । हिमाल, पहाड र समथर तराई मिलेर बनेको नेपाली भूभाग आफैमा एउटा अनुपम प्राकृतिक विशेषता हो । यी प्राकृतिक विशेषतालाई छोडेर हामी व्यस्त शहरको कोलाहल बीच पनि यदाकदा देखिने दृश्यहरूमा रमाएर मोबाइलको क्यामेरामा आफूलाई कैद गरेर टिकटक र फेसबुकमा व्यस्त बनाउने गर्दछौं, मानौ कि यो भन्दा सुन्दर दृश्य नेपालमा कतै पनि छैन। हामी मध्ये धेरैलाई नेपाली भूगोल र यसको प्राकृतिक शौन्दर्यताको बारेमा किताबी ज्ञान बाहेक सबै थाहा नहुन सक्छ । तैपनि आफ्नो भावि पुस्ताको लागि यसरी मरिमेटेर लागेका हुन्छौं की मानौं हामीलाई फुर्सद नै छैन । नेपाली भूगोलको प्राकृतिक शौन्दर्यतालाई हामीले नजरअन्दाज गर्नु युक्तिसंगत हुन्छ जस्तो लाग्दैन् ।

दक्षिण एशियाको भूपरिवेष्टित देश नेपालको दक्षिणी भूभाग भारतसँग सीमाना जोडिएर रहेको तराईको समथर जमिनी भू-बनावट रहेको छ भने उत्तर श्रृङ्खला हिमालय पर्वत श्रृङ्खलाले सीमाङ्कन गरेको छ जुन छिमेकी मुलुक चीनसँग सीमाना जोडिएको छ । त्यसमा पनि पूर्वमा मेचीदेखि पशिचममा दार्चुला सम्मको उत्तरी भूभागको सीमाना चीनसँग कठिन भौगोलिक हिमाली धरातलले घेरिएको छ । जसमा साना हिम श्रृङ्खला देखि सोलखुम्बु जिल्लामा पर्ने विश्वको ८,८४८ मिटर अग्लो सर्वोच्च शिखर सगरमाथा हिमाल पनि उत्तरी श्रृङ्खलामा नै पर्दछ । यसै जिल्लामा आठ हजार मिटर माथिका कञ्चनजङ्घा लगायतका अन्य हिमालहरू पनि पर्दछन्, जुन नेपालको पर्यटनको बलियो आधारको रूपमा रहेका छन् ।

गण्डकी प्रदेशमा पर्ने ११ वटा जिल्लाहरू मध्ये मुस्ताङ जिल्ला सबैभन्दा

उत्तरमा पर्ने उच्च हिमाली जिल्ला हो । यो हिमाल पारिको जिल्ला, सबै भन्दा कम पानी पर्ने जिल्ला र विविध भौगोलिक बनावटको जिल्ला आदि नामबाट पनि परिचित छ । मुस्ताङ जिल्ला धौलागिरि र निलगिरि दुई अग्ला हिमशिखरको बिचमा अवस्थित छ । सायद पानी कम पर्नेर पर्याप्त वन जङ्गल नभएको कारणले गर्दा पनि यस जिल्लालाई मरूभूमिको जिल्ला पनि भनिएको होला । यस जिल्लाको ऐतिहासिक आधार र भौगोलिक अवस्था हेर्दा धेरै अघि यो क्षेत्र नेपाल र तिब्बत बिचको मुख्य व्यापारिक नाका रहेको बुझिन्छ । मुस्ताङ जिल्लाको उत्तरी सीमाना मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको लोमान्थान गाउँपालिकामा पर्ने कोरोला नाकासम्मको भूभाग उच्च पहाडी र कठिन हिमाली श्रृङ्खला मिलेर बनेको छ ।

कतिपयलाई लाग्न सक्छ की नेपालको उत्तरी सीमाना भनेको नै अग्लो पहाडी बनोटमा सेतो हिमालले घेरिएर बनेको हिमाली श्रृङ्खला हो भन्ने । गण्डकी प्रदेशमा पर्ने मनाङ र मुस्ताङ जिल्ला बाहेकको हकमा त यो ठ्याक्कै मिल्न जान्छ । तर यी दुई जिल्लाहरूमा पुग्न सेतै देखिने हिमाली रेखाहरूको बिचको खोंच पार गरेर पुग्नु पर्दछ । जाडो याममा फुलचोकी र चन्द्रागिरि लगायतका अग्ला डाँडाहरूमा बेलाबखत पर्ने हिउँमा रमाउन काठमाडौं लगायतका शहरहरूमा बसोबास गर्ने मानिसहरूको घुइँचो नै लाग्ने गर्दछ । तर नेपालको दोस्रो ठूलो शहर पोखराबाट नजिकमा रहेका विविध प्राकृतिक बनावट तथा उच्च हिमाली श्रृङ्खलाले भरिपूर्ण मनाङ र मुस्ताङ जिल्ला भ्रमण गर्ने स्वदेशी आन्तरिक पर्यटकको आंकडालाई हेर्ने हो भने यति धेरै हिउँ नै हिउँले बनेको हिमाली श्रृङ्खलालाई नजिकबाट हेर्ने रहर हामीमा नपलाएको देख्दा कहिलेकाहीं मन कुंडिएर आउँछ । त्यसमा पनि मुस्ताङ जिल्ला त अन्य विविध कारणले पनि प्रसिद्ध छ । बौद्ध र हिन्दु धर्मावलम्बीहरूको आस्थाको रूपमा रहेको मुक्तिनाथ मन्दिर, प्रसिद्ध स्थल दामोदर कुण्ड तथा शालिग्रामको लागि प्रख्यात काली गण्डकीको महिमाको कारण पनि यसको तुलना अन्य जिल्लाहरूसँग हुनै सक्दैन् ।

हामी मध्ये नेपालको दोस्रो ठूलो शहर पोखराको बारेमा जानकार नहुने त सायदै कोही होला ? भुटेका मकैका सेता फूल जस्तो हिमाली श्रृङ्खलाको खोंचबाट बगेर आउने विभिन्न नदी तथा खोलाहरूबाट बनेका फेवा, रूपा तथा बेगनास तालहरू पोखराका गहना नै हुन भन्दा पनि फरक नपर्ला । शिर माथि रहेको अन्नपूर्ण र माछापुच्छ्रे

हिमाल त झन भर्खर विवाह गरि ल्याएकी बेहुलीले टाउकोमा लगाएको सुनको चन्द्रमा भन्दा कम सुन्दर देखिन्न । अन्नपूर्ण र माछापुच्छ्रे हिमालको शौन्दर्यता पोखराबाट हेर्दा जति मनमोहक देखिन्छ त्यसलाई नै माथ गर्ने गरि मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोमबाट देखिने निलगिरि हिमालको शौन्दर्यता झल्किन्छ ।

पोखराबाट जोमसोमको लागि हुने हवाई यात्रा अन्य जिल्लाहरूको जस्तो सहज भने छैन। हिमालको खोंच भएर यात्रा गर्नुपर्ने भएको र जोमसोममा दिउँसो बेग सहित हावा चल्ने हुँदा नेपालको अन्य भूगोलमा जस्तो जतिखेर पनि जहाजले उडान गर्न सक्दैन् । हाल तारा र समिट एयरले बिहानको समयमा नियमित उडान गर्ने गरेका छन् । त्यो पनि पुस र माघ महिनाभरको लागि हाल चिसोको कारण उडान बन्द छ । फागुन लाग्दै गर्दा दुवै एयरले उडान भर्ने तालिका निर्धारण गरेका छन् ।

यहाँनेर एउटा गीत सम्झना आउँछ, “जोमसोमै बजार, बाह्र बजे हावा सरर” सायद प्राकृतिकतासँग साक्षात्कार भएर नै होला यस गीतको रचना भएको । पर्यटकीय शहर पोखराको पुरानो बिमान स्थलबाट हवाइजहाज चढेर जम्माजम्मी २० मिनेटको हवाई यात्रामा धवलागिरि र निलगिरि हिमालको खोंच भएर बग्ने काली गण्डकी नदी माथि हुँदै मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम पुग्न सकिन्छ । सदरमुकाम जोमसोम घरापझोङ गाउपालिकामा पर्दछ । नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको कालीगण्डकी करिडोर पर्वत म्याग्दी हुँदै मुस्ताङको लोमान्थाङ गाउँपालिकाको नेपाल चीन सीमाना नाका कोरोला सम्म पुग्दछ, जुन सदरमुकाम जोमसोम हुँदै अगाडि बढ्दछ । सडक यातायातको पनि सर्वसुलभ उपलब्धता रहेको कारण त्यहाँ पुग्न पोखरा देखि बस तथा जीपमा सवार भई बिहान पोखराबाट यात्रा थालेमा करिब साढे छ घण्टामा कास्की जिल्लाको पर्यटकीय तथा रमणीय स्थल लुम्ले, पर्वत जिल्लामा रहेका विविध प्राकृतिक मनोरम दृश्यहरू र म्याग्दी जिल्लामा रहेको तातोपानी र लेतेबाट देखिने धवलागिरि हिमाल र माना पाथी हिमालको पूर्वी मोहडाको मनमोहकताको असिम आनन्द लिंदै कालीगण्डकी किनारै किनार करिब १५९ किलोमिटर पक्की र कच्ची सडकको यात्रा पार गर्दा मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोममा गोधुली साँझ अगावै पुगिन्छ ।

सदरमुकाम जोमसोमबाट पूर्व दक्षिणमा आँखा पर्नासाथ शीरमा लगाएको भादगाउँले टोपी जस्तो चिटिक्क मिलेर सेतै हिउँले ढाकिएर भर्खर विवाह गरेर

दुलही घरमा भित्र्याउँदा मुस्कुराइरहेको बेहुलो जस्तो ७,०६१ मिटर उचाईको निलगिरि हिमाल देख्न सकिन्छ । अझ निलगिरि हिमालको ठ्याक्कै माथि जस्तो देखिने सफा निलो आकाश र यस हिमालको दृश्यले प्रभावित नहुने सायदै कोही नहोला । सदरमुकाममा जो कोहीले पनि पाइला टेक्ने बित्तिकै घाँटीमा भिरेको क्यामेरा होस वा खल्तीमा रहेको मोबाइल होस पहिलो क्लिक जोमसोमको पूर्वमा सेतै मिलेका दाँत देखाएर मुसुमुसु हाँसेकी सुन्दरी जस्तै अटल अवस्थामा रहेको निलगिरिकै हुने गर्दछ । त्यसमा पनि सदरमुकाम जोमसोमबाट करिब ५ किमि सडकमार्ग र दुई घण्टा पैदल मार्गबाट पुग्न सकिने याराजुङ डाँडामा पुगेर हेर्दा निलगिरि हिमालको शौन्दर्यता सायदै मनबाट हराउला ?

निलगिरि हिमालको नजिकको गाउँ घरापजोङ गाउँपालिकाको ठिनी र धुम्बा गाउँ हो । धुम्बा र ठिनी गाउँको बिच हुँदै निलगिरि हिमाल नै मुख्य स्रोत भएर ठाडो ठिनी खोला बग्दछ, जुन जोमसोम छेउमा कालीगण्डकी नदीमा आएर मिसिन्छ । पहिला तल ठिनी सम्मै हिउँले ढाकिएको हुन्थ्यो । अहिले हिमालकै फेदी सम्म हरियालीले ढाकेको छ । यसको पश्चिम तर्फ थासाङ गाउँपालिकाको ताक्लाङ भिप्रा देउराली पर्दछ भने त्यही गाउँ छेउमा घाना खोला बग्दै बग्दै कालीगण्डकीमा नै गएर मिसिन्छ ।

यस हिमालको दक्षिण पश्चिम तर्फ भने म्याग्दी जिल्ला पर्दछ । हिमालको चुचुरोले जिल्लाको सीमाना छुट्याएको छ । बिहान झुल्किने घामको पहिलो किरण म्याग्दीको चुचुरो तर्फ पर्दछ, हिमाल तलको गाउँ म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिकाको नाख्याङको बास्कोट गाउँ पर्दछ । जुन गाउँ भएर निलगिरि हिमालकै नामबाट बनेको निलगिरि खोला बग्दछ । निलगिरि खोलामा हाल करिब १०० मेघावट भन्दा बढी मेघावाटका विद्युत आयोजनाहरू केही सम्पन्न र केही निर्माणाधीन अवस्थामा छन् । तर मुस्ताङ तर्फ कुनै आयोजनाहरू निर्माण हुने कुनै मेसो छैन् । निलगिरि लगायतका हिमालहरूको खोंच भएर बग्ने खोलाहरूको पानी अत्यन्त कञ्चन र सफा देखिन्छ तर कालीगण्डकीमा मिसिने बित्तिकै त्यसको रंग परिवर्तन हुन्छ ।

निलगिरि हिमालको भौगोलिक बनावट अत्यन्त कठिन छ । अत्यन्त ठाडो र उच्च शिखर भएको कारणले नै यस हिमालमा पनि माछापुच्छ्रे जस्तै आरोहण अनुमति नेपाल सरकारले कसैलाई पनि दिएको छैन् । यसै कारणले गर्दा पनि होला निलगिरि हिमालको तल फेदीमा अरू हिमालको

हिउँ पग्लिसक्दा सम्म पनि सेतै हिउँले ढाकिएर रहेको हुन्छ । पहिले पहिले जोमसोम नजिक रहेको ठिनी गाउँ र धुम्बा गाउँसम्म पनि सेतै हिउँले ढाकिन्थ्यो भने जलवायु परिवर्तनको असरले यो हिमाल पनि अहिले अछुतो रहन सकेको छैन । जोमसोमको शिरमा निलगिरि हिमाल रहेको भए तापनि गर्मी याममा जोमसोममा सवारी साधनमा यात्रा गर्दा एसी चलाउनु पर्ने अवस्था छ ।

सदरमुकाम जोमसोम देखि करिब १६ किमि टाढा निलगिरि हिमालको फेदीमा प्रसिद्ध छेमा ताल छ । वरिपरि सालघारीको बीचमा रहेको छेमा तालको बेग्लै महत्व छ । कतिपयले यसलाई तालहरूको आमा पनि भन्ने गरेका छन् । नेपालमा रहेका अरू तालहरूको नामाकरणको पछाडि त्यस्तो कुनै विशिष्ट कारण देखिदैन । तर यसको छुट्टै महत्त्व रहेको छ । मानिस जन्मनु भन्दा अगाडि नौ महिनासम्म आमाको कोखमा रहेको हुन्छ । आमाको कोखमा रहने क्रममा विकासक्रमको अवस्थामा चल्दा आमाको पेटमा खुट्टाले हानेको हुन्छ, त्यसरी अन्जानवश आमाको पेटमा खुट्टाले लागेको कारण पेटमै हुँदा जुन पाप र गल्ती मानिसले गरेको हुन्छ, त्यसको मोचनको लागि छेमा तालको दर्शन वा भ्रमण गरेमा आमाको पेटमा हुदा अन्जानवश गरेका पाप तथा गल्तीहरू क्षमा हुन्छ अथवा त्यस्ता पाप तथा गल्तीहरूबाट मोक्ष प्राप्ति हुन्छ भन्ने भनाइ रहेको छ ।

त्यसैगरी निलगिरि हिमालको अलि तल जोमसोमको पारि पट्टी प्रसिद्ध धुम्बा ताल छ । तालमा रहेको पानी यति निलो देखिन्छ कि मानौ हिमालको मात्र नभई तालको नाम पनि निलगिरिकै नामबाट निलगिरि ताल पो हुनु पर्थ्यो की ? ताल छेउमा पुग्दा बेलुकी पख निलगिरिको छाया देख्न सकिन्छ । तालको कञ्चन र सफा पानी, त्यसमा पनि विभिन्न प्रजातिका माछाहरू देख्दा जो कोहीको मन पनि रमाउने गर्दछ । जोमसोम आउने स्वदेशी तथा विदेशी पर्यटक एकपटक पुग्नै पर्ने ठाउँ हो धुम्बा ताल । माथि शिरमा निलगिरि हिमाल तल फेदीमा चर्को स्वरमा सुसाएर बग्ने कालीगण्डकी, मानौ जोमसोमको शौन्दर्यताको मध्यस्थकर्ताको जिम्मा धुम्बा तालले लिएको छ ।

यसको अलावा मुस्ताङ जिल्ला पर्यटकीय हिसाबले जति महत्त्वपूर्ण छ, त्यति नै सांस्कृतिक, भौगोलिक, जैविक हिसाबले पनि आकर्षणको केन्द्र रहेको छ । यस जिल्लामा रहेका लोमान्थाङ्ग ऐतिहासिक दरबार, लोमान्थाङ्गको सिटी वाला, मुक्तिनाथ मन्दिर क्षेत्र, टुकुचे, धौलागिरि हिमाल,

तिलिचो पिक, याककावा पिक, टुकुचे धम्पुस पिक, टुकुचे पिक हिमाल, टुकुचे मार्चे लेक, टुकुचे बतासे लेक, टुकुचे नाथांग खर्क' आदि प्रसिद्ध पर्यटकीय स्थलहरू हुन् । विविध जैविक विविधता तथा जडिबुटीको आधार क्षेत्र रहेको कारणले गर्दा पनि यस जिल्लाको महत्त्व अन्य जिल्लाहरूको तुलनामा बढि नै छ । पितृहरूको सम्झना र दिवंगत आत्माको पुण्य तिथि तथा सोह्र श्राद्धमा कागबेनीमा श्राद्ध गर्न र तर्पन दिन हिन्दु धर्मावलम्बीहरूको असिमित घुइँचो नै लाग्ने गर्दछ । त्यसकारण पनि मुख्य मौसममा मुस्ताङ जिल्लामा भ्रमणको लागि नेपालको विभिन्न स्थानहरू र विदेशी पर्यटकको घुइँचोले गर्दा यदाकदा ट्राफिक व्यवस्थापन र शान्ति सुरक्षा कार्य समेत चुनौतीपूर्ण बन्ने गर्दछ । ♦♦

**कविता**

# अब ऊठ नारी !



✍ **पदम दाहाल**

नारी ! तिमी सर्जक शक्ति हौ कि ?
बारी बगैंचा तुलफूल हौ कि ?
गृहस्थ हौ प्रेरक यो धरामा
निर्माण हौ निर्भर कर्मणामा ।१।

अर्धाङ्गिनी आँचल अप्सरा हौ
स्रष्टा जगत्मा मृदु स्रग्धरा हौ
तिमी बिना शून्य वसुन्धरा यो
सन्तानको बोट ऋतम्भरा हौ ।२।

चल्दैन गाडी युवती बिनाको
झुल्किन्न दीपै घर घाट झैं त्यो।
औतार हौ तोरण रत्नश्री हौ
सचेतना चिन्मय चाँदनी हौ ! ।३।

विश्वम्भरा विस्मय हैन नारी ?
गार्गी, यशोदा यशोधरा हौ
सौभाग्यदाता सुख-शान्तिकारी
विशाल हौ शीतलता छहारी ! ।४।

रूँदा तिमी बाधक सृष्टि टुट्छ
हुँदा तिमी चालक वृष्टि फुट्छ
खोली प्रभा साधक सिद्धि देऊ
नेतृत्व ली गारद वृद्धि देऊ ! ।५।

उचाल भै तागत देश मेरो
पखालियुन् भ्रष्ट-प्रथा अँधेरो !
सत्मार्ग निष्ठा परिपाठ पारी
सत्कर्म रेखा बन हे कुमारी ! ।६।

मर्दानगी मर्द यहाँ भएनन्
अनिष्टको मेल बगी गएनन्
बिचौलिया कस्मल फाल भारी
पालो पलाओस् अब ऊठ नारी

# नेपाल उपत्यकाको उत्पत्ति



त्रिचन्द्र प्रतीक्षा

लिच्छविकालभन्दा अघिको प्राचीन इतिहास भरपर्दो स्रोतहरूको अभावमा स्पष्ट हुन सकेको छैन । वंशावली र पुराणहरूको आधारमा मात्र यस युगको इतिहास अध्ययन गर्न सकिन्छ । ती ग्रन्थहरूमा भने नेपाल उपत्यका उत्पत्तिको सम्बन्धमा अनेक रोचक कथाहरूको वर्णन गरिएको छ । यस्ता स्रोतहरूले उल्लेख गरेअनुसार प्राचीन समयमा काठमाडौं उपत्यका घना जङ्गलले ढाकिएको थियो र यसको बिच भागमा विशाल सरोवर थियो । सो सरोवरमा नागहरूको निवास भएकोले यसलाई नागदह भनिन्थ्यो । यहाँ बेलाबखतमा विपश्वी बुद्ध, शिखी बुद्ध, विश्वभू बुद्ध, मञ्जुश्री बोधिसत्व, क्रकुच्छन्द बुद्धजस्ता विभिन्न तपस्वीहरू आउने गर्दथे ।

## विपश्वी बुद्ध

नेपाल उपत्यकामा आउने प्रथम विपश्वी बुद्ध थिए । यिनी आफ्नो स्थायी निवास बन्धुमती नगरमा सत्ययुगमा नै यहाँ आएको विश्वास गरिन्छ । यहाँ आएर उनी नागार्जुन पर्वतमा बसे र केही समयपछि चैत्रशुक्ल पूर्णिमाको दिन नागदहको बीचमा कमलफूलको बीज रोपे । हिजोआज पनि चैत्रशुक्ल पूर्णिमाका दिन नागार्जुन पर्वतमा मेला लाग्दछ र यो विपश्वी बुद्धकै सम्झनामा लागेको मेला हो भन्ने विश्वास गरिन्छ ।

## शिखी बुद्ध

विपश्वी बुद्धले रोपेको बीजबाट छ महिनापछि आश्विनशुक्ल पूर्णिमाको दिन एक अलौकिक फूल उत्पन्न भयो र त्यस फूलको बीचभागमा ज्योतिर्मय भगवान् स्वयम्भू प्रकट भए । यसरी मर्त्यलोकमा स्वयम्भू भगवान्को आगमनको खबर सुनेर अरूणपुरका शिखी बुद्ध यहाँ आएर स्वयम्भूको आराधना गर्दागर्दै केही कालपछि भगवानमा नै मिल्न गए । उनी आएर बसेको पर्वतलाई ध्यानोच्च पर्वत भनिन्छ । हरेक माघ १ गते त्यहाँ लाग्ने मेलालाई शिखी बुद्धको संस्मरणमा

लगाइएको मेला मान्ने चलन छ ।

**विश्वभू बुद्ध**

यिनी त्रेतायुगमा यहाँ आएका थिए । नेपाल उपत्यकामा आएर धेरै फूल भएको पर्वत छानेर आफ्नो आश्रम बनाई बसे । उनी बसेको पहाड फूलोच्च नामले प्रसिद्ध भयो । यिनले नै पहिलोपल्ट उपत्यकाको पानी बाहिर जाने मार्गको बारेमा आफ्ना चेलाहरूलाई अवगत गराएका थिए ।

**मञ्जुश्री बोधिसत्व**

विश्वभू बुद्ध फर्केको केही वर्षपछि त्रेतायुगमा नै चीनबाट मञ्जुश्री बोधिसत्वको यहाँ आगमन भयो । यी मञ्जुश्री बोधिसत्वको बारेमा वंशावलीहरूले थुप्रै वर्णन गरेका छन् । उनले यहाँ आएर स्वयम्भूको दर्शन पाएपछि उपत्यकाको पानी बाहिर पठाउने विचार गरे । सरोवरको सम्पूर्ण भौगोलिक अध्ययन गरेर उनले कटुवाल नामक स्थानमा उपत्यकाको पानी जाने बाटो बनाई स्वयम्भूदेखि गुह्येश्वरीसम्मको एक विशाल सहरको निर्माण गराए । त्यसपछि उनले धर्माकर नामक व्यक्तिलाई नेपालको पहिलो राजा बनाए । मञ्जुश्री फर्केपछि उनका चेलाहरूले यस सहरको नाम नै मन्जुपतन राखे । मन्जुश्रीको नाममा हिजोआज श्रीपञ्चमीको दिन स्वयम्भूमा चैत्य मेला लाग्छ ।

**ककुच्छन्द बुद्ध**

मञ्जुश्री बोधिसत्व फिर्ता भएपछि ककुच्छन्द बुद्ध स्वयम्भू ज्योतिको दर्शनार्थ यहाँ आए । उनी यहाँ आएको बेला काठमाडौँमा पानीको अभाव देखेर गुह्येश्वरीसँग प्रार्थना गरे । सो प्रार्थना सुनेर गुह्येश्वरीले शिवपुरीबाट बाग्मती पैदा गरिन् भनेर वशांवलीहरूले उल्लेख गरेको पाइन्छ । यी बुद्धले नेपालका राजा धर्मकार निःसन्तान भएकाले उनी पछि धर्मपाललाई यहाँको राजा बनाएको कुरा पनि वंशावलीमा उल्लेखित छ ।

राजा धर्मपालपछि उनकै वंशज सुधन्वाले त्रेतायुगको अन्तसम्म नेपाल उपत्यकामा शासन गरे । उनी सीताको स्वयंवरमा जनकपुर जाँदा जनकका भाइ कुशध्वजद्वारा मारिएको कथा वंशावलीमा वर्णित छ । त्यसपछि केही समय नेपाल मिथिलाको नियन्त्रणमा रह्यो ।

द्वापरयुगको अन्तातिर गौड देशका राजा प्रचण्डदेव स्वयम्भू र गुह्येश्वरीको दर्शनार्थ नेपाल आएको बेलामा स्वयम्भूको समीपमा वसुपुर, अग्निपुर, वायुपुर, नागपुर र शान्तिपुर नामका पाँच कुटीहरूको निमार्ण गरेको तथा कलियुग आएको थाहा पाई कलियुगी मानव स्वयम्भू ज्योतिको दर्शन गर्न असमर्थ रहनेछन् भन्ने विश्वासमा उनले स्वयम्भू ज्योतिलाई पत्थरले ढाकी त्यसमाथि

एक चैत्य खडा गरेको कथा वंशावलीमा उल्लेख छ । सो समयमा उपत्यकाको राजगद्दी खाली भएको हुँदा उनै प्रचण्डदेवका छोरा शक्तिदेवले यहाँ आफ्नो नियन्त्रण कायम गरे । वंशावलीहरूमा उनीपछि गुणकामदेव, शक्तिदेव तथा सिंहल आदिले यहाँको राजपाट सम्हालेको कुराको उल्लेख गरिएको छ । ♦♦

## मुक्तक



✍ **मात्रिका घिमिरे**

मनमा पनि खुसी हुँदा पो हाँस्नुको अर्थ छ
कसैको भलो गर्नमा दिन काट्नुको अर्थ छ
आफ्नु लागि त सबै मरिमेटेरै लाग्छन् नि तर
देशको लागि केही गर्दा पो बाँच्नुको अर्थ छ

जति नै छेक्न खोजे पनि नछेकिने मानिसको याद रैछ
जति देखाउन खोजे पनि नदेखिने मानिसको याद रैछ
धारा, खोल्सी, नदी, तलाउ, सागर, छाँगो आदिमा लगेर
जति नै धोए पनि कहिल्यै नमेटिने मानिसको याद रैछ

नजिक हुनेको माया लाग्छ सधैं टाढा पर्नेको हैन
मिठो बोलीको सम्झना आउँछ गाली गर्नेको हैन
कुरा गरेर सबै ठाउँमा ढाक्ने हुन्छन् कति मान्छे
काम गर्नेको सम्मान हुनुपर्छ कान भर्नेको हैन

किन बोल्न मन गर्दिनौ आज मलाई अत्याएर
कतै अन्त भागेकी छौ कि अरूलाई पत्याएर?
तिमीलाई सुटुक्क भनेको थिएँ भेट हुँदाखेरी
मेरो प्रस्ताव स्वीकार गर न अरूको लत्याएर

निबन्ध

# तपाईंलाई सुगर भएछ !



✍ अधिवक्ता प्रेमराज सिलवाल

आफूलाई जे भयो वा जस्तो अवस्था भयो अन्यलाई पनि त्यस्तै बढी देखिने रहेछ । आफू गरिब हुँदा सबै गरिबै छन् भन्ने लाग्ने । आफू रोगी हुँदा सबै रोगी नै भइसकेछन् भन्ने लाग्ने । सहरमा आफ्नो घर हुँदा अरू सबैको घर भइसक्यो भैँ लाग्ने । आफ्ना छोराछोरी विदेश गएपछि सबैका छोराछोरी विदेश गएछन्, नेपालमा त कोही पनि युवा छैनन् भैँ लाग्ने । आफ्नो मोटरकार भएपछि सबैको भयो होला भन्ने लाग्ने । जाबो कार त आजकल सबैको हुन्छ भन्ने सोच आउने । हो त्यस्तै भयो । सुगर लाग्दा । जताततै सहरबजारमा सुगरे नै सुगरे देखिने । पहिले-पहिले बिहान-बिहान 'मर्निङवाक' गर्नेहरू देख्दा बिहानको स्वच्छ अक्सिजन खान निस्केकाहरू हुन् भन्ने लाग्दथ्यो । आजकल ती सबै सुगर रोगी रहेछन् र त्यसैले बिहानै दगुर्दैछन्

डाक्टरले भने- 'तपाईंलाई सुगर भएछ ।' अर्थात चिनी रोग । पहिलो पटक डाक्टरको मुखबाट निस्किएको त्यो वाक्यले मलाई झसङ्ग पाऱ्यो । जीवन अब छिट्टै सुगरले लान्छ जस्तो भयो । त्यो दिन केही खान मन लागेन । डाक्टरले 'डाइटको मिनु' दिए । जसमा लेखिएको थियो- 'एक चिया गिलास भात, एक कप दाल, एक कप तरकारी र मुलाका टुक्रा ।' उनले भने- 'अब तपाईंले खाना जोखेर मात्र खाने ।' 'चाहेजति र रूचेजति खाने दिन गए ।' 'साग चाहिँ चाहेजति खान सक्नुहुन्छ ।' 'गुलियो, मिठाइ, आलु र भात पूरै नियन्त्रण गर्ने ।' 'मकैको च्याँख्ला खान सक्नु हुन्छ ।'

केही महिना अघि शिक्षण अस्पतालका डाक्टरको त्यस्तो 'प्रेस्किप्सन'ले आफूलाई 'रनाहा' बनाएको थियो । अब बाँचिन्न कि भैँ लाग्यो । केही गर्न मन पनि लागेन । कसैसँग खुलेर बोल्न मन लागेन । हिँड्न पनि मन लागेन । तर डाक्टरको मूल सुझाव चाहिँ 'दैनिक एक घन्टा अनिवार्य रूपमा हिँड्नु' भन्ने थियो ।

जीवन भोगाइ भन्ने कुरा

भन्ने लाग्दो रहेछ । जता हेर्‍यो त्यतै सुगर रोगी नै रोगी । ब्याड्म्यानेट खेलतिर हेर्‍यो सुगर रोगी देखिने । दौडिनेतर्फ हेर्‍यो सुगर रोगी देखिने । 'हाइकिङ्ग' भन्दै डाँडाडाँडा चहार्ने सहरियाहरूको ताँती देख्दा पनि सुगर रोगी नै देखिने । जताततै सुगरका बिरामी नै बिरामी । किन होला यस्तरी सुगरका बिरामी बढेका ? कुनै समय यस्तै लाग्दथ्यो । जता हेर्‍यो उतै सुगरका बिरामी नै बिरामी । अस्पतालमा हेर्‍यो अनेक रोगमा सुगर जाँच गर्नुपर्ने । सुगरै सुगर देखिने । आजकल चाहिँ आफूलाई 'नर्मल फिल' गर्दैछु । सुगर भन्ने खास केही गम्भीर होइन भन्ने ठाउँमा पुगेको छु ।

सुगर वास्तवमा शरीरका लागि अनिवार्य विषय हो । प्रत्येकको शरीरमा सुगर हुन्छ, हुन्छ । सुगर चाहिन्छ, चाहिन्छ । सुगर भएन भने बाँच्दैन । प्रत्येक स्वस्थ्य मानिसको शरीरमा सुगरको मात्रा ठिक हुन्छ, हुनुपर्दछ । सुगरको 'लेभर' कम भयो भने पनि खतरा हुन्छ । सुगरको 'ब्यालेन्स' चाहिँ आवश्यक र अनिवार्य कुरा हो ।

सहरबजारमा धेरै मान्छे देखिन्छन्-'सुगर भयो त्यसकारण आलु बन्द, भात बन्द, फलफूल बन्द, मिठाइ बन्द, दही बन्द, पोसिला खानेकुरा बन्द, आदिआदि भन्ने ।' के यस्तो तरिका र सोच ठिक हो त ? अनुभवले त्यो देखाएको छ त ? डाक्टर र विज्ञले त्यस्तै भनेका हुन् त ? वास्तवमा त्यो पटक्कै होइन । भएजति सबै ह्वात्तै बन्द गर्दा सुगरले भन्दा मानसिकताले चाहिँ मानिसलाई खान्छ । सुगरलाई सन्तुलनमा चाहिँ राख्नु पर्दछ । तर सुगरै नचाहिने भन्ने होइन । सुगर आवश्यक कुरै होइन भन्ने सोचियो, बुझियो, बुझिदैछ । सुगर आफैमा गम्भीर बिरामी र रोग केही होइन रहेछ । सुगरलाई सन्तुलनमा राख्न सक्ने कुरा चाहिँ मूल कुरा रहेछ । सही तरिकाले खानपान गर्न, जीवन पद्धतिलाई सन्तुलनमा राख्न र तनाव कम गरी पर्याप्त खानपान र निन्द्रा पुर्‍यायो भने चाहिँ यसले खास केही नगर्ने रहेछ ।

सहरबजारमा बढीनै सुगरका बिरामीमा त्रास देखिन्छ । सुगर भएपछि खानै हुन्न भन्ने त्रास । मानिस अब छिट्टै मर्न सक्दछ भन्ने त्रास । खासमा पहिलो पटक 'तपाईंलाई सुगर भएछ' भन्ने वाक्य कुनै डाक्टर वा ल्यावबाट सुन्दा चाहिँ अत्यासै लाग्ने रहेछ । 'अब जीवन सकियो' भन्ने मनमा त्रास बढ्ने रहेछ ।

पहिलो पटक नयाँ घटना, शारीरिक अवस्था, परिवर्तन र फरक स्थिति हुँदा मानिसमा एक खालको छटपटी, त्रास, उत्साह, अन्यौल र वेचैनी हुनु अस्वभाविक पनि होइन । पहिलो पटक केटीहरू महिनावारी हुँदा फरक

अनुभव, डर र नयाँ खालको कौतुहलता हुन्छ होला । शीरका कपाल फूल्न थाल्दा बुढो हुन लागेको संकेत आयो भन्ने लाग्दछ । मुखका दाँत झर्न थाल्दा त्यस्तै त्रास, डर र वेचैनी हुन्छ होला । बुढो भएर लौरो टेक्नै पर्ने हुँदा अर्कै डर हुन्छ होला । आँखाले काम नगर्दा, कान नसुन्दा कति वेचैनी हुन्छ होला ? जीवनमा यस्ता अनगिन्ती घुम्ती, मोड, अवस्था र स्थितिहरू आइलाग्दछन् । जीउँदो, जाग्दो, भरभराउँदो, छँदाखाँदाको शरीर पूरै मुँडो ढले जसरी ओच्छ्यान पर्दा कस्तो अवस्था र सोच हुन्छ होला ? अरूकै सहाराले दिसा, पिसाप गराउनु पर्दा, अरूको सहयोगबाट मुखमा चार गाँस खाना खानु पर्दा कस्तो हुन्छ होला ? यस्ता दिन, समय, घुम्ती र अवस्था वास्तवमा प्रायः सबै मानिसलाई आउँदछ । आएको, भोगेको देखिन्छ, सुनिन्छ । जीवनको नियम नै रहेछ त्यो ।

जसरी एउटा कुनै बोटविरूवाको फल माटोमा गाडिन्छ त्यसमा टुसा आउँछ । टुसा फर्कन्छ । फक्रेको टुसामा हरिया पात, हाँगा हुँदै बिरूवा हुर्कन्छ । बिरूवा हर्लक्क बढ्दै जान्छ । बैंसको मान्छे जस्तै हुन्छ रूख । उसमा फेरि फूल खेल्ने, हरियाली हुने, भर्भराउने, आकाशै छुँला जस्तो गरी माथिमाथि बढ्ने हुन्छ । लटरम्म फल लाग्ने हुन्छ । फल फेरि पाक्ने, झर्ने हुन्छ । अनि विस्तारै पात झर्न थाल्ने, हाँगामा 'सुगरले छोएको जस्तो' भएर सुकेर जाने हुन्छ । रूखमा पनि सुगर लागेको जस्तो प्रवृत्ति देखिन्छ । घामपानी र स्याहार भयो भने रूख पनि केही बढी बाँच्दछ । होइन भने रूख विस्तारै मर्दछ । फेरि नयाँ रूख उम्रने क्रम सुरू हुन्छ । प्रत्येक बाँच्ने, हुर्कने र बढ्ने जीव र बोटवनस्पतीको जीवनको चक्र हो यो । मानवको जीवन पनि यही क्रमबाट अघि बढ्ने हो । उम्रन्छ, फक्रन्छ, हुर्कन्छ, बढ्छ र विस्तारै मर्ने बाटोमा पुग्दछ । नयाँ आउने मान्छेको लागि पर्याप्त ठाउँ खाली गर्नको लागि प्रकृतिले यस्तो चक्र बनाएको हुनुपर्दछ !

खासमा सुगर चाहिँ मर्ने यात्रा होइन । सुगर एउटा सुन्दर जीवन बाँच्नको लागि उपयोगी सूचना र सन्देश चाहिँ रहेछ । सुगरलाई सन्तुलनमा राख्न सक्यो भने सुगर नभएका मानिस भन्दा पनि बढी बाँच्न सक्ने पनि हुने विभिन्न अनुभवले प्रमाणित गर्दै आएको छ । तापनि पहिलो पटक आफूले अनुमाननै नगरेको अवस्थामा कसैले झ्वाट्ट- 'तपाईंलाई सुगर भएछ' भनिदियो भने चाहिँ एकपटक मुटु चसक्क हुने रहेछ । एउटा राजाको कथामा एउटा पण्डितले राजालाई-'तपाईंको मृत्युको समय आएछ' भन्दा राजा रिसले चुर भएर त्यो पण्डित-ज्योतिषलाई जेलमा राख्न आदेश दिएछ । उसले फेरि अर्को पण्डितलाई देखाएछ ।

अर्को नयाँ पण्डितले चाहिँ-'तपाईंको छोराको छिट्टै राजा हुने योग देखिन्छ' भन्दा त्यो पण्डितले चाहिँ राजाबाट पुरस्कार पाएछ । कुराको मूल आसय र अर्थ त एउटै थियो । तर प्रस्तुतिको शैली फरक । अर्थात् भनाइलाई थोरै मोड्दा त्यसको अर्थ सुन्नेलाई ठूलो फरक पर्ने रहेछ । मलाई त्यो डाक्टरले 'तपाईंलाई सुगर भएछ' भन्नुको सट्टा 'तपाईंको रगतमा अलिकति चिनी बढी देखियो' भनेको भए के हुन्थ्यो ? तसर्थ वाक्यको प्रयोग गर्दा ख्याल गर्न सकियो भने त्यो ज्योतिषीले झैं पुरस्कृत हुने अवस्था हुने रहेछ । सुगर त सबैलाई छ । सुगर सबैलाई अत्यावश्यक हुन्छ । मूल कुरा 'सुगरको ब्यालेन्स' गर्नुपर्दछ भन्ने हो । सुगरै चाहिन्न भन्ने सोच र मनोविज्ञान देखिन्छ । त्यो होइन । ♦

## मुक्तक

✍ **एच.के. धिताल**



कानूनको लागि उचित प्राण सर्वोच्च अदालतमा छ
न्याय मरेको छैन भन्ने प्रमाण सर्वोच्च अदालतमा छ
ठूलै पदमा बहाली भई न्याय बेच्नेहरू अब होशियार
अन्तिम अस्त्र न्याय हान्ने वाण सर्वोच्च अदालतमा छ

यतिसम्म बनायो समयले अब के बनाउला
मुख छ घाँटी छैन यो भयले अब के बनाउला
ओर्लने र उक्लनेहरू सबै विदेश गएपछि
यात्रु बिनाको प्रतिक्षालयले अब के बनाउला

धन सम्पत्ति सम्बन्धको अन्त हो बुझ्नु होला
विवशतामा लाभ लिने सामन्त हो बुझ्नु होला
यमराजले माथि बोलाउनु भन्दा अगाडि नै
मर्नु परेको कारक तत्व आफन्त हो बुझ्नु होला

संस्मरण

# 'पूर्वकी रारा' रौतापोखरीमा स्रष्टाहरूसँगका अविस्मरणीय पल



✍ **रवीन्द्र तिमसेना**

उदयपुरका साहित्यसेवी एवम् स्रष्टाहरू मिलेर केही समयअघि स्थापना गरेको उदयपुर साहित्य कला प्रतिष्ठानको निमन्त्रणामा हामी २०८० असार १६ गते उदयपुर सदरमुकाम गाईघाट पुगेका थियौँ । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईका साथमा थियौँ प्राज्ञ सभा सदस्य चेतनाथ धमला, सवारीचालक कुलबहादुर बुढाथोकी, भ्रमणपारखी युवा मनिष राई र पङ्क्तिकार । उदयपुरको बेलका नगरपालिका स्थायी घर भएका युवा नेता राकेश किराती पनि संयोगले गाईघाटसम्म सँगै जाँदै हुनुहुन्थ्यो । गाईघाट हालको प्रशासनिक संरचना अनुसार त्रियुगा नगरपालिकाअन्तर्गत पर्दछ ।

बेलका नगरपालिकाको आसपासका क्षेत्रमा बसोवास गर्ने विभिन्न जातजातिका कला झल्काउने साझा थलोका रूपमा कलाग्राम स्थापना गर्ने किरातीको योजना रहेछ । यो नगरपालिकाको सीमा मधेस प्रदेशसँग समेत जोडिएको छ । प्रस्तावित स्थान अवलोकन र कलाग्रामका विषयमा छलफल गर्न नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली पनि त्यसै दिन त्यता जाँदै गर्नुभएको कुरा किरातीमार्फत थाहा भयो ।

काठमाडौँबाट सिन्धुलीको भिमान पुगेर मदन भण्डारी राजमार्ग हुँदै जाँदा उदयपुरका पालिकाहरूमध्ये क्रमशः कटारी नगरपालिका, उदयपुरगढी गाउँपालिका, त्रियुगा नगरपालिका, चौदण्डीगढी नगरपालिका र बेलका नगरपालिका आउँछन् । भित्री मधेस क्षेत्रमा पर्ने दक्षिणी भेकका यी पालिकाहरू यातायातका हिसाबले सुगम छन् । तुलनात्मक रूपमा दुर्गम रहेका रौतामाई गाउँपालिका, लिम्चुङबुङ गाउँपालिका र ताप्ली गाउँपालिका जिल्लाको उत्तरी भेकमा पर्छन् ।

गाईघाटचोकमा पुगेपछि देखियो गाई र बाछाको प्रतिमा रहेको स्तम्भ । गाईघाटको पहिचानलाई कायम राख्ने गरी त्रियुगा नगरपालिकाले केही समयअघि मात्र यो स्तम्भ निर्माण गरेको रहेछ । त्यहाँ पुगेपछि किराती र हामी एकअर्कासँग छुट्टियौं । आफ्नो घर रहेको बेलका नगरपालिकाको बानडाँडातिर लाग्दै गर्दा कलाग्राम निर्माण गर्ने प्रस्तावित स्थान अवलोकनका लागि समय मिलाएर आउन किरातीले आग्रह गर्नुभयो । समय अनुकूल भएमा भोलिपल्ट आउने भनेर हामीले बचन दियौं ।

त्यसपछि हामी पुग्यौं आयोजक संस्थाले वासको चाँजो मिलाएको गाईघाटस्थित होटल ग्राभिटी इनमा । त्यहाँ हामीलाई उदयपुर जनता बहुमुखी क्याम्पसका प्रमुखसमेत रहेका आयोजक संस्थाका अध्यक्ष डा. कैलाशकुमार राई र राष्ट्रिय रूपमा ख्यातिप्राप्त स्रष्टा तथा संस्थाका महासचिव माधवप्रसाद पोखरेल 'गोज्याङ्ग्रे'लगायतले स्वागत गर्नुभयो ।

भोलिपल्ट बिहान नेपाल वाङ्मय प्रतिष्ठान र डा. रणशेर राई स्मृति फाउन्डेसनले कुलपति राईसँग स्रष्टाहरूको भेटघाट तय गरेका थिए । यी दुई संस्थाले अघिल्लो दिनदेखि स्थानीय कोहबर होटलमा प्रदेशभित्रका १४ ओटै जिल्लाका स्रष्टालाई सहभागी गराई तीन दिने कार्यक्रम राखेकामा कुलपति राई आउनुभएको थाहा पाएपछि भेटघाटको कार्यक्रम अकस्मात् थपिएको रहेछ । चौध जिल्लाका स्रष्टासँग एकै पटक अन्तरक्रिया गर्न पाउनु खुसीकै कुरा थियो ।

सोही कार्यक्रममा सहभागी हुन हामी बिहानै होटल कोहबर पुग्यौं । सो होटलका सञ्चालक कुलपति राईका सहपाठी सुरेन्द्र थापा मगर हुनुहुँदो रहेछ । राष्ट्रसेवक कर्मचारीका रूपमा केही समयअघि सेवानिवृत्त भई होटल सञ्चालन गरिरहनुभएका थापा र राईको त्यहीं अकस्मात् भेट भयो । लामो समयदेखि एकअर्कासँग प्रत्यक्ष सम्पर्कमा नरहेका यी दुई दामलीको पुनर्मिलनको अवसर यो कार्यक्रमले जुराइदिएको थियो !

स्वनामधन्य स्रष्टा गणेश रसिकसँगै नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सभा सदस्य मुनाराज शेर्मा, नेपाल वाङ्मय प्रतिष्ठानका अध्यक्ष कौशल चेम्जोङ, डा. रणशेर राई स्मृति फाउन्डेसनका अध्यक्ष महेन्द्रकुमार राईलगायतसँग हाम्रो त्यहीं भेट भयो । बिहानीको नास्तापछि सुरू भयो छलफल । विषय थियो- 'वर्तमान सन्दर्भमा जनसाहित्य प्रवर्धनमा प्रज्ञा-प्रतिष्ठानको भूमिका' विषयक छलफल ।

स्रष्टाहरूले राखेका जिज्ञासाको जवाफ दिंदै कुलपति राईले 'सबै भाषा सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' नाराका साथ वर्तमान कार्यसमिति अगाडि बढेको र जनसाहित्यको प्रवर्धनमा टेवा पुग्ने कार्यक्रम वा प्रकाशनलाई प्राथमिकता दिइने बताउनुभयो ।

त्यसपछि दिउँसो उदयपुर साहित्य कला प्रतिष्ठानले आयोजना गरेको पुस्तक विमोचन तथा सम्मान कार्यक्रममा सहभागी भई कुलपति राईले ऋषिकेश पोखरेलद्वारा लिखित 'मेरा विविध आयाम', 'जीवनका मोडहरू' र 'रहर' लघुकथा सङ्ग्रहसँगै भीम पौडेल 'घाँसे'को 'भङ्केलो छोरो' र उदयपुर साहित्य कला प्रतिष्ठानले प्रकाशन प्रारम्भ गरेको 'उदयपुर सौगात' साहित्यिक त्रैमासिकको पहिलो र दोस्रो अङ्कको विमोचन गर्नुभयो । उद्घाटन मन्तव्य व्यक्त गर्दै राईले स्थापनाको छोटो अवधिमै पत्रिका प्रकाशनको जमर्को गरेकामा आयोजक संस्थाको प्रशंसा गर्दै ज्ञानको स्थानीयकरण गर्न सुभाव दिनुभयो ।

त्यसपछि हामी अघिल्लो दिनको कुराकानीअनुसार कलाग्राम निर्माण गर्ने भनिएको प्रस्तावित स्थान बेलका नगरपालिकातर्फ लाग्यौं । किरातीका घरमा पुग्दा उहाँका साथमा केही उत्साही युवाहरू जम्मा हुनुभएको रहेछ । प्रदेश सभा सदस्य राजन किराती पनि केही बेरमा आइपुग्नुभयो । उहाँहरूका योजना सुनिसकेपछि कुलपति राईले भाषा, साहित्य र संस्कृतिको प्रवर्धनमा युवा पुस्ताको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । कलाग्रामको अवधारणालाई सांस्कृतिकग्रामकै रूपमा अगाडि बढाउँदा दायरा बृहत् हुने राईको सुभावमा उहाँहरू सहमत हुनुभयो । साँभ ढल्किँदै गर्दा त्यहाँबाट बिदा भएर हामी गाईघाट फर्कियौं र ग्राभिटी इनमै वास बस्यौं ।

भोलिपल्ट बिहान उदयपुर जिल्लाका प्रमुख पर्यटकीय गन्तव्यमध्येको एक रौतापोखरीको भ्रमणमा जाने कुराले मन प्रफुल्लित थियो । बिहानै कुलपति राईलाई भेट्न स्रष्टा भीम पौडेल 'घाँसे' का साथमा होटलमै आउनुभयो तत्कालीन संविधान सभा सदस्य मोहनबहादुर क्षत्री । युवावस्थामै महत्त्वपूर्ण राजनीतिक एवम् सामाजिक योगदान गरेका क्षत्रीले 'कम्युनिस्ट आन्दोलनमा उदयपुर' शीर्षकको पुस्तक लेख्नुभएको रहेछ । सो पुस्तक उहाँले हामीलाई एक/एक प्रति उपहार स्वरूप दिनुभयो ।

लगत्तै रौतापोखरीका लागि हिंड्ने बेला भएको जानकारी दिन आयोजक संस्थाका महासचिव गोज्याङ्ग्रे केही बेरमै होटलमा

आउनुभयो । आयोजकले व्यवस्था गरेको गाडीमा जान गाईघाटको पिपलबोटमा स्रष्टाहरू जम्मा हुने क्रम जारी थियो । स्रष्टाहरूसँग रौतापोखरीमै भेट हुने र छलफल कार्यक्रममा सहभागी हुने भन्दै समयको सदुपयोग गर्ने उद्देश्यले हामी चाहिँ सगरमाथा राजमार्ग हुँदै उत्तरतर्फ अगाडि बढ्यौं । रौतामाई गाउँपालिका वडा नम्बर ६ मा रहेको रौतापोखरी गाईघाटबाट ४१ किलोमिटर दुरीमा पर्छ ।

गाईघाटको बस्ती छाडेर जङ्गलको बाटो हुँदै गाडीमा उकालै उकालो अघि बढ्यो हाम्रो यात्रा । कालोपत्रे भएको उक्त राजमार्गअन्तर्गत साउने बजार हुँदै रानीवास पुग्दै गर्दा सिमसिम वर्षा हुँदै थियो भने बाक्लो तुवाँलो लागेको थियो । कालोपत्रे गरिएको सडकमा भएका खाल्डाखुल्डी पुर्न अलकत्रा र गिट्टी छापिँदै थियो । होसियारीपूर्वक रानीवास पुगेपछि सगरमाथा राजमार्ग छाडेर बायाँ मोडिन सुझाइएबमोजिम हामी त्यसतर्फ लाग्यौं । राजमार्ग नछोडी जाने हो भने खोटाङ पुगिँदो रहेछ ।

अलि पर पुगेपछि भने कच्ची सडक सुरू भयो । त्यति बेलासम्म मुसलधारे वर्षा सुरू भइसकेको थियो, जसका कारण कच्ची सडक हिलाम्मे भएको थियो भने सडकमा भल बग्न थालेको थियो । यात्रा सहज नभए पनि रौतामाईको महिमा र रौतापोखरी पुग्ने हुटहुटीले हामीलाई उत्साही तुल्याएको थियो । एघार बजेतिर हामी रौतापोखरी नजिकैको रौता बजारमा पुग्यौं । आयोजक संस्थाका पदाधिकारीलगायत स्रष्टाहरू पछाडिबाट अर्को गाडीमा आउँदै हुनुहुन्थ्यो । उहाँहरूले जानकारी दिएअनुसार हामीले स्थानीय निरा राईको होटलमा गएर खाना खायौं । कार्यक्रमका सहभागीलाई सोही होटलमा खानाको व्यवस्था मिलाइएको रहेछ ।

त्यसपछि हामी लाग्यौं यात्राकै प्रमुख गन्तव्य रौतापोखरीको अवलोकनका लागि । संयोगले पछाडिबाट आउँदै गरेका आयोजक संस्थाका पदाधिकारी तथा स्रष्टाहरूसँग भेट भयो रौतापोखरीको प्रवेशद्वारमै । प्रतिकूल मौसमका बाबजुद हामीभन्दा पहिले त्यहाँ पुगेका काखेनानी च्यापेका महिला र लट्ठी टेकेर आएका ज्येष्ठ नागरिकले रौतामाईप्रतिको जनविश्वासलाई प्रतिबिम्बित गर्दै थिए । डाँडाको टुप्पामा रहेछ एउटा गोलाकार पोखरी । पोखरी प्रवेश गर्नासाथ किनारमै रहेछ रौतामाईको मूर्ति । भलायोका रूखमुनि स्थापित रौतामाईको मूर्ति भएको स्थान श्रद्धालुले चढाएका ध्वजा, फूल, अक्षता र त्रिशूलले सुशोभित थियो । सुगन्धित

धूपको बास्ना, घण्टको ध्वनि र यताउति उड्दै गरेका परेवाले पवित्र तीर्थस्थलमा आएको अनुभूति दिलाउँदै थिए ।

नजिकै थियो एउटा निर्माणाधीन मन्दिर । तुवाँलो लागेकाले पोखरीको पूर्ण भाग एकै पटक देख्न भने हामी असमर्थ भयौं । मन्दिरमा पुग्दा वर्षा रोकिएकाले शीतल थियो । त्यसो त समुद्री किनारबाट झन्डै दुई हजार मिटर उचाइमा रहेको रौतामाई तराईका मानिसहरू गर्मी छल्न आउने ठाउँ नै हो । पोखरीको दक्षिणी किनारमा रहेको ठुलो जङ्गलले त्यहाँ शीतलता र सौन्दर्य दुवै बढाएको छ । मौसम प्रतिकूल हुँदैनथ्यो भने जङ्गलका रूखको प्रतिबिम्ब तालको पानीमा देख्न पाइने रहेछ ! "सौन्दर्य र पर्यावरण हेर्दा मानवको कल्याण गर्न यो उचाइमा भगवान्‌को वास भएको छ भन्ने मलाई लाग्यो," सङ्खुवासभाको खाँदबारी क्याम्पसमा प्राध्यापनरत स्रष्टा ताराबहादुर बुढाथोकीले भन्नुभएको कुरा निकै घतलाग्दो थियो ।

भ्रमणमा सहभागी उदयपुर जनता बहुमुखी क्याम्पसका पूर्व प्रमुख रमेशचन्द्र रोक्काले हामीलाई रौतापोखरी र रौतामाईका बारेमा सविस्तार बताइदिनुभयो । डाँडाको शिरमा रहेको पोखरीमा अटुट रूपमा कसरी पानी जम्मा भइरहन्छ भन्ने कुरा आश्चर्यकै विषय रहेछ । श्रद्धालुहरू ईश्वरीय शक्तिकै कारण यस्तो सम्भव भएको विश्वास गर्दा रहेछन् । वि.सं. १९६४ मा ओखलढुङ्गाको रूम्भाटारका भुजुन गुरूङले चराउनका लागि ल्याएका भेडाका बथान यो स्थानमा आउँदा एक्कासि हराएपछि उहाँले रौतामाईको मूर्ति स्थापना गर्छु भनी भाकल गरेलगत्तै भेटिएको र उहाँले नै यहाँ मूर्ति स्थापना गर्नुभएको किंवदन्ती रहेछ ।

महत्त्वपूर्ण कुरा के छ भने यो पोखरी उदयपुरका विभिन्न खोलानाला र नदीको मुहान रहेछ । पोखरीबाट पूर्वमा अँधेरी खोला, पश्चिममा त्रियुगा खोला, उत्तरमा राँकुली तथा रसुवा खोला र दक्षिणमा बरूवा खोला बग्दा रहेछन् । त्रियुगा खोलामा पछि गएर विभिन्न खोलानाला मिसिँदै जाँदा त्रियुगा नदी बन्दो रहेछ । त्रियुगा नगरपालिकाको नाम यही नदीका नामबाट राखिएको हो । रौतामाईको दर्शन एवम् पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वास गरिँदै आएको छ । यहाँ पाठी र परेवाको बलि मात्र चल्ने कुरा पुजारीमार्फत थाहा पायौं । औंसी, एकादशी, आइतबार र साउनमा मन्दिरमा पूजा नचल्ने रहेछ ।

पोखरीवरिपरि व्यवस्थित पैदल मार्ग निर्माण गरिएको रहेछ । पैदल मार्गमा किराँत समुदायका सृष्टिकर्ता

मानिने पारूहाङ-सुम्निमाका रूपमा शिव पार्वती, नेपालका प्रथम किराँती राजा यलम्बर, महामानव गौतमबुद्ध आदिका मूर्ति राखिएको रहेछ । एकतामा अनेकता र विविधतामा एकताको मर्मलाई ख्याल गरेर संरचना निर्माण गरिएको देख्दा खुसी लाग्यो । पैदल मार्गको बिचतिर पुगेपछि पुनः घना वर्षा भयो । वरिपरि ओत लाग्ने ठाउँ नदेखेपछि पछाडि फर्किनु न अगाडि बढ्नुको स्थितिमा हामी पुग्यौं ।

पोखरी चक्कर लगाउन गएका हामी आठजनामध्ये एकजनासँग मात्र छाता रहेछ । त्यो छाता कुलपति राईलाई ओढाइदिएपछि स्रष्टाहरू ताराबहादुर बुढाथोकी, सृजना सरोवर, नन्दलाल आचार्य र वासुदेव पोखरेल छातावरिपरि झुम्मिनुभयो । असार मासको मुसलधारे वर्षामा एउटा छाताले पाँचजनालाई कहाँ जोगाउनु ! सबै जना भिज्नुभयो । डा. कैलाशकुमार राई र चेतनाथ धमला हतार हतार उकालो चढेर अलि पर रहेको प्रतीक्षालयमा पुगिसक्दा निथ्रुक्कै भइसक्नुभएको रहेछ । उहाँहरूलाई पछ्याउँदै हतारमा दौडिँदा मेरो चस्मा खस्न पुगेछ । भेटिने निश्चित नभएकाले पुनः फर्केर जान जाँगर चलेन । रौतामाईलाई चढाएको सम्झेर असन्तोष गरिनँ !

रौतापोखरीबाट एक घण्टा उकालो चढे समुद्री सतहबाट २१०० मिटर उचाइमा रहेको एनसेल डाँडामा पुगिने रहेछ । त्यहाँबाट उत्तरमा सगरमाथा र दक्षिणमा कोसी ब्यारेज, जनकपुरलगायत तराईका समथर फाँट देख्न सकिने भए पनि समयाभाव र मौसम प्रतिकूलताका कारण हामी त्यतातर्फ लागेनौं । त्यसपछि स्रष्टाहरू होटलमा पुगेर खाना खान लाग्नुभयो । हामीचाहिँ कार्यक्रम स्थल अर्थात् रौतामाई गाउँपालिका वडा नम्बर ६ को कार्यालयतर्फ लाग्यौं । वडाध्यक्ष हुनुहुँदो रहेछ पृथ्वीकुमार राई । कार्यक्रम सुरू नहुँदासम्म त्यहाँको वस्तुस्थितिबारे हामीले उहाँसँग कुराकानी गऱ्यौं । सडकको असुविधाका कारण अपेक्षा गरेअनुसार सो क्षेत्रमा पर्यटक आउन नसकेको कुरा उहाँले हामीलाई बताउनुभयो ।

एकैछिनमा सबै जना जम्मा भएपछि वडा कार्यालयकै हलमा कार्यक्रम सुरू भयो । विषय थियो- 'रौतापोखरीको पर्यटन प्रवर्धनमा साहित्यकारहरूको भूमिका' विषयक छलफल । सहजकर्ताको भूमिकामा रहेका आयोजक संस्थाका महासचिव गोज्याङ्ग्रेले 'रौतामाई जनमनभरि' शीर्षकको कविताको पहिलो हरफ वाचन गर्नुभयोः

रौतामाई उदयपुरमा सुन्दरी भै बसेकी

रौतामाई गगनतलकी फूलजस्तै बनेकी
रौतामाई शिखर चुचुरो शैल गङ्गा भनौँ की
रौतामाई पवन रमिता मेघमाला बुनेकी ।

मन्दाक्रान्ता छन्दमा गोज्याङ्ग्रे आफैले रचना गर्नुभएको यो कविता सुनेपछि कार्यक्रम स्थलमा एकाएक साहित्यिक माहौल पैदा भयो । साँच्चै नै सहभागीको ध्यान आकृष्ट गर्न उहाँले अपनाउनु भएको काइदाले काम गऱ्यो ।

त्यसपछि संस्थाका अध्यक्ष डा. कैलाशकुमार राईलाई अध्यक्ष र कुलपति राईलाई प्रमुख अतिथिको आसन ग्रहण गराएर गोज्याङ्ग्रेले रौतापोखरीलाई 'पूर्वकी रारा' नाम दिँदै नजिकको तीर्थ हेलां भनेजस्तै रौतामाईको महत्त्वलाई स्थानीयले खासै प्रचारप्रसार गर्न नसकेको स्वीकार गर्नुभयो । रौतामाईको महत्त्वबारे प्रकाश पार्दै उहाँले कविताको दोस्रो हरफ सुनाउनुभयोः

रौतामाई सतह जलमा ताल झैं मौन बस्ने
रौतामाई बिगुल नफुकी धाम यात्रा सपार्ने
रौतामाई जनमनभरि बास बस्दै गरेकी
रौतामाई सुललित धरा घामपानी छरेकी ।

बोल्ने पालो आएपछि गाउँपालिकाका प्रमुख कार्यकारी अधिकृत जनक बस्नेतले पालिकाभित्र रौतामाईलगायत अरू पनि पर्यटकीय गन्तव्य रहेको भन्दै तिनलाई साहित्यका माध्यमबाट प्रवर्धन गर्न भएको पहल प्रशंसनीय रहेको बताउनुभयो । गाउँपालिकाका उपाध्यक्ष भूपेन्द्रबहादुर थापाले सडकको स्तरोन्नति एवम् अन्य पूर्वाधार निर्माण गरी रौतापोखरीमा पर्यटकीय गतिविधि बढाउने विषयमा गाउँपालिका गम्भीर रहेको सुनाउनुभयो । त्यसपछि कार्यक्रममा स्रष्टाहरू उद्धव घिमिरे, सन्झा दनुवार, सृजना सरोवर, ताराबहादुर बुढाथोकी, विष्णु खड्का, महेन्द्रकुमार राई, हर्कनारायण श्रेष्ठलगायतले रौतापोखरी र अन्य विषयमा लेखेका कविता पालैपालो वाचन गर्नुभयो ।

स्रष्टाका कविता सुनिसकेपछि कुलपति राईले प्राकृतिक सम्पदा र पर्यटकीय थलोसँग सम्बन्धित भएर साहित्यकारले कलम चलाउँदा ती स्थानको पर्यटन प्रवर्धनमा टेवा पुग्ने बताउनुभयो । प्रख्यात फ्रान्सेली उपन्यासकार भिक्टर ह्युगोको 'नोट्रेडम डि पेरिस' नामक उपन्यासका कारण पेरिसस्थित नोट्रेडम नामक गिर्जाघर हेर्न थुप्रै पर्यटक त्यहाँ पुगेजस्तै रौतापोखरीको पर्यटन प्रवर्धनमा पनि साहित्यकारहरूको भूमिका महत्त्वपूर्ण हुने विचार उहाँले व्यक्त गर्नुभयो । कविसमेत रहेका राजा महेन्द्रले विकट हिमाली जिल्ला मुगुको रारातालालाई आफ्नो कवितामार्फत स्वर्गकी अप्सरासँग तुलना गरेपछि राराको चर्चा बढेको भन्दै कुलपति राईले रौतापोखरीलाई

'पूर्वकी रारा' का रूपमा विकास गर्ने अभियानमा यो कार्यक्रम कोसेढुङ्गा साबित हुने धारणा व्यक्त गर्नुभयो । अध्यक्षले कार्यक्रम समापन गर्नुअघि गोज्याङ्ग्रेले आफ्नो कविताका अन्तिम तीन हरफ यसरी प्रस्तुत गर्नुभयोः

रौतामाई समय परको मौसमी मानिएकी
रौतामाई पुजन रमिता भोग खाँदै गरेकी
रौतामाई सकल जनमा कर्म दिँदै बसेकी
रौतामाई शिखरतिरकी सुन्दरी रूप हौ की ।

रौतामाई वन चउरको माफ बस्ने गरामा
रौतामाई पुजन गरिने दीप बाली धरामा
रौतामाई मन वचनले कर्म गर्दै खुलेकी
रौतामाई जल रमितमा माथि चढ्दै गरेकी ।

रौतामाई नगरतिरको पाउ चाल्दै गरेकी
रौतामाई हितमित सबै प्यारमा गाँसिएकी
रौतामाई जगत जननी सुन्दरी छौ परीभैँ
रौतामाई पवन दिलकी स्वच्छताकी भरीभैँ ।

यसरी रौतामाईका सुन्दर अनुभूति सँगालेर साँफ हामी गाईघाट फर्कियौँ । होटल कोहबरका सञ्चालक सुरेन्द्र थापा मगर, नेपाल वाङ्मय प्रतिष्ठानका अध्यक्ष कौशल चेम्जोङ र डा. रणशेर राई स्मृति फाउन्डेसनका अध्यक्ष महेन्द्रकुमार राई कुलपति राईसँग भेटघाटका लागि सोही होटलमा प्रतीक्षारत हुनुहुँदो रहेछ । उहाँहरूबिच त्यहाँ एकछिन बाल्यकालीन अनुभव र गीत सङ्गीतका विषयमा भलाकुसारी भयो ।

भोलिपल्ट काठमाडौँ फर्किनुअघि गाईघाटमै रहेको उदयपुर जनता बहुमुखी क्याम्पसको अवलोकनका लागि क्याम्पस प्रमुख डा. कैलाशकुमार राईले आग्रह गरेपछि बिहान हामी त्यता गयौँ । उदयपुर जिल्लाकै शैक्षिक केन्द्रका रूपमा रहेको यो क्याम्पसमा करिब दुई हजार सात सय विद्यार्थीले अध्ययन गर्दा रहेछन् । समय सीमित भए पनि त्रियुगा सङ्गीत विद्यालयको आग्रहलाई टार्न नसकेपछि एकछिन हामी त्यहाँ पनि पस्यौँ । सञ्चालक शैलेन्द्र खतिवडा र प्रशिक्षार्थी विद्यार्थीहरूले कुलपति राईको स्वागतमा प्रस्तुत गर्नुभएको श्रुतिमधुर स्वागत गानले मनै आह्लादित तुल्यायो । व्यक्तिगत तवरबाट सञ्चालित यो सङ्गीत विद्यालयले एक सय जना विद्यार्थीलाई निशुल्क सङ्गीत प्रशिक्षण गराउँदै आए पनि राज्यका निकायबाट सहयोग नपाएको दुखेसो सञ्चालक खतिवडाले गर्नुभयो ।

देश सङ्घीय संरचनामा गई तीनै तहमा सरकार बनेका छन् । स्थानीय रूपमा उठ्ने यस्ता गुनासा र दुखेसाहरूको सम्बोधन स्थानीय स्तरबाटै हुने व्यवस्था मिलाउन सके कति राम्रो हुने थियो ! भ्रमणको आनन्द त छँदै छ, काठमाडौँ फर्किँदै गर्दा यस्तै कुरा मनमा खेलिरहे । ♦♦♦

# सवारी दुर्घटनामा हराएको मानवीयता



✍ प्र.व.ना.नि. विष्णु थापा

कुनै पनि सवारी साधनले सजिव वा निर्जिव चिज वस्तुलाई ठक्कर दिन्छ र त्यो ठक्करबाट भौतिक वा मानवीय क्षति हुन्छ भने त्यसलाई सवारी दुर्घटना भनिन्छ । यसरी हुने दुर्घटना पश्चात घाइतेलाई यथासक्य मानवीय सेवा गर्ने अर्थात् समयमै अस्पताल पुऱ्याउनु पर्ने मानवीय धर्मलाई बिर्सदै आफ्नो गल्तिलाई लुकाउन र सजायबाट बचनको लागि सवारी चालकहरू फरार हुने क्रम बढेको छ । विशेषतः आफूलाई घटनास्थलमा असुरक्षित महसुस गरेर, थप भौतिक क्षति हुनबाट बच्न, मादक पदार्थ तथा लागूऔषध सेवन तथा सवारी चालक अनुमति पत्र प्राप्त नगरी सवारी साधन चलाएको अवस्थामा सवारी चालकहरू दुर्घटना पश्चात फरार हुने गरेको पाइएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कलाई हेर्ने हो भने आ.व.२०७७/०७८ मा १ सय ६८, आ.व.०७८/०७९ मा २ सय ५८ र आ.व.२०७९/०८० मा २ सय ९९ वटा सवारी चालकहरू सवारी दुर्घटना पश्चात फरार भएकोमा फरार भएका सवारी साधन मध्ये ती आ.व.मा क्रमश १०० सय, १ सय ९० र २ सय ८६ वटा सवारी साधनलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान पश्चात कानून अनुसार कारबाही गरिएको र बाँकी सवारी साधनको हकमा भने आवश्यक अनुसन्धान तथा खोजतलास भइरहेको ट्राफिक प्रहरीको तथ्याङ्क छ ।

विज्ञान र प्रविधिको विकासका कारण मानव जीवनशैलीमा आमूल परिवर्तन भएको छ । एकातर्फ विज्ञानको आविष्कारले मानव जीवनशैली सहज र सरल भएको छ भने अर्को तिर त्यत्तिकै जटिल अवस्थाहरूको पनि सिर्जना गरेको छ । वैज्ञानिक विकासको क्रममा अन्य क्षेत्रमा जस्तै यातायातको क्षेत्रमा पनि द्रुत गतिमा विकास हुँदै गएको कारण आज विश्वको कुनै पनि स्थानबाट अर्को स्थान सम्म सहज र सरल आवतजावत गर्न सकिने भएको

छ । यसरी यातायात क्षेत्रको विकासले जति सुविधा र सरलता प्रदान गरेको छ त्यति नै यस क्षेत्रमा विविध कारणबाट हुने दुर्घटनाले जनधनको क्षति पनि त्यत्तिकै मात्रामा बढेर गएको छ । यसरी हुने जनधनको क्षतिका कारण परिवार, समाज देखि लिएर राज्य समेतले त्यसको प्रत्यक्ष अप्रत्यक्ष कुनै न कुनै रूपमा असर भोग्नु परिरहेको छ । तसर्थ सवारी दुर्घटनाबाट हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्नका लागि सरोकारवाला सम्बन्धित सबै पक्ष त्यत्तिकै जिम्मेवार एवं सजग हुनु आजको टड्कारो आवश्यकता भएको छ ।

संयुक्त राष्ट्र महासभाले सन् २०२० को सेप्टेम्बर महिनामा सवारी दुर्घटनाबाट हुने क्षतिलाई सन् २०३० सम्ममा ५० प्रतिशतमा सिमित गर्ने महत्त्वाकांक्षी लक्ष्यका साथ २०२०-२०३० को दशकको घोषणा गर्दै "विश्व सडक सुरक्षामा सुधार गर्ने" प्रस्ताव पारित गऱ्यो । विश्व स्वास्थ्य संगठन र संयुक्त राष्ट्र क्षेत्रीय आयोगहरूले अन्य साझेदारहरूसँगको सहकार्यमा सडक सुरक्षा दशकका लागि सन् २०२१ को अक्टोबरमा विश्वव्यापी कार्ययोजना जारी गरेको थियो । संयुक्त राष्ट्र संघको महासभाले मार्च २०१० मा आधिकारिक रूपमा घोषणा गरेको सडक सुरक्षा दशक (सन् २०११-२०२०) र उपरोक्त विश्वव्यापी कार्ययोजनाले विश्व सडक सुरक्षामा सुधार गर्ने प्रस्ताव पारित गर्दै सदस्य राष्ट्रहरूलाई नितान्त सडक सुरक्षासँग सम्बन्धित विषयलाई समेटी आ-आफ्नो कार्ययोजना तर्जुमा गर्न निर्देशन गरे अनुरूप नेपाल सरकारले पनि एकिकृत रूपमा सडक सुरक्षालाई सुधार र व्यवस्थित गर्नको लागि नेपाल सडक सुरक्षा कार्ययोजना (वि.सं. २०६७-२०७७) कार्यान्वयनमा ल्याएको थियो । जस अर्न्तगत नेपालको सार्वजनिक सवारीलाई भरपर्दो, सुरक्षित, वातावरणमैत्री तथा सर्वसाधारणको पहुँचमा पुऱ्याई रोजगारीको सिर्जना गर्नुका साथै आर्थिक विकासमा टेवा पुऱ्याउने गरि विकास गर्ने लक्ष्य लिएको भए तापनि सरकारले लिएको उक्त लक्ष्य पूरा हुन सकेन ।

यातायात व्यवस्था विभागको संस्थागत क्षमता अभिवृद्धि गर्दै कम्प्युटर प्रणालीमा तथ्याङ्क राखी सम्पूर्ण यातायात कार्यालय र ट्राफिक प्रहरी कार्यालयहरूका बीच ICT (Information and Communication Technology) सञ्जाल प्रणालीमा जोड्ने समय सिमा २०६९ साल तोकिए तापनि हाल उक्त समय सिमाको ११ वर्ष बितिसक्दा पनि अझै कार्यान्वयनमा आउन नसक्दा शुक्रबार कुनै घटना घटाई सवारी साधन फरार भयो भने अनुसन्धानका क्रममा

उक्त सवारी साधनको अभिलेख हेर्न आइतबार कार्यालय समय सम्म कुर्नुपर्ने बाध्यता ट्राफिक प्रहरीसँग छ । अझ त्यसदिन सार्वजनिक बिदा परेमा अभिलेखका लागि फेरि अर्को दिन कुर्नुको विकल्प प्रहरीसँग छैन । त्यसमाथि पनि अव्यवस्थित अभिलेख प्रणालीका कारण र धेरै जसो सवारी धनिले सवारी साधनको सम्पूर्ण विवरण सहितको अभिलेख पुस्तिका घरै लैजाने परिपाटीले खोजेको बेला अभिलेख नभेटिने समस्या पनि उत्तिकै छ । त्यतिन्जेल सम्म अनुसन्धानमा धेरै समस्याहरू हुने र अपराधीले अरू भौतिक सबुद प्रमाणहरू नष्ट गराउने अवस्था एकातिर छ भने अर्कोतिर घटना घटेको लामो समय सम्म पनि यातायात व्यवस्था कार्यालयबाट समयमै अभिलेख प्राप्त गर्न नसकी अनुसन्धानमा हुने ढिलाईले दुर्घटनाका पीडितहरू प्रहरी अनुसन्धान फितलो र ढिलाई भएको भन्दै गुनासो पोख्ने गर्दछन् ।

त्यसैगरी शून्य मानवीय क्षतिको लक्ष्य सहित प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईएको सडक सुरक्षा कार्ययोजना तालिकामा विभिन्न चोकहरूमा CCTV (Close Circuit Television) क्यामराहरू जडान गर्ने र सवारी दुर्घटनामा संलग्न सवारी साधन तथा आपराधिक घटनाहरूको सुक्ष्म निगरानी गरिने लक्ष्य लिइएको भए तापनि अझै पनि त्यसको पूर्ण र प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । विशिष्ठ व्यक्तिहरूको आवागमन हुने मुख्य रूटहरूमा केही संख्यामा CCTV क्यामेरा जडान भए तापनि अन्य भित्री सडक खण्डहरू र उपत्यका भित्रिने सबै नाकाहरूमा अत्याधुनिक तथा गुणस्तरीय क्यामरा पर्याप्त मात्रामा जडान हुन सकेको पाइदैन । उपत्यकाको विभिन्न स्थानहरूमा १ हजार ४ सय १३ क्यामराहरूबाट काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीको प्रहरी नियन्त्रण कक्ष र उपत्यका ट्राफिक प्रहरी कार्यालयको ट्राफिक नियन्त्रण कक्षले CCTV बाट अवलोकन र निगरानी गर्ने गरेको भए तापनि यो संख्या र स्थान पर्याप्त भने छैन ।

तसर्थ CCTV कन्ट्रोल रूमबाट नै नियन्त्रण गर्न सकिने र सवारी साधनको सम्पूर्ण विवरण उपलब्ध गराउन सक्ने क्षमतायुक्त अत्याधुनिक क्यामराहरू जडान गरिने हो भने सवारी दुर्घटना पश्चात फरार हुने सवारी साधनहरूलाई तुरून्त नियन्त्रणमा लिन सकिन्छ । त्यतिमात्र होइन शंकास्पद व्यक्ति, सवारी र स्थानहरूमा पनि गोप्य रूपमा निगरानी बढाई आपराधिक घटना हुन नदिई सुरक्षित समाज निर्माणमा पनि सहयोग

पुग्ने देखिन्छ ।

सवारी दुर्घटना पश्चात फरार हुने सवारी साधनहरूको खोजी तथा अनुसन्धानमा आम सडक प्रयोगकर्ताहरूको पनि उत्तिकै भूमिका रहन्छ । नेपाल प्रहरीको सहकार्य र भूमिकालाई जनस्तरसम्म पुऱ्याउन हाल नेपाल प्रहरीले विभिन्न किसिमका कार्यक्रम तथा अभियानहरू सञ्चालन गरिरहेको छ । नागरिक भेटघाट, घरदैलो कार्यक्रम, सामुदायिक प्रहरी सेवाको अवधारणाको कार्यान्वयन, नागरिक सुनुवाई, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, नागरिक सहायता कक्ष स्थापना, शान्तिदुत कार्यक्रम, सूचना र प्रविधिको उच्चतम प्रयोग लगायतका यी विभिन्न अभियान र कार्यक्रमहरूले अन्ततः नागरिक-प्रहरी सम्बन्ध र सहकार्यलाई अझ प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने भए तापनि आम सर्वसाधारणले यसको मर्मलाई त्यति धेरै महत्त्व नदिंदा पनि समाजमा यस्ता अपराधिक घटनाहरू दोहोरिरहेका छन् ।

अतः आफ्नो नागरिक दायित्वको महसुस गर्दै कहीं कतै सवारी दुर्घटना हुंदा यदि आफूले प्रत्यक्ष देखेको छ र सवारी साधन फरार हुँदैछ भने त्यस्ता सवारी साधनको अल्फाबेट सहितको नम्बर, सवारीको रङ्ग, सवारीको किसिम, सवारी साधन भाग्दै गरेको दिशा र सम्भव भए सम्म चालकको हुलिया सहित टिपेर वा फोटो खिचेर नजिकको प्रहरी कार्यालय वा नेपाल प्रहरी र ट्राफिक कन्ट्रोल रूमको हटलाईन नम्बरहरू १०० र १०३ तथा नेपाल पुलिस एपमा, जानकारी गराईदिने हो भने त्यस्ता फरार सवारी साधनलाई नियन्त्रणमा लिन ठूलो सहयोग पुग्छ । जसबाट पीडकलाई कानूनी कारबाही गरी पीडितलाई क्षतिपूर्ति दिलाउन ठूलो मद्धत पुग्ने देखिन्छ ।

यदि हामीले देखे बुझेका यथार्थ सूचना तथा जानकारीहरू प्रहरीलाई दिएर सहयोग तथा नागरिक दायित्व बहन गऱ्यौ भने र सरोकारवाला निकायहरूले पनि आ-आफ्नो भूमिका र दायित्व बहन गर्दै नेपाल सरकारले कार्यान्वयमा ल्याएको शून्य मानवीय क्षति सहितको सडक सुरक्षाको कार्ययोजनालाई वास्तविक कार्यान्वयनको चरणमा लैजाने हो भने निश्चय पनि मानवीयता हराउदै गएका केही चालकहरूलाई दुर्घटना पश्चात फरार हुने होइन, फरार भइहाले पनि भाग्न उम्कन सकिन्न भन्ने भावनाको विकास गराउदै घाइतेलाई जतिसक्दो चाँडो अस्पताल लैजाने र कानूनी उपचारको बाटो रोज्न लगाउने बनाउन पो सकिन्थ्यो कि ? ♦♦

संस्मरण

# डेङ्गी पीडा, सांस्कृतिक चाड तिहार र चोकमा चिया



✍ **घनबहादुर थापा**

डेङ्गी सङ्क्रमित भएको कारण घरभित्र आराम गर्दै बसेको दसौं दिन भएको थियो । नेपालीहरूको महान चाड तिहारको रौनक भए पनि यस रौनकले भने मलाई छुन सकेको थिएन । अर्थात् डेङ्गी पीडाको अगाडि चाड गौण बनेको महसुस भइरहेको थियो । एता यस वर्ष हाम्रो परिवारमा भाइटीका पनि थिएन । यस कारण पनि मन उति चङ्गा हुन सकेको थिएन । त्यसमाथि बिरामी ज्यानको बोझ अभिभारा बोक्नु पर्ने बाध्यता मन बोझिलो हुनुको अर्को कारण थियो नै ।

गाई तिहारको दिन साँझ बिस्ताराभित्रै बसेर देउसी-भैलो गीत सुन्दै मन बहलाउने झिनो प्रयासमा थिएँ । त्यै बेला मोबाइलमा मेसेज टोन बज्यो । शुभकामना सन्देश नै होला भन्ने सोचें । तर हैन रहेछ । संसाक मासिकका सम्पादक उमेश पान्डेजीले पठाएको निमन्त्रणा मेसेज रहेछ । लेखिएको थियो, 'सर ! भोलि बिहान जालपा चोकमा आठ बजे एकछिन चिया खाने र भेट्घाट गर्ने कार्यक्रम छ, निस्किनुस् है !'

जालपा चोक मेरै घर नजिकैको चोक हो । यो ऐतिहासिक चोक हो । काठमाडौं टोखा नगरपालिका वडा नम्बर ८ बानियाँटारमा पर्छ । करिब १५ वर्ष पहिले बसाइँ सर्दै यता आएपछि जालपा चोक र यहाँको परिवेशसँग मेरो भावनात्मक सम्बन्ध रहँदै आएको छ । चोकनेर जालपा देवीको मन्दिर रहेको कारण यो चोकको नाम जालपा चोक रहेको बुझ्न सकिन्छ ।

म डेङ्गी पीडित भएको उमेशजीलाई पूर्वजानकारी थियो । त्यसैले मैले पनि छोटकरीमा जवाफ लेखें, 'राम्ररी निको भएको त छैन, तै पनि आउँछु ।' म बिरामी छु भन्ने जान्दाजान्दै उहाँले आमन्त्रण गर्नुभयो । मैले आफू अझै शारीरिक रूपमा कमजोर छु भन्ने बुझ्दाबुझ्दै आउँछु भनें । यी

दुई प्रस्ताव र स्वीकृतिबीच एउटा संयोग छ, त्यो हो आत्मीयता र आपसी आत्मविश्वास । यी विश्वास वरिपरि केही कुरा जोडिएका होलान् मैले यस्तै सोचें ।

डेङ्गीले मान्छेको शरीरलाई निकै नै शिथिल पार्दो रहेछ । 'प्लेटलेट' घटाइदिएपछि जाँगरको पारो त ह्वात्तै जिरो पो हुने रहेछ । उमेशजीले जालपा चोकमा चिया पिउने भने पनि चोकको कुनै हलमा हो कि, चिया पसलमा हो कि कहाँ भेटघाट गर्ने हो प्रस्ट उल्लेख थिएन । सोधूँ भने आफ्नो त बोल्ने जाँगर नै डेङ्गीले सापटी लगेको थियो सायद ! कसरी थप जिज्ञासा राख्नू ? कुरा मेसेजमै सीमित रह्यो ।

संसाक मासिकले नेपाली परम्परा, धर्म, संस्कृति र कलाप्रति निकै लगाव राख्दै आएको छ । सुरूमा यो पत्रिकाको नाम सुन्दै अनौठो लागेको थियो मलाई । शब्दकोशमै नभएको के नाम होला यस्तो ? भन्ने प्रश्न मनमा उठ्थ्यो । पछि त्यही पत्रिकामा लेखरचना छापिन थाले । पढ्ने अवसर पनि जुट्यो । त्यसपछि थाहा हुन आयो, संस्कृति, साहित्य र कलाको छोटकरी रूप नै 'संसाक' रहेछ । यस्तो रहस्य थाहा पाएपछि बल्ल नामको महत्त्व बुझेको थिएँ । नामैले इङ्गित गर्छ यो पत्रिकाको मर्म र समर्पण ।

गत वर्ष पनि जालपा चोक नजिकै अवस्थित पारिजात पार्टी प्यालेसमा देउसी-भैली कार्यक्रम गरिएको थियो । संसाकले हरेक चाडपर्वमा समयसापेक्ष कार्यक्रमको योजना गर्छ । यसरी नै चाडपर्वमैत्री वातावरण सिर्जना गर्ने परम्पराले यसपाली पनि निरन्तरता पाउँछ र सोही अनुरूपको कार्यक्रम होला भन्ने अनुमान लगाउन कठिन भएन । भन्छन् नि, 'झिँगाको पछि लाग्यो भने फोहरमा पुगिन्छ, माहुरीको पछि लाग्यो भने फूलमा पुगिन्छ ।' सोचें फूलको पछि लाग्न बिरामी भएर के भो त ! जालपा चोक नजिकै छ । हिँड्न नसके लौरी टेकूँला, बोल्न नसके दाँत देखाएर डिच्च हाँसूला, चिया पिउन नसके तातो पानी पिउँला, जान त जानै पर्छ ।

वि.सं २०७९ कात्तिक ९ गते बुधबार गोवर्धन पूजाको दिन । चोकमा चिया खान जानु छ । बिहानै डेङ्गीको बोझ बोकेर उठें । अर्थात् डेङ्गीले शरीर भारी हुन छोडेको थिएन । उठेर फ्रेस त भएँ तर बोझिलो शरीरको गति भने आफ्नै तालमा थियो नै । तातो पानी, डेङ्गीमैत्री हल्का खाजा खाएँ । दस दिनदेखि अलपत्र परेको झुसे दाह्री सफाचट पारें । न्यानो कपडा पहिरेर घरबाट निस्किएँ । शरीरमा अलिअलि स्फूर्ति आएजस्तो भयो । डेङ्गीको

कारण यस्ता स-साना कुरा पनि मेरा लागि निकै विशेष र महत्त्वपूर्ण भइरहेका थिए । र, यस संस्मरणमा पनि त्यै कारण महत्त्व पाएका छन् ।

जालपा चोक फराकिलो छ । पालपा देवीको मन्दिर, जालपा पुस्तकालय, ऐतिहासिक पाटी, बाल बगैंचा लगायत आधुनिक भवन र ती भवनमा व्यवसायको रौनक जाल्पा चोकमा देख्न सकिन्छ । चोकमा चिया भन्ने बित्तिकै कहाँनेर होला ! अब कता जाने ? यसअघि संसाकद्वारा कार्यक्रम गरिएको 'कफी भट्टी' सम्झें । पहिलो सम्भावित भेटघाटस्थल अवश्य त्यही नै थियो । बाटो काटेर अगाडि गएँ भने फर्किएर आउने तागत छैन । पुनः फर्केर खोज्न नपर्ने गरी पहिलो जङ्कसनलाई पहिलो प्राथमिकतामा राखें । कफी भट्टीको गेटमा पुगें । अङ्ग्रेजीमा लेखिएको थियो, 'वी आर क्लोज्ड' । तिहारको कारण सेवा बन्द रहेछ ।

अबको प्रयास दोस्रो सम्भावितस्थल जाने रह्यो । 'जय अम्बे मिठाइ पसल', जहाँ बेलाबखत हाम्रो समूहको चियापान चल्छ, मेरा पाइला त्यतैतिर अगाडि बढे । त्यहाँ पनि तिहारको तयारीको क्रममा ग्राहक बस्ने टेबलकुर्सी हटाइएका रहेछन् । विभिन्न प्रकारका मिठाइका स्टल पो राखिएका रहेछन् । तिहारको रौनकले सबै बदि्लएको रहेछ । दोस्रो सम्भावित गन्तव्यमा पनि सफलता मिलेन ।

अब तेस्रो तथा अन्तिम गन्तव्य जालपा पुस्तकालय रह्यो । अक्सर साहित्यिक भेटघाट यहीं हुने गर्छ यहाँ । तर चोकमा भनिएको चियापान पुस्तकालयमा के हुन्थ्यो र ! मनमा आशङ्का उब्जियो । जालपा पुस्तकालय अगाडिको 'बटुका स्पेसल चिया' पसलको सम्झना आयो । त्यहाँसम्मको यात्राले गन्तव्य भेटाएन भने मोबाइल फोनको सहारा लिने विचारसँगै पैदलयात्रा जारी रह्यो । नभन्दै उल्लेखित चियापसल र जालपा पुस्तकालयबीचमा पर्ने कराँते हल अगाडि खुला चौरमा साहित्यकारहरूको जमघट फेला पऱ्यो ।

अगाडि कराँते हल, हल अगाडि हलकै सिँढी, सिँढी अगाडि पारिलो घाम सहितको सुनौलो चौर । सिँढी र चौरको सिमानामा टेबल, टेबलमाथि सेलरोटी, अचार, थरिथरिका मिठाइ र त्यसको वरिपरि साहित्यकार, पत्रकारहरूको सानो समूहको जमघट । आहा, हेर्दै लाग्यो यो जमघट आकारमा सानो भए पनि संस्कृति जोगाउने दरिलो खम्बा हो । म त पहिलो नजरमै मुग्ध भएँ । चोकमा चिया कस्तो हुने रहेछ भन्ने अहिलेसम्मको कौतूहलता पूरै मेटिँदै थियो । अब यसको विशेषता भने हेर्न नजर आतुर भए । एउटा छेउमा टुसुक्क

आसन ग्रहण गरें ।

केही दिनदेखि ननुहाएको भुस्स कपाल, फुङ्ग उडेको बिरामी मलिन अनुहार, बाक्ला भद्दा पोशाकभित्र खुम्चिएको सिकुटे शरीर कति नसुहाउँदो थियो होला । सायद म अर्कै ग्रहको प्राणीसरह पो थिएँ कि !

'बिरामी मान्छे के खान आ'होला ?' भने होलान् कसैले । तर मैले भने एउटा गीतको टुक्रा सम्झें, 'कति राम्रो देखियो माया हाँसेको, त्यै हाँसोले हो मेरो निद्रा मासेको ।' यै गीतमा हाँसोले निद्रा मासेको जस्तै एउटा साहित्यिक कार्यक्रमले मेरो आराम गर्नुपर्ने बाध्यता मासेर त्यहाँ पुग्न खोजें सायद । जसले मनमनै जेसुकै भने पनि उमेशजीले बिरामी अवस्थामा पनि उहाँको उपस्थिति नै ठूलो कुरा हो भनेपछि भने म ढुक्कसँग बस्न सकें ।

प्रसङ्ग बदलौं । संसाक मासिकको आयोजनामा शुभदीपावली तथा तिहारको उपलक्ष्यमा कवि, साहित्यकारहरूको जमघट हो यो । केही अनौपचारिक कुराकानी, केही टिकाटिप्पणीसँगै शुभकामना आदानप्रदानको लहर चल्यो । भनिन्छ, सुन्दर फूल फूल्न भिमकाय रूख चाहिँदैन, फूल जातको सानो बोट भए पुग्छ । लाग्थ्यो हामी पनि भुइँबाटै सबैले टिप्न सक्ने सानो फूलको बोटमा संस्कृतिको गुच्छा भुलाउने कोसिस गरिरहेछौँ । तिहारको शुभेच्छा बाँडिरहेछौँ । स-साना खुसी उबाएर संस्कृतिप्रति समर्पित कार्यक्रममार्फत सबैको ध्यानाकर्षण गर्न खोजिरहेछौँ ।

प्रसङ्गवश उमेशजीले तिहारको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वको चर्चा गर्न र आ-आफ्नो विचार पालैपालो राख्न आव्हान गर्नुभयो । यसपछि पो बल्ल चोकको चियाको महत्त्व अझै प्रस्ट हुँदै गयो ।

शुरूमा प्रा.डा. गार्गी शर्माले हाम्रो धर्म, संस्कृति र पूर्खाको रीति मान्न आग्रह गर्नुभयो । सांस्कृतिक हिसाबले महान देशका नागरिक हामीले संस्कृति भुल्दै गए देशको अस्तित्व गुम्न सक्छ भन्दै हामी जहाँजहाँ छौँ त्यहींबाट संस्कृति जगेर्नामा खट्नुपर्छ धारणा राख्दा सबैको मन छोयो ।

त्यसपछि डा. शैलेन्दुप्रकाश नेपालले ज्ञान, संस्कृति र सभ्यताको उत्पत्ति भएको पुण्यभूमि नेपालको इतिहास कोट्याउनुभयो । भेटघाटले नेपालको विशेषतालाई उजागर गर्दै संस्कृति जोगाउने प्रयत्न गरेकोले आयोजक तथा उपस्थित साहित्यकारहरूको प्रशंसा गर्नुभयो ।

साहित्यकारहरू रेणु अधिकारी 'मौनता', जे.पी. नेपाल, दीपक बानियाँ, उमेश पान्डे, भवानीमैयाँ पन्त, राजेन्द्र

घिमिरे 'सागर', यशोदा अधिकारी, तारा के.सी., ज्ञान्दरी कैनी, रविना घिमिरे, भगीरथ काफ्ले, म आफै लगायतको उपस्थिति र शुभकामनाले मेरो बिरामी दिमागमा ज्ञानको भार बढ्यो । डेङ्गीलाई पारिलो घाम तपाएर फुल्याउँदै सहभागिता जनाउनुको मज्जा बेल्लै थियो, जुन मैले भोग्ने अवसर पाएँ ।

संसाक पत्रिका सानो संस्था तर संस्कृति जोगाउने ठूलो अभिभारा बोक्न खोजेको प्रतित भयो । शुभ दिपावली तथा तिहारको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वको चर्चा गरिनुको साथै शुभकामनाका मिठा शब्द आदानप्रदान भए । बिरामी मान्छे म भने आफ्नै स्वास्थ्यलाभको कामना गरिएका शब्दले मख्खै परें । तिहारमा दिदीबहिनी दाजु भाइलगायत सपरिवार भेटघाट हुने अवसर मिलेझैं संसाकको आव्हानमा साहित्यकारहरूको भेटघाट हुन सकेकोमा उमेशजीलाई धन्यवाद नदिइरहन सकिएन । दिज्जूले आफैले बनाएको अचार, विविध प्रकारका मिठाइ खाएर नयाँ स्वाद लिन पाउँदा चोकको चियामा निकै मिठास थपियो । काठमाडौंमा पहिलो पटक स्याउको चियाको स्वाद लिन पाइयो । सबैको हातहातमा सेलरोटी, मुखै रसाउने अचारले स्वादमा स्वाद थप्यो । मिठाइले मिठो र चियाले चस्स चस्का दियो ।

खाजाचियाको स्वाद चाखेपछि साहित्यकारहरूको टोली देउसी-भैलोसमेत खेल्न अग्रसर भयो । डा. शैलेन्दुप्रकाशको ऐतिहासिक भट्याइले देउसीलाई नयाँ रौनक थप्यो । देउसी खेली सकेर टोली बानियाँटार हाइटस्थित लिङ्गेपिङ खेल्ने भन्दै उकालो लाग्यो ।

आफू भने बिरामी मान्छे, म खुट्टा लुगलुग काम्न थालेपछि ओरालो झर्दै घरतिर लागें । साँझ फेसबुक खोल्दै गर्दा साथीहरू लिङ्गे पिङ्मा चचहुई चचहुई गरेको तस्बिर देख्दा आफू पुग्न नसकेकोमा मन कटक्क खायो । तथापि तिहारको प्रमुख विशेषता, मनोरञ्जनको प्रतिक र परम्परा धानेको लिङ्गे पिङ् खेलेको प्रसङ्गले हाम्रो सांस्कृतिक धरोहर भने उँचो भएको महसुस भयो । ♦♦

प्रा.डा. गार्गी शर्मा

**रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट**

**WWW.nepalpolice.gov.np मा**

# विवाह सम्बन्धी कानूनी व्यवस्था



✍ प्र.व.ना.नि.सरस्वती बुढाथोकी

**परिचय**

कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ। त्यसैगरी विवाह पुरूष र महिला बिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हो । प्रत्येक व्यक्तिलाई कानूनको अधिनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुन्छ । विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्दछ ।

**विवाह गर्ने योग्यताः**

**(क)** पुरूष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेको हुनुपर्छ तर विवाहको सहमति भए पनि बहुविवाहलाई विवाहको मान्यता प्राप्त हुदैन ।

**(ख)** महिला र पुरूष बिच हाडनातामा विवाह हुंदैन । आफ्नो वंशका सात पुस्तासम्मका सबै नातालाई हाडनाता सम्झनु पर्छ। तर आफ्नो जातीय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नातासम्बन्ध रहेको हकमा भने विवाह गर्न गराउन सकिन्छ ।

**(ग)** पुरूष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नुहुँदैन।

**(घ)** महिला र पुरूष दुवैको उमेर बीस वर्ष पूरा भएको हुनुपर्दछ ।

**(ङ)** विवाह दर्ता गराउनु पर्दछ । तर दर्ता नगराएको कारणले मात्र त्यस्तो विवाहले कानूनी मान्यता नपाउने भन्ने हुँदैन ।

**विवाह बदर गराउन सकिने अवस्थाः**

**(क)** शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको, (ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको

वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भइसकेको,

**(ग)** पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठ रोगी भएको,

**(घ)** होस ठेगानमा नरहेको,

**(ङ)** विवाह भइसकेको,

**(च)** गर्भवती भएको,

**(छ)** नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको ।

**विवाह स्वतः बदर हुने अवस्थाः-**

**(क)** पुरूष वा महिलाको मञ्जुरी नभई भएको विवाह,

**(ख)** हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरू बिच भएको विवाह ।

**(ग)** कानून बमोजिम अंशवण्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरूष वा महिलाले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह ।

**(ङ)** भुक्याई विवाह गराएमा ।

**शारीरिक सम्पर्कबाट शिशु जन्मेमा विवाह भएको मानिनेः** कुनै पुरूषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरूष र महिला बिच स्वतः विवाह भएको मानिन्छ । तर पुरूषसँगको शारीरिक सम्पर्कबाट शिशु जन्मिएको भए पनि निम्न कारणहरूमा पुरूष र महिला बिच स्वतः विवाह भएको मानिने छैनः

**(क)** जबरजस्ती करणीको कारणले महिलाले गर्भधारण गरी शिशु जन्मिएमा,

**(ख)** विवाह गर्न हुने नाता सम्बन्धमा बाहेक हाडनाता करणीमा सजाय हुने नाताका पुरूषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएमा ।

**(ग)** विवाह गर्ने उमेर पूरा नभएमा,

**(घ)** बहुविवाह कायम हुने अवस्था भएमा ।

**जन्मिसकेको शिशुको कानून बमोजिमको हकमा असर नपर्नेः** विवाह बदर भएमा वा विवाह बदर गराएमा त्यस्तो विवाहबाट जन्मिएको शिशुको कानून बमोजिमको हकमा कुनै असर पर्दैन । उक्त शिशुले बाबुआमाबाट पाउने सम्पूर्ण हक पाउँछ ।

**विवाह दर्ता गर्नुपर्नेः**

(१) पति तथा पत्नीले कानूनबमोजिम तोकिएको अधिकारी समक्ष निवेदन दिई आफ्नो विवाह दर्ता गराउनु पर्छ । पति र पत्नी दुवैले वा कुनै एक जनाले विवाह दर्ता गराउन निवेदन दिन सक्छन् ।

**(२)** नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नीले आफू रहे बसेको मुलुकमा रहेको नेपालको राजदूतावास वा महावाणिज्य दूतावासमा विवाह दर्ताको लागि निवेदन दिन सकिन्छ ।

(३) विवाह दर्ताको लागि निवेदन पर्न आएमा सम्बन्धित अधिकारीले निवेदन परेको पन्ध्र दिनभित्र आफ्नो कार्यालयमा रहेको विवाह सम्बन्धी अभिलेखमा विवाह दर्ता गरी प्रचलित कानून बमोजिमको ढाँचामा निवेदकलाई विवाह दर्ताको प्रमाणपत्र दिनुपर्छ ।

(४) परेको निवेदन अनुसार विवाह दर्ता गर्न नहुने अवस्था भएमा सम्बन्धित अधिकारीले त्यसको कारण खुलाई निवेदन परेको सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्छ ।

(५) विवाह दर्ता गराउने सम्बन्धमा कुनै एक पक्ष उपस्थित नभएकोमा सम्बन्धित अधिकारीले उपस्थित नभएको पक्षलाई बुझी विवाह दर्ता गर्नु पर्छ ।

(६) उपस्थित नभएको पक्षले विवाह दर्ता गर्न असहमति जनाएमा सम्बन्धित अधिकारीले विवाह दर्ता नगरी अदालतबाट निर्णय भए बमोजिम हुने जानकारी निवेदकलाई दिनु पर्छ ।

(७) विवाह दर्ता सम्बन्धी विवरणको अभिलेख सम्बन्धित अधिकारीले सुरक्षित राख्नु पर्छ ।

(८) यो संहिता प्रारम्भ हुनु अघि विवाह भइसकेका र विवाह दर्ता नगरेका दम्पतीले चाहेमा यस दफा बमोजिम विवाह दर्ता गराउन सक्छन् ।

तर त्यसरी विवाह दर्ता नगराएको कारणले मात्र त्यस्तो दम्पतीको विवाहले कानूनी मान्यता नपाएको मानिने छैन ।

**दर्ताद्वारा विवाह गर्न सक्नेः**

कुनै पुरूष र महिलाले दर्ताद्वारा विवाह गर्न चाहेमा आफ्नो नाम, थर, उमेर, ठेगाना, पेशा, बाबु, आमा, बाजे, बज्यैको नाम, अघि विवाह भए वा नभएको र विवाह भएको भए वैवाहिक सम्बन्ध अन्त्य भएको व्यहोरा तथा कम्तीमा दुई जना साक्षीको नाम समेत खुलाई नेपालभित्र भए सम्बन्धित जिल्ला अदालत र नेपाल बाहिर भए नेपालको राजदूताबास वा महावाणिज्य दूताबास समक्ष निवेदन दिनु पर्छ ।

(२) निवेदन दिनको लागि पुरूष वा महिला वा दुवै निवेदन दिनु अघि जिल्ला अदालतमा निवेदन दिने भए सम्बन्धित जिल्लामा र राजदूताबास वा महावाणिज्य दूताबासमा निवेदन दिने भए राजदूताबास वा महावाणिज्य दूताबास रहेको सम्बन्धित देशमा कम्तीमा पन्ध्र दिनदेखि रहे बसेको हुनु पर्नेछ ।

**विवाह हुने वा नहुने निर्णय गर्नुपर्नेः**

(१) दर्ताद्वारा विवाह गर्न निवेदन परेमा सम्बन्धित अधिकारीले त्यस सम्बन्धमा आवश्यक छानबिन गरी निवेदन परेको मितिले सात दिनभित्र विवाह हुने वा नहुने विषयमा निर्णय गर्नुपर्छ ।

(२) विदेशस्थित सम्बन्धित अधिकारीलाई प्रस्तावित विवाहको सम्बन्धमा कुनै शङ्का

लागेमा नेपाल सरकार समक्ष पेश गरी नेपाल सरकारको निर्णय बमोजिम गर्नु पर्छ ।

**सहमतिपत्र तयार गर्नुपर्नेः**

निवेदक बिच विवाह हुने निर्णय भएमा सम्बन्धित अधिकारीले निवेदनमा उल्लिखित कुरा र विवाह गर्ने पक्षहरू कानूनबमोजिम एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर भएको व्यहोरा समेत खुलाई विवाहको सहमतिपत्र तयार गरी आफ्नो रोहबरमा निजहरू तथा उपस्थित साक्षीहरूको सहीछाप गराई त्यस्तो सहमतिपत्रमा आफूले समेत सहीछाप गर्नु पर्छ ।

**विवाह दर्ता सम्बन्धी व्यवस्थाः**

सहमतिपत्रमा सहीछाप गराई सकेपछि सम्बन्धित अधिकारीले त्यस्तो विवाह दर्ता किताबमा दर्ता गरी आफ्नो र विवाह गर्ने पक्ष तथा उपस्थित साक्षी समेतको सहीछाप गर्नु वा गराउनु पर्छ । विवाह दर्ता गरिसकेपछि सम्बन्धित अधिकारीले विवाह दर्ताका पक्षहरूलाई प्रचलित कानूनले तोकिएको ढाँचामा विवाह दर्ताको प्रमाणपत्र दिनु पर्दछ । विवाह दर्ताको प्रमाणपत्र पाएको दिनदेखि निवेदकहरू बिच विवाह भएको मानिन्छ ।

**विवाहित महिलाको थर प्रयोग सम्बन्धी व्यवस्थाः**

**(१)** विवाहिता महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्छिन् ।

**(२)**विवाहिता महिलाको थरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिन्छ ।

**(३)** पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध बिच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्छिन् ।

**वैवाहिक सम्बन्ध अन्त्य भएको मानिनेः-**

**(क)** विवाह बदर भएमा,

**(ख)** कानूनबमोजिम पति पत्नीको सम्बन्ध बिच्छेद भएमा,

**(ग)** पत्नीले कानूनबमोजिम सम्बन्ध बिच्छेद नहुँदै अर्को विवाह गरेमा ।

**पुनः विवाह गर्न सक्नेः-**

**(क)** पति पत्नी बीच वैवाहिक सम्बन्ध अन्त्य भएमा,

**(ख)** पति वा पत्नीको मृत्यु भएमा,

**(ग)** पति वा पत्नीले कानूनबमोजिम अंशबण्डा गरी भिन्न भएमा ।

**कानूनी सजायः**

**(१)** विवाह गर्ने व्यक्तिहरूको मञ्जुरी बिना कसैले कसैलाई विवाह गर्न वा गराउन हुँदैन । मञ्जुरी बिना भएको विवाह बदर हुन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रूपैयाँसम्म जरिबाना हुन्छ ।

(२) कसैले परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गर्न वा गराउन हुँदैन । विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ र त्यस्तो विवाह स्वतः बदर हुन्छ ।

(३) विवाह गर्ने व्यक्तिको उमेर बिस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन । यस्तो विवाह स्वतः बदर हुन्छ । कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुन्छ ।

(४) आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन । कसैले गरेमा कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ ।

(५) चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न हुँदैन । यस्तो कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ । र त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्छ ।

(६) विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन । त्यसैगरी कुनै पुरूष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरूषसँग कुनै महिलाले पनि विवाह गर्नु हुँदैन । तर पति पत्नीले कानूनबमोजिम अंशवण्डा गरी भिन्न भएमा पुरूष वा महिलाले पुनः विवाह गर्न सक्नेछन् । विवाहित हो भनी जानी जानी विवाह गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना हुन्छ । र यस्तो विवाह स्वतः बदर हुन्छ ।

**हदम्यादः** मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र नालिस गर्नु पर्दछ ।

**सन्दर्भ सामाग्रीः**

- मुलुकी देवानी संहिता २०७४ भाग–३, पारिवारिक कानून परिच्छेद-१ विवाह सम्बन्धी कानून
- मुलुकी अपराध संहिता ऐन २०७४ को परिच्छेद-११ विवाह सम्बन्धी कसूर । ♦♦♦

कथा

# मित्रता



✍ डा. गितु गैरे

भन्नुपर्ने कुराहरू धेरै छन् तर नभने पनि त हुने हो । के मौनता आफैमा एउटा जवाफ होइन र ?

म मौन रहिरहे, तिमीले बुझेनौ वा बुझ्ने कोसिस नै गरेनौ । मनमा राख्दा राख्दै मन भारी भयो । यिनै भारीपनले थिचिएर होला अचेल म एकदमै कम बोल्ने भएको। गुम्सिदा गुम्सिदै यसैको लत लागेछ।

म खुब बोल्थें सानोमा । कसैले बोलेरै खान्छे यसले त भन्थे, कोहीले चाहिँ बोलेरै मान्छे बेच्न सक्छे पनि भन्थे तर मेरो बाल मस्तिष्कले बुझ्दैनथ्यो।

अलिक पहिले लाग्थ्यो "लत, बानी भनेका जीवनभरका लागि हुन्छन् र छुट्टाउन साह्रै गाह्रो हुनेछ" तर त्यस्तो हुने रैनछ जीवनका सुईहरू बद्लिदै जादा बानीहरू फेरिदै जाने रैछ। परिवर्तन गराउन गाह्रो त मान्छेको सोचाई रहेछ । अझ भनु त सकरात्मक सोचाई । आखिर तिमीसँगको सम्बन्ध पनि त एक बानी रहेछ । बिस्तारै बिस्तारै बानी फेरिदै गयो, लत पनि हराउदै गयो।

यस्तै - यस्तै परिवेश र संयोगहरू थपिदै जाँदा म सम्झिन्छु । कहिल्यै छुट्टिन नसक्ने शिवानी र म पनि त छुट्टियौ । अचेल हामी बेखबर छौ । साच्चै शिवु एकपटक भन्न मन लाग्यो "के छ खबर हजुराको अचेल" ?

हजुरा हुँदा त तिम्रो मेरो सम्बन्ध कमजोर बनाउन चाहे पनि हुँदैनथ्यो। बलियो जग थिइन हजुरा हाम्रो सम्बन्धको । याद आइरहन्छिन् उनी । उनको त्यो दातबिनाको त्यो निश्छल हाँसो, हजुरालाई देखेपछि मात्रै महसुस गरेकी हुँ, दातबिना पनि मान्छे सुन्दर देखिने रहेछ । उनको काख हामी दुईको सिरानी थियो । हजुराको आफ्नो रगत त भए पनि सम्बन्धकी हजुरा मेरी पनि थिइन । उनको प्रेममा कहिल्यै तलमाथि महसुस गरिन । बरू त अलिकति झिजो मान्थिस् हजुराको सेतो फुलेको कपाल बाटिदिन । मलाई भने हजुरासँग बस्न सधैं रमाईलो लाग्यो । कहिले हिउँजस्तै फुलेको कपाल लरक्क पारेर कोरिदिने त कहिले बढेका नङलाई स-सानो आकार

मिलाईमिलाई काटिदिने । विगतका दिनहरू सम्झेर पनि कहिले दाँतबिनाको मुख देखाएर खुब हाँस्नुहुन्थ्यो त कहिले हजुरबालाई सम्झेर रूनुहुन्थ्यो। हजुराको हामी त थियौ सुन्न नत्र त्यो बुढेसकालको भारीपन कसलाई पोखिदहुन ? म सुनिरहन्थें, हजुरा सुनाइरहन्थिन् । अहिले तलाई कहिलेकाहीं सम्झिन्छु तर हजुरालाई धेरैपटक सम्झिरहन्छु अनि विगतको मिठो र न्यानो संसारमा हराउछु ।

हजुरा सधैं भन्ने गर्थिन्, यिनीहरू पोईको घर गएसी बल्ल छुट्टिछन् । हामी कहाँ हो त्यो ठाउँ भनेर ऱ्याखऱ्याख्ती पार्थियौ । हजुरालाई जित्यौ सोचेर खितखिती हास्दै खेल्न कुदिथ्यौ । पुराना दिन सम्झिदा शिवानीलाई म औंधी प्रेम गर्छु तर अहिले ? यसै भनिहाल्न सक्दिन ।

शिवानी र म बच्चैदेखि भाडाकुटी खेलेर हुर्किएका। सानैमा खोलामा पौडिन जादा शिवु झन्डै मरिन । त्यस दिन गाली खाईने भैयो भनेर औधी डर लागेको थियो तर दुवै परिवारले औधी माया गर्नुभयो । अहिले सम्झिदा लाग्छ सायद गाली नगर्ने सल्लाह गरेको हुनुपर्छ। हाम्रो मित्रता एउटै गाउँ भएकोले पनि परिवारसम्मै झागिएको थियो । हामी घर फेरिरहन्थ्यौ, सपना बाडिरहन्थ्यौ, लुगा साटिरहन्थ्यौ, आफ्ना आफ्ना धेरै कुरा गरिरहन्थ्यौ।

समय ! अहो ! समय सधैं एकनास रहेन । साना–साना खुजुरा हामी हलक्क बढ्यौ । किशोरावस्थाले शारीरिक र मानसिक परिवर्तन त ल्यायो । जीवनप्रति, आफैप्रतिको जिम्मेवारीले पनि माया गर्दै गयो । हामी फेरिदै गयौ तर हामीभित्रको प्रेम उस्तै थियो ।

साथी भएपनि दिदिबहिनीजस्ता एउटै बिस्तारमा सुत्ने, एउटै थालमा खानेसम्म। दिदीबहिनी भनौ भने हाँस्ने, खेल्ने र हरेक कुरा एक अर्कालाई सुनाउने पक्का दौतरी । सायद अहिले बेस्ट फ्रेन्ड भन्छन् क्यारे । सँगसँगै खेल्दै, कुद्दै, लुकामारी खेल्दाखेल्दै समयले कुन बेला लुकामारी खेल्यो पत्तै भएन। सपना बुन्दा बुन्दै, रातभरि ननिदाईकन आफ्नो आंकाक्षा र सपनाबारे सुनाउदा सुनाउदै हामी आ–आफ्नो लक्ष्यको बाटोमा हिंड्ने बेला भइसकेको थियो। हाम्रो हरेक कुरा मिल्थ्यो तर सपनाको विषयमा भने हामी वर्गीय भेदभावको कारण एउटै सपना देख्न सकेनौ । उसलाई डाक्टर बन्छु भन्ने बित्तिकै लाखौ पैसा खर्च गरेर पनि पढाईहाल्न तयार हुनुभयो । त्यस घरमा छोरा र छोरीको विभेद अरू कुरामा भएपनि पढाईको कुरामा पटक्कै थिएन । हुने विभेद पनि नगन्य मात्रामा थियो ।अन्य कुरामा पनि मेरोजस्तो रोकतोक थिएन । यी दुई कुरामा म शिवानीलाई भाग्यमानी देख्दथें । तर म जे जस्तो भएपनि आफू

केही बन्नुपर्छ भन्ने बोध गरेकी थिए । दिनहुँ भाइ र म बिचको विभेदले पनि मलाई भस्काइरहन्थ्यो ।

मेरो बाआमा दुवैको गाउँमा ठूलै इज्जत थियो । स्कुलमा शिक्षकशिक्षिका भएकोले पनि सर म्याडमको सम्बोधन सहित आदरभाव पाउनुहुन्थ्यो । शिक्षा र चेतना भन्ने कुरा फरक रहेछन्। 'छोराछोरी बरोबरी' भनेर ज्ञान बाढ्ने मेरै बाआमाले घरमा कति फरक गर्थे। बाहिर देखाउने दाँत छुट्टै थियो अनि भित्री यथार्थता भिन्न । विभेद महसुस गर्न एकैचोटि ठुलो कुरा कहाँ हुनुपर्छ र ? स-साना सामान्य लाग्ने विषयहरू दोहिरिरहँदा मनभित्रको त्यो गाठो भन सहनै नसक्ने हुँदोरहेछ । मैले मेरा लुगा धुनुपर्ने, भाडा माभ्नुपर्ने, घर सफाइ, खाना बनाउन जान्नु पर्ने तर भाइले केही गर्नै नपर्ने उल्टै मैले गरिदिनुपर्ने । यी जीवनका सामान्य लाग्ने तर महत्त्वपूर्ण काम त सबैले सिक्नुपर्ने, जान्नुपर्ने होइन र ?

मेरो परिवार अशिक्षित भएको भएपनि मैले सहन्थें तर ज्ञान भएर पनि चेतनाविहिन र अपरिपक्व देख्दा मलाई असह्य हुन्थ्यो । समाज नामको मुकुन्डो भित्र म र मेरो सपना कुचमुच्चिए, अल्भिए बयरको जस्तै सानो-सानो काँडामा । हुन त जीवन कसैको पनि सहज हुँदैन। "जसले अप्ठ्यारो परिस्थितिलाई सहजै पार लगाउछ, उसैको जीवन हो सहज गतिमा हिँड्ने, कुद्ने भनेको" । अहिले लाग्छ, मैले सकिन । परिस्थिति सामु लड्न, आफैप्रति धेरै भन्दा धेरै विश्वास गर्न ।

उता शिवानीको बाआमा पढेलेखेका त थिएनन् तर उनका बाबु निकै अग्रगामी चिन्तनका । पुख्यौली जायजेथा पनि टन्न थियो । बा नपढेपनि समयअनुसार आफूलाई ढाल्दै अघि बढेका एक प्रगतिशील व्यक्ति थिए । व्यापारको क्रममा देशविदेश पुगेका उसका बाले अलिक बढी संसार देखेर पनि होला, अलिक उदारभाव राख्दथे । पढेलेखेका व्यक्तिप्रति छुट्टै श्रद्दा थियो उनको। आफूले पढ्न नपाएपनि छोराछोरीलाई उनीहरूको ईच्छा अनुसारको पढाई गर्न दिन्छु । नपढे अबको समय गाह्रो हुन्छ है भनेर हामी दुवैलाई सम्भाई बुभाई गरेको सम्भना अभै छ । सधैं भन्ने गर्थे हामीलाई बाटो देखाउने काम मात्रै हाम्रो हो, जीवन जीउने तिमीहरूले नै हो । कसरी जिउने पनि तिमीहरूकै हातमा छ। किशोरावस्थाका चञ्चलता र अप्ठ्यारो परिस्थति बुभाउदै कोसिस र मिहेनत गर्न प्रेरणा दिनुहुन्थ्यो । मेलै जति सिके, बुभे सबै शिवुको बाकै देन थियो। मेरो घरमा त सधैं त्रास कै वातावरण हुन्थ्यो।

मेरा बाको संकीर्ण सोचका कारण म एस्.एली.सी पछि घरबाट

बाहिर बस्न पाईन । बाहिर बसे केटी बिग्रिन्छन् भन्ने मात्रै वाक्य मैले हजार पटक सुनिसकेकी थिए र त न मेलै मेरो जीवनलाई मलजल गर्न सके, सुन्दर बनाउन सके। न त स्वतन्त्र भएर जीवन बाँच्न सके । बिगर्ने मान्छे त कोठाभित्रै थुनेर राखेपनि बिग्रदैनन् र ? मेरा सपनाले हाँगा हाल्नै पाएनन् । म पखेटा हालेर उड्नै पाईन । नभनेको त कहाँ हो र ? मैले पढ्न खोजेको विषय छैन म पनि शिवानी सँगै पढ्न जान्छु भनेर। उल्टै त्यत्रो खर्च गर्न सकिदैन फेरि भाइलाई पनि त पढाउनु छ भनेर उल्टै हप्की खाएपछि मलाई कुनै आशा बाँकी रहेन । उहाँहरूकै रोजाईको विषय र कलेजमा भर्ना भए । आफ्नो लागि भन्दा पनि उहाँहरूकै लागि पढिदिन थाले । हरेक कुरामा रोकतोक र चियोचर्चो हुन थालेसी म सामाजिक संजालतिर पनि निस्क्रिय रहन थाले।

उता शिवानी जिन्दगी दुई तीन वर्षमै फेरिएको थियो । ऊ डाक्टर बन्न मेडिकल कलेजमा भर्ना भई । उसको रवाफ फेरियो । हाम्रो समय फेरियो, पढाई फेरियो । मेरो भने सीए बन्ने सपना हुँदाहुँदै पनि ख्यालख्यालमै तुहियो । हामी पहिलेजस्तो रहेनौ । सबैसबै बद्लिदै गयो । भेटघाट हरायो, बोलचाल पातलियो, सम्बन्ध कमजोर बन्दाबन्दै जीर्ण अवस्थामा पुग्यो ।

म आफैलाई समयले एकलकाटे बनायो । मलाई शिवुकोमात्र होइन कसैको वास्ता हुन छोड्यो । उसले सम्बन्ध बचाउन कोसिस नगरेकी त होइन । घर आउदा पस्ने गर्थी । मेलै वेवास्ता गरिदिए । उसले पनि कति सकोस् उसले पनि कोसिस गर्न छोडी । डोरी छुट्यो । समयले सम्बन्धको डोरी टुटाईदियो । पुराना दिनहरू सम्भिन्छु शिवुको माया लाग्छ फेरि वर्तमानमा आउछु अनि सम्भिन्छु ठ्याक्कै के गर्छु मसँग कुनै उत्तर छैन । तर मलाई यति थाहा छ धेरै कारणले म, म बन्न पनि सकिन अनि शिवुको राम्रो साथी बन्न पनि सकिन । ♦♦♦

## गजल



✍ **मस्त पुन मगर**

सहमालिनु पर्छ अन्जान देखेर ।
सहर त लोभिन्छ मुस्कान देखेर ।

मान्छेहरू लडाउनै खोज्छन् यहाँ
हजुरको पनि स्वाभिमान देखेर ।

यतिकै विश्राम लिन्छन् बटुवाहरू
तिर्खाएको बखत मुहान देखेर ।

गर्न जुरुरी छैन कसैको चियोचर्चो
बेमतलब खुसीको बगान देखेर ।

लाग्छ म मात्र छु एउटा रमाउने
सबै फरार छन् सुनसान देखेर ।

# मुला एक बहुगुणकारी सब्जी



✍ राजेशमान के.सी.

मानिसले आफ्नो शरीरलाई स्वस्थ, निरोगी र क्रियाशील राख्न विभिन्न प्रकारका खाद्य पदार्थहरू सेवन गर्नु पर्ने हुन्छ । यस्ता खाद्य पदार्थहरूमा माछा, मासु, अण्डा लगायत विभिन्न किसिमका सागसब्जीहरू पनि पर्दछन् । हरिया सागपात जस्तै चम्सुर, पालुंगो, रायको साग, काउली, बोडी, सिमी, करेला, बरेला, बन्दाकोभी, भण्टा, फर्सी आदि विभिन्न प्रकारका सागसब्जीहरू हुन् । त्यस्तै मुला पनि यस्तै प्रकारका सागसब्जीहरूमा पर्दछ । मुलालाई रातो मुला, सेतो मुला, ग्याण्टे मुला, सलगम आदि विभिन्न प्रकारमा वर्गिकरण गर्न सकिन्छ । सामान्यतया मुलामा एउटा विशेषता के हुन्छ भने यसलाई पकाएर, अचार बनाएर अथवा काँचो अवस्थामा पनि सेवन गर्न सकिन्छ ।

हुन त हामी कसैसँग ठट्टा गरेर बोल्दा, कसैलाई गाली गरेर बोल्दा अथवा कसैलाई होच्याएरै बोल्दा पनि बेलाबखत मुला शब्दको प्रयोग गर्ने गर्दछौं । तर स्वास्थ्यको हिसाबले भन्नु पर्दा मुला चानचुने सब्जी चाहिं होइन । यो एक अत्यन्त स्वास्थ्यबर्धक सब्जी हो र यसका अनेकन फाइदाहरू छन् । मुलाका यिनै फाइदाहरूका बारेमा यस पटक आदरणीय पाठकहरूसमक्ष केही जानकारी दिने प्रयास गरेको छ ।

मुला एक परिचित खाद्य पदार्थको नाम हो । प्रायः सबै जसो परिवारहरूको भान्छा घरमा यसले स्थान पाएको हुन्छ । काँचो अथवा पकाएर जुनसुकै अवस्थामा खान सकिने मुलामा अनेकन् गुणहरू विद्यमान रहने भएको हुँदा स्वास्थ्यको लागि यो अत्यन्त हितकर मानिएको छ । रासायनिक विश्लेषण अनुसार मुलामा विभिन्न पौष्टिक तत्वहरू विद्यमान रहेको हुन्छ । उदाहरणको लागि १०० ग्राम मुलामा क्यालोरी १६ ग्राम, प्रोटिन ०.६ ग्राम, चिल्लो पदार्थ ०.९ मिलीग्राम, कार्बोज ३.४ ग्राम, क्याल्सियम ३.५ मिलीग्राम, भिटामीन सी १५ मिलीग्राम, थायमीन ०.०८ मिलीग्राम, राइबोफ्रोबिन ०.०२

मिलीग्राम, नायसीन ०.५ मिलीग्राम र क्यारोटिन ३ मिलीग्राम पाइन्छ । यसका साथै मुलामा भिटामीन 'ए' र ' बि' पनि पर्याप्त मात्रामा रहेको हुन्छ ।

सर्वप्रथम मुला चिसो प्रकृतिको खाद्य पदार्थ भएका हुँदा यसको सेवनले हाम्रो आँखालाई फाइदा पुऱ्याउँछ । नियमित रूपमा मुलाको सेवन गर्ने गरेमा यसबाट आँखाको ज्योती बढ्छ भने मुलाको गन्धमा पाइने ल्फोरिन ग्याँस आँखाको निमित्त अत्यन्त हितकर मानिन्छ । खानेकुरा पचाउने दृष्टिले मुलालाई एक किसिमले अचुक औषधी नै मान्न सकिन्छ । भनिन्छ, काँचो मुलामा यदि थोरै नुन हालेर खाने गर्ने हो भने यसले हामीले खाएको खानेकुरालाई सजिलैसँग पचाइदिन्छ । मुला र टमाटर वा मुला र गाजर समान अनुपातमा मिसाई सलादको रूपमा खाने गरेमा पेटको ग्याँसले धेरै दिन दुःख दिन पाउँदैन । कब्जियतको समस्या हुँदा मुलामा कागतीको रस, अलिकति सिधे नुन, थोरै मरीचको धुलो र पिसेको ज्वानो मिलाई राम्रोसँग चपाएर खाएमा अत्यन्त फाइदा गर्दछ भने काँचो मुलाको अचार पनि अजीर्ण रोगको लागि अत्यन्त उपयोगी मानिएको छ । मुलामा खासगरी सल्फर तत्व पाइने भएको हुँदा पेट सम्बन्धी रोगको लागि यो निकै फाइदाजनक हुन्छ ।

रूघा वा सर्दी लागेको बेलामा पनि मुलाको सेवन गर्नु राम्रो मानिन्छ । यदि सर्दी लागेको छ र कफ जमेर घाँटी बसेको छ भने मुलाको गेडा (वीउ) पिसेर त्यसको चूर्ण खाने गरेमा यसबाट रूघा खोकीलाई मात्र नभई कब्जीयतमा समेत फाइदा गर्दछ । त्यस्तै दाँत सम्बन्धी विभिन्न रोगहरूमा पनि मुला अत्यन्त लाभदायक हुन्छ । खासगरी दाँतको पायरिया रोगमा मुला, गाजर र गोलभेंडाको मिश्रित सलाद खानु राम्रो हुन्छ । त्यसो त शारीरिक सुन्दरता बढाउनको लागि पनि मुला कम लाभदायक मानिँदैन । नित्य प्रायः खाली पेटमा एउटा काँचो मुला खाने गर्ने हो भने यसबाट अनुहारमा चम्किलोपन आउँछ । टाउकोमा जुम्रा पर्नाले कतिलाई हैरान पारेको हुन्छ । यसको लागि मुलाको रसले कपाल भिजाएर आधा घण्टा पश्चात टाउको पखाल्ने गरेमा जुम्रा र लीखाको दोहोलो हुन्छ । तर यो प्रक्रिया निरन्तर चार पाँच दिनसम्म गरिरहनु आवश्यक छ ।

त्यसैगरी शरीरको अनावश्यक रूपमा बढेको वजन वा मोटोपनले पनि धेरैलाई पिरोलेको हुन्छ । त्यसो त स्वास्थ्यको दृष्टिले पनि ज्यादा मोटाउनुलाई राम्रो मानिदैन । तसर्थ ज्यादा मोटो व्यक्तिले बिहान बेलुका नियमित रूपमा पात सहितको मूला खाने गरेमा मोटाई

घट्नुका साथै अनावश्यक वजन पनि वृद्धि हुन पाउँदैन ।

यिनै विद्यमान फाइदाहरूले गर्दा मुलालाई बहुगुणकारी सब्जी मानिएको छ । वास्तवमा एउटा मुला मात्रै नियमित रूपमा खाने गर्ने हो भने पनि हामी धेरै प्रकारका रोगहरूबाट बच्न सक्छौं । ♦♦♦

## मुक्तक



✍ मुरारीराज मिश्र

कहिले घटाउ त कहिले जोडमा छ जिन्दगी,
थोरै सजिलो धेरै कठिन मोडमा छ जिन्दगी,
जति संघर्ष गरेपनि केही हुँदो रहेनछ !
तापनि, नहारी उँभो लाग्ने होडमा छ जिन्दगी ।।

नाङ्गिदैं छन् बिस्तारै मानिसका चरित्रहरू
अनौठो देखिन थाले मित्रताका चित्रहरू
फाइदाका लागि कहिले यता कहिले उता
सूर्यमुखी फूलजस्तै लाग्न थाले मित्रहरू !

समयसँगै कहिले अनायासै हैसियत चुलिन्छ,
अहंकार गर्नु व्यर्थ छ कहिले नराम्ररी थलिन्छ,
सबै भन्दा माथि छु भनेर, घमण्ड गर्ने छत पनि
घरको तला थपिएपछि स्वतः भुइँमा बदलिन्छ ।

डटेर सामना गर्नुपर्छ, समस्याले त कहिल्यै छोड्दैन
समुन्द्रमा पुगि हराइने थाहा छ, नदीले बाटो मोड्दैन
जिउने कला त चङ्गाबाट सिक्नुपर्छ हामी सबैले
काटिनु पर्ने जान्दाजान्दै पनि जो आकाशमा उड्न छोड्दैन।

नेताले मात्रै देश बिगारे, यो तर्क वाहियात छ
देश बिग्रिनुमा त, हामी जनताको पनि हात छ
नपत्याए हेर्नुस्, कति अण्टसण्ट बोल्छन् नेताहरू
तैपनि ताली पड्काउनेको, यहाँ ठूलै जमात छ ।

कथा

# काँचुली



✍ **बिन्दु अधिकारी ढकाल**

"छोरा, ए छोरा ! दौडिदै गएर टाट्नामा हेर न बाख्रालाई के भयो ?" बारीको पल्लोछेउबाट आमाले उर्दी जारी गरिन् । "हैन, ए बाबु ! तैले सुनिनस कि क्या हो ? छिटो छिटो गएर हेर न त्यहाँ पाठो झुन्डिएजस्तो छ...।" पुनः आमा कड्किइन् ।

उसको पालो हुन्छ भनोस् न हुँदैन । "म भ्याउदिन सक्दिन" पनि भन्दैन । त्यो आदत एक दिन होइन, दुई दिन होइन र तीन दिन मात्रै पनि होइन । आमाले बोलाउदा धन्न "हजुर" सम्म भन्थ्यो । त्यही ठाउँमा अर्को आवाज कानमा गुञ्जयमान भए- हजुर न सजुर ! पाइला चाल्नु त झन् पर, टाढाको कुरा भयो ।

छोराको त्यस किसिमको आदतले आजित भए अभिभावक खास गरेर उसकी आमा । बुबालाई वास्ता थिएन, होइन थियो तर प्वाक्क मुख फोरेर केही भन्दैन थिए । उनको आफ्नै किसिमको आदत थियो । मानौं, उनी कर्मी मौरी हुन् ।

उसले कुपी बाल्छ भनेर आमा चाहिँको पालो गोधूली पहिल्यै मट्टीतेल लुकाई दिन्थिन् । तिनी कतै सौतेनी आमा त होइनन् ? नत्र आफ्नै छोरालाई किन त्यस किसिमको व्यवहार गर्थिन् ? हुन त यो पृथ्वी हो । यसको अर्को परिचय संसार पनि भनिन्छ । यहाँ बाँच्नु पर्छ, अनेक अनेक देखिन्छ र सुनिन्छ ।

तिनीहरूका घरमा दाउराको जोहो कहिल्यै देखिएन । गोबरग्यास आइपुगेको थिएन । सिलिन्डर भनेको कुन चराको नाउँ हो ? थाहा न पत्तो । बासकाभाटा र मकैकाढोड बालेको आगोलाई के आगो भन्नु ? त्यस घरको चलन सोही रापमा गाईभैंसीलाई खोले पकाउन ताउरमाउर हुन्थ्यो । मानिसको आहारा बिहान बेलुकाको खाना कसले पकाउथ्यो ? यो कौतुहल निवारण गर्न सकस भयो । आमाबाउ जतिखेरै मेलामा हुन्थे । उसको पालो अगेनामा बलेको त्यहीं हुरहुरे आगाको उज्यालोमा किताब पल्टाउथ्यो । कथन त्यो मौका नमिले जूनको पछि लाग्थ्यो ।

"यसो गर न बाबु, भट्टै उसो गर न । आफूले अह्राएको बित्तोबग्दो घटेसीलाग्दो कान सुनेकोनसुनै कुनै दिन मान्दैमान्दैन । नअह्राएको काम गर्न चाहिँ ज्यानजाला छोड्दैछोड्दैन । यस केटालाई भोक लागोस् न तिर्खा । जाडो होस् न गर्मी...।" लामो सुस्केरा तान्दै प्रायः यी लाइन नछुटाइँ भट्याउदै आमा डोकोनडालो गर्थिन् । आकाश गज्रे जसरी कतिलाई सुनाइन् । कतिसँग गन्गनाइन् ।

हुन पनि भेडो ताल एकोहोरो लागेको छ, लागेको छ । उसका साखा-सन्तानमा कसैले नगरेको त्यो कुन कर्मको सुरूवात हो ? आमा वास्तवमै निरक्षर थिइन्, छोरो त्यही प्रकृतिमा हिँड्नु उनी खुसी हुन्थिइन् । अरू जान्न हुटहुटी भएन । बाउबाजे न तिनका अगुवा कति पुस्ता अघिदेखि पाखोबारी खनिखोस्री फलेको अनाजबाट गुजारा गरे । एकलव्य त्यही ध्येयमा कति हिँडेका छन् ? गणितीय हिसाबको अन्दाज थिएन, भएन ।

उसका तीन जना दाजुहरू तीनै जनाले बिहे गरे । दिदीहरू पराइँ घर गइसकेका थिए । कल्पना नगरेको विषय उसको माइलो दाजुले धर्म परिर्वतन गर्ने कुरा झिके । त्यो कार्य नगर्न घरपरिवारदेखि गाउँका भद्रभलादमीले धेरै सम्झाए र अनेक तरहले बुझाए । यद्यपि हिन्दु सनातनमा नअट्ने निर्णय नबद्लेपछि त्यो बेला उसका घरको परिस्थिति कस्तो भयो ? जस्तो कि कुनै माटाको भाँडो । त्यो अचानक भुइँमा बजारियो भने के हुन्छ ? दुई टुक्रा । यो त शुभ सङ्केत होइन ।

उसका दुई जना दाजुहरू घरबार त्यागेर हिँडे । जसले धर्म परिवर्तन गरे, ऊ परिवारबाट अलग त भए भए, उता पञ्चभलाद्मीका सदस्यले चौतारामा सभा डाँकेर छलफल गर्दाको निष्कर्ष समाजबाटै हटाउने अर्थात् अलग्याउने निचोड गाउँ निकाला गरे । जस्तो कि खोसेला बिनाको मकैको घोगो । यसको अर्को उदाहरण छोडाइसकेको मकैको भित्री डाँठ अर्थात् खोयो ।

त्यसको केही दिनपछि उसले पनि गाउँ छाड्यो । वृद्ध हुँदै गएका बुबाआमालाई एक्ल्याएर कहाँ गयो ? सुइँको थाहा छैन । हाँगाबिँगा लाछिएको वरपिपलको बोटजस्ता भए बुढाबुढी । त्यो बेला राजा दशरथका छोरा रामले सौतेनी आमाको जालझेलमा परेर चौध वर्ष वनबास जानु परेको समयको झल्को आयो । परिवेश फरक भए पनि अभिभावकमा पर्न गएको चोट आखिर चोटै हो । राजा न प्रजा बेथा कसरी अलग हुन्छ ?

धन सम्पत्ति भएर के गर्नु ? त्यसले सुख दिदैन । फेरि, त्यही धन कोही बेला नभइ पनि हुँदैन । सामान्य नागरिक प्रेमनाथ कृषकको कान्छो

छोरो रणवीर घरको आँगनको डिल नकटेको त्यो युवक असामान्य हिसाबले हरायो । एकान दोकान नाकान गाउँभरि नानातरहले व्यापक चर्चा भयो । कसैकसैले दाजुहरू जस्तै जङ्गल पसेको आशंका गरे । नव दुलही उसका भाउजूहरू बुढाबुढीसँग नबसेर क्रमशः आफूखुसी लाखापाखा लागे ।

उसकी छिमेकी बहिनीको नाम सानी थियो । त्यो केटी ज्यादै कुरूप, नपत्याउदी खिनउटे र सानो पिलन्धरे अनुहारको बान्कीलाई अर्को कोसँग तुलना गरौ ? अफ्रिकामा पाइने काला रौं र लामो कन्पट हुने वनमान्छे, चिम्पाङजी हेरेर हेर्नु नपर्ने ठ्याक्कै उसैकी सन्तानजस्ती । बाहिर त्यस्ती देखिए पनि तर भित्रीरूप आम बच्चाबच्चीहरू भन्दा कति चलाख ? त्यो दिनको प्रशंगले ऊ ढकमक फूलजस्ती भई ।

"रणवीर दादा पढ्दै हुनुहुन्छ, उहाँको पढ्ने शैलीबारे सानामा थाहै पाइनँ । किताब पल्टाएर टुलुटुलु हेरेको देख्थें । बस्, यति नै याद छ । सहरमा गएर ठुलो नोटकापीमा राम्राराम्रा अक्षर लेख्दै हुनुहुन्छ । घरमा छिनछिनमा करकर कराउने आमाको बानीको पछि लाग्न नसकेर त्यो झिलिमिली सहर जानुभएको हो । दादाले भन्नुहुन्थ्यो, पहिला आफ्नो बुद्धि बढाउनु पर्छ । कम्तीमा सात वर्ष यो कुरा कसैलाई नभन्नु है सानी भनेर यो चिठी मेरो हातमा थमाउनुभएको थियो । जुन गोप्यतालाई मैले आजको मितिसम्म खोलिनँ ।" यति बोलेर त्यो लिखत आमाका हातमा थमाएर ढुकुर उडेजसरी सानी रणवीरका घरबाट तुफान गतिमा आफ्नो घरतिर लागि ।

आमाको पनि के गल्ती ? घरमा उपलब्ध भएसम्मका चिजबिज मट्टीतेल होस् या अरू सामान लोभले नदिएकी होइनन्, पुऱ्याउनु पर्छ भनेर जतन गर्थिन् । समयले जुरायो भने के मात्रै हुँदो रहेनछ, प्रविधिको विकास गाउँमा टेलिफोन सेवा सुरू भयो । त्यही दिन साँझ रणवीरले फोन गऱ्यो र आफूले घर छाडेदेखिका यावत कुरा अभिभावक समक्ष बेलिविस्तार लगायो । एउटा दहमा करोडौं रूपको नाच भने जस्तो काठमाडौं पुगेर उसले गरेको कर्म पढ्दै काम गर्दै डिग्री मात्र लिएन, विद्यावारिधि नै गऱ्यो ।

गाउँ घरको दुःख त्यही हो । हैरान त्यो सास्ती जति नै थोरै आँट गरे पनि शरीर बुढ्यौली भएपछि खट्नै चर्को । तथापि कर्मको डोरी कसले बाट्ने ? डाँडामाथिको घामझैं उमेर ढल्दै गएका रणवीरका आमाबुबा सुन्दर बिहानीको पर्खाइमा कति वर्ष अघिदेखि आँखा टोलाउदै बसे ? त्यो पर्खाइको कुनै हिसाब छैन ।

छोराछोरीले घरव्यवहार धानेको हेर्न कुन अभिभावकमा चाहना हुँदैन ? साँच्चै, सन्तानले गरेको उन्नति प्रगति बाहिर बाहिर नभने पनि भित्री रहर मानवीय विशेषता नै हो । अन्दरकुन्दर पक्का थियो । किन थिएन ?

त्यो दिन रणवीरले यात्रा नगरेको भए ? ऊ कसरी ठूलो मानिस बन्थ्यो ? तत्कालको लागि यात्रा निरास भए पनि अन्तत त्यसैले सफल बनायो । स्वआर्जनले किनेको आफ्नो नामको घडेरीमा रणवीरले घर बनायो, त्यो पनि काठमाडौँमा । त्यस दिनको प्रतिज्ञामा उसले के भनेको थियो ?

"अब म यति पढ्छु, आफ्नो लागि मात्रै नभएर मेरा अभिभावकको मुहारमा खुसी ल्याउन साथै यो देशको नाम राख्न अहोरात्र मिहिनेत गर्छु ।" त्यसैको प्रतिफल हो, चखेवा जोडीजस्ता आमाबुबालाई त्यो गाउँ त्यो ठाउँबाट सर्लक्क ठुलो-भव्य र विशाल राजधानी सहरमा सुखसयलका साथ राखेको देख्दा ख्याल भयो । सर्पले मात्रै कहाँ काँचुली फेर्दो रहेछ र ? ♦♦♦

कविता

## कोइली चरी



✍ **गङ्गा कर्माचार्य पौडेल**

को हो ? को हो ? भनि सोध्ने तिमी कोइली चरी
गीत गाई मुग्ध पाछ्यौं हामीलाई घरि घरि
वसन्तको आगमनसँगै तिमी आउँछ्यौ
गृष्म, वर्षा ऋतुभरि पाहुना भई बस्छयौ

छिरविरे कालो रूप तर स्वर मिठो
भुर्रर उडी रनवन डुल्छ्यौ छिटो छिटो
उखानै छ काग भन्दा कोइली बाठो हुन्छ
जहाँ पनि नयाँ ठाउँमा उही पहिला पुग्छ

मिठो लाग्छ तिमीलाई किंबु, काफलगेडी
कागको गुँडमा फुल पार्ने कसैलाई नटेरी
सुधार है बानी आफ्नो जस्तै मिठो स्वर
सधैं भरि माफी पाउने छैनौं पाहुना भनेर ।२

# अपराध अनुसन्धानमा प्रहरी कुकुरको प्रयोग



✍ प्र.स.नि. अम्बिका के.सी.

नेपाल प्रहरीमा अपराध अनुसन्धानको क्षेत्रमा विभिन्न प्रवधि तथा माध्यमको प्रयोग हुँदै आएको छ भने ती प्रविधि तथा माध्यमहरू मध्ये प्रहरी कुकुरको प्रयोग पनि एक हो । प्रहरी कुकुरले सुँघेर अपराधी पत्ता लगाउँछ । हत्या, चोरी, लागूऔषध तथा बेपत्ता खोजी, विमानस्थल, विशिष्ट व्यक्तिहरूको सुरक्षा लगायतका क्षेत्रहरूमा कुकुरको प्रयोग हुँदै आएको छ ।

नेपाल प्रहरीले अपराध अनुसन्धान अन्तर्गत, अपराधी तथा सबुदको खोजी एवं पहिचान, लागूऔषध खोजी एवं पहिचान, विष्फोटक पदार्थ खोजी एवं पहिचान र विभिन्न किसिमका प्रकोप, अपराधिक घटनामा प्रहरी कुकुरको प्रयोग गर्न थालेको करिब ५५ वर्ष पूरा भएको छ ।

सर्वप्रथम नेपाल प्रहरीले विक्रम सम्वत् २०२६ सालमा ५ जना प्रहरी कर्मचारीहरूलाई प्रहरी कुकुर सम्बन्धी तालिमका लागि मलेसियामा पठाएको थियो । तालिममा गएका तिनै प्रहरी कर्मचारीहरूले साथमा ल्याएको जर्मन सेफर्ड जातका रिवल र होस्का नामका २ वटा तालिम प्राप्त प्रहरी कुकुर र नेपालमा खरिद गरिएका सोही जातका सागर र धौला नाम गरेका २ वटा कोरा प्रहरी कुकुर गरी ४ वटा प्रहरी कुकुरबाट सेवाको शुभारम्भ भएको थियो । त्यसपछि २०३२ सालमा प्रहरी प्रधान कार्यालय नक्सालमा १० जना प्रहरी कर्मचारीसहित 'पुलिस कुकुर शाखा'को औपचारिक रूपमा स्थापना भएको थियो । त्यस यता प्रहरी कुकुरले थुप्रै आपराधिक घटनाहरूको अनुसन्धान कार्यमा सहयोग पुऱ्याएको छ ।

नेपाल प्रहरीसँग अहिले नेपाल प्रहरी केनाइन महाशाखा काठमाडौं, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल र सात वटै प्रदेश प्रहरी कार्यालयमा गरी तालिम प्राप्त ६० वटा र तालिमरत ३० वटा गरी जम्मा ९० वटा प्रहरी कुकुर रहेका छन् ।

नेपाल प्रहरीले कुकुर सेवाको शुरूवात गरेदेखि हालसम्मको अवस्थालाई

हेर्ने हो भने विभिन्न समयमा मलेसिया, भारत तथा अमेरिकाबाट तालिम प्राप्त प्रहरी कुकुरहरू सहयोग स्वरूप प्राप्त भएका छन् भने खरिद गर्दा भारत, बेलारूस र सर्वियाबाट तथा नेपालका स्थानीय ब्रिडरहरूबाट खरिद गरेर ल्याइएका छन् साथै समय समयमा नेपाल प्रहरीको केनाईन सेवा प्रदायक कार्यालयहरूले आन्तरिक रूपमा ब्रिडिङ्ग गरेर पनि कुकुरको व्यवस्था मिलाउने गरिएको छ ।

अपराधीको पहिचान गर्न होस वा सम्भावित दुर्घटनाबाट बच्न नै किन नहोस् नेपाल प्रहरीका लागि प्रहरी कुकुर भरपर्दो अनुसन्धान अस्त्र बनेको छ । मानिसलाई जस्तै कुकुरलाई पनि विभिन्न विधामा तालिम दिइन्छ ।

नेपाल प्रहरीले हाल विभिन्न किसिमका अपराधजन्य घटनाको अनुसन्धानमा प्रयोग हुने ट्र्याकर डग, सुरक्षा तथा विष्फोटक पदार्थजन्य अपराधको अनुसन्धानमा प्रयोग हुने विष्फोटक पदार्थ खोजी एवं पहिचान डग, लागूऔषधजन्य अपराधको अनुसन्धानमा प्रयोग हुने लागूऔषध खोजी एवं पहिचान डग र विभिन्न प्रकोप, आपराधिक घटना वा अन्य कारणहरूबाट हराइरहेका मानिसहरूको खोजी कार्यमा प्रयोग हुने खोजी तथा उद्धार डग गरी ४ वटा विषयमा तालिम सञ्चालन गर्छ र तालिम पश्चात तालिम प्राप्त प्रहरी कुकुरहरूलाई सम्बन्धित विषयको डिउटीमा परिचालन गरिन्छ ।

नेपाल प्रहरीसँग अहिले ६ प्रजातिका प्रहरी कुकुरहरू छन् । सबै प्रजातिका प्रहरी कुकुरहरूको अपराध अनुसन्धानमा छुट्टाछुट्टै विशेषता छ । ल्याब्राडोर रिट्रिभर र क्रोकर स्पानियल जातको प्रहरी कुकुरले प्रायजसो विष्फोटक पदार्थ खोजी एवं पहिचान गर्छ । यस्तै गोल्डेन रिट्रिभर र बिगल जातको प्रहरी कुकुरले विशेषगरी लागूऔषध खोजी एवं पहिचान गर्छ भने जर्मन शेफर्ड र बेल्जियन शेफर्ड जातको प्रहरी कुकुर सबै कामका लागि उपयुक्त मानिन्छन् । नेपाल प्रहरीले अहिलेसम्म खरिद गरिएका कुकुरहरू मध्ये ब्लड हाउण्ड सबैभन्दा महँगो कुकुर हो । जसलाई करिब ८ लाख नेपाली रूपैयाँमा खरिद गरिएको थियो भने हाल सेवारत रहेका प्रजातीहरू मध्ये बेल्जियन सेफर्ड सबैभन्दा महँगो कुकुर हो । जसलाई करिब ५ लाख नेपाली रूपैयाँमा खरिद गरिएको हो ।

एउटा मानिसको डिएनए (DNA) अर्को मानिससँग नमिले जस्तै मानिसको गन्ध पनि एक-अर्कोसँग मिल्दैन । प्रहरी कुकुरले त्यही गन्धको आधारमा अपराधी पत्ता लगाउँछ । मानिसको शरीरको छालाको बाहिरी तहलाई इपिडर्मिस (Epidermis)

भनिन्छ भने इपिडर्मिसमा रहेको कोषको आयु करिब २ देखि ४ हप्तासम्म हुन्छ । आयु समाप्त भए पश्चात उक्त कोष मर्छ भने प्रतिमिनेट करिब ४०००० वटा कोष मरेर हाम्रो शरीरबाट झर्छ । यसरी मरेर झरेको कोषलाई र्‍याफ्ट (Raft) भनिन्छ र त्यतिनै मात्रामा नयाँ कोषहरू बन्छन् । यसरी कोषहरू मरेर झर्नाले जब हामी हिँड्छौं हाम्रो शरीरबाट झरेको कोषबाट एउटा अदृष्य काल्पनिक रेखा बन्छ । उक्त रेखालाई ट्रेल (Trail) भनिन्छ । उक्त ट्रेलमा भएको मृत कोषबाट निस्कने गन्ध र जसको शरीरबाट कोष झरेको हो उक्त व्यक्तिको गन्ध उस्तै हुन्छ । जब कुनै आपराधिक घटना घट्छ र उक्त घटना पश्चात अपराधी फरार हुन्छ भने उसले प्रयोग गरेको बाटोमा झरेको कोषबाट गन्ध आइरहेको हुन्छ । यदि घटनास्थलमा अपराधीसँग सम्बन्धित सबुद भएमा सबुदमा भएको गन्ध र ट्रेलमा रहेको कोषबाट आउने गन्ध उस्तै हुन्छ र प्रहरी कुकुरलाई उक्त सबुद सुँघाएर छोड्दा सबुदको गन्धसँग मिल्दो ट्रेललाई पछ्याउँदै सम्बन्धित व्यक्तिसम्म पुगेर उक्त व्यक्तिको खोजी एवं पहिचान गर्न सक्छ । यसरी कुकुरले गन्धको आधारमा अपराधी पत्ता लगाउन सक्छ ।

**अपराध अनुसन्धानमा प्रहरी कुकुरको प्रयोग गर्दा देखिने समस्याहरू**

- घटनास्थलमा सबुद नहुनु ।
- घटनास्थलमा रहेको सबुद सुरक्षित नहुनु अर्थात कसैले छुने चलाउने गरेको हुनु ।
- घटना घटेको २४ घण्टा भन्दा धेरै समय पश्चात कुकुर प्रयोग गर्नु।
- घटनास्थलमा रहेको सबुद पीडित, पीडक वा अरू कसैको हो पुष्टि नहुनु ।
- घटना पश्चात चर्को घाम, ठुलो हावा हुरी तथा ठुलो पानी परेको हुनु ।
- धेरै मानिसहरूको भिडभाड, घरपालुवा तथा जंगली जनावरहरूको उपस्थिति हुनु ।
- कुकुरलाई काम गराउन सकिने अवस्था नहुँदा नहुँदै पनि जन दबाबको भरमा काम गराउनु।

**प्रहरी कुकुरले पत्ता लगाएको केही चर्चित अनुसन्धान घटना**

**१. ट्र्याकर**

काठमाडौं जिल्ला टोखा नगरपालिका वाड नं. १० नवज्योती मार्ग स्थित सार्वजनिक सडक किनारामा कालो रंगको Poliglobal लेखिएको सुटकेश भित्र फेला परेको टाउको र खुट्टा बिनाको शव घटनाको अनुसन्धानको लागि मिति २०७७/०४/२५ गते केनाइन महाशाखाबाट ट्र्याकर विषयको तालिम प्राप्त प्रहरी कुकुर सहितको टोली खटिएर गएकोमा ब्लडहाउण्ड जातको जोजो नाम गरेको

प्रहरी कुकुरलाई घटनास्थलमा प्राप्त शव बोक्न प्रयोग गरिएको नाम्लो सुँघाई छोड्दा त्यहाँबाट अन्दाजी २०० मिटर पर खाली जग्गामा रहेको जेब्रा झोलामा पुगेको र सो झोलालाई खोली हेर्दा भित्र कालो प्लास्टिकका २ वटा पोकाहरू फेला परेकोमा उक्त पोकाहरूलाई पनि खोली हेर्दा एउटामा घाँटी काटिएको अवस्थामा रहेको पुरूष मान्छेको टाउको र अर्कोमा काटिएको अवस्थामा रहेको २ वटा खुट्टा फेला पार्न सफल भएकाले सहज रूपमा मृतकको पहिचान हुनका साथै अनुसन्धान कार्यलाई महत्त्वपूर्ण सहयोग पुगेको ।

कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं. ५ घर भई ऐ.ऐ स्थित मकबुल मियाको घरमा डेरा गरी बस्ने वर्ष ५९ को शुसिला खड्काको हत्या भएको घटनाको अनुसन्धानको लागि मिति २०७७/०८/२७ गते कर्णाली प्रदेश प्रहरी कार्यालय, केनाइन शाखाबाट ट्र्याकर विषयको तालिम प्राप्त प्रहरी कुकुर सहितको टोली खटिएर गएकोमा जर्मन शेफर्ड जातको जम्बो नाम गरेको प्रहरी कुकुरलाई घटनास्थलमा प्राप्त सबुद (ईंटाको टुक्रा र लोहोरो) सुँघाई छोड्दा सोही घरमा मृतक सँगै बस्ने मृतकको भतिजो वर्ष २३ को तोरण बहादुर खड्कालाई संकेत गरेकोमा निज भतिजोले आफ्नो फुपुलाई आफैले मारेको हो भनि बयान दिएको ।

कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १ स्थित दिलिप विष्टको ३ वर्षिय छोरा विवेक विष्ट आफ्नै घर नजिकको बाटोबाट हराइरहेको घटनाको अनुसन्धानको लागि २०७८/०३/२२ गते सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, केनाइन शाखाबाट ट्र्याकर विषयको तालिम प्राप्त प्रहरी कुकुर सहितको टोली खटिएर गएकोमा जर्मन शेफर्ड जातको तुफान नाम गरेको प्रहरी कुकुरलाई हराइरहेको बच्चाको घरबाट लगिएको बच्चा सुत्ने डस्ना सुँघाई छोड्दा घटनास्थलबाट अन्दाजी ५०० मिटर टाढा रहेको जमरा नालाको किनारसम्म पुगेको र कुकुरले गरेको कामको आधारमा बच्चालाई उक्त नालाले बगाएको हुन सक्ने देखिएकाले सोही अनुसार खोजी गर्दा बच्चाको शव सोही नालाको करिब ५ किलोमिटर तल बाघमारा भन्ने ठाउँमा फेला परेको साथै बच्चालाई कुकुर पुगेको स्थानबाटै नालामा फालिएको समेत पुष्टि भएको ।

मिति २०७८/१२/२९ गते काठमाडौं जिल्ला शंकरापुर नगरपालिका वडा नं. ०७ का हरि बहादुर श्रेष्ठ घरबाट हराएको घटनाको अनुसन्धानको लागि नेपाल प्रहरी केनाइन कार्यालयबाट ट्र्याकर विषयको तालिम प्राप्त प्रहरी

कुकुर सहितको टोली खटिएर गएकोमा जर्मन शेफर्ड जातको पप्पी नाम गरेको प्रहरी कुकुरलाई सबुदको रूपमा घटनास्थलमा प्राप्त निजले लगाउने कपडा कुकुरलाई सुँघाइ छोड्दा घरको पछाडिको बाटो हुँदै शालिनदी किनारमा ढुङ्गामा रगतजस्तो देखिने पदार्थ लागेको स्थानसम्म पुगेको र कुकुरको ट्र्याकको आधारमा खोलामा झरेको हुन सक्ने देखिएकाले खोलामा खोज तलास गर्दा डुबेको अवस्थामा शव फेला पार्न सफल ।

सर्लाही जिल्ला हरिपुर नगरपालिका वडा नं. १ डाफे जंगलमा जिल्ला रौतहट मुजरा न.पा. वडा नं. ५ घर भएको ३१ वर्षिय विष्णु घिसिङ्गको धारिलो हतियार प्रयोग गरी हत्या भएको घटनाको अनुसन्धानको लागि मिति २०७९/०१/१७ गते मधेस प्रदेश प्रहरी कार्यालय, केनाइन शाखा, लालगढबाट ट्र्याकर विषयको तालिम प्राप्त प्रहरी कुकुर सहितको टोली खटिएर गएकोमा जर्मन शेफर्ड जातको जंगे नाम गरेको प्रहरी कुकुरलाई सबुदको रूपमा घटनास्थलमा प्राप्त धारिलो हतियार (खुँडा) सुँघाइ छोड्दा त्यहाँबाट दक्षिण पश्चिमतर्फ अन्दाजी २.५ कि.मि. पर १ हजार बिगाहसम्म ट्र्याक लिएको साथै त्यहाँ पक्राउ परेका ३ जना शंकित व्यक्तिहरू मध्येबाट फाईण्ड आउट गराउदा संगीता तामाङ्ग नाम गरेको व्यक्तिलाई संकेत गरेको र सोही आदारमा अनुसन्धानलाई अगाडि बढाउदा निजले आफूले अपराध गरेको स्विकार गरेकाले अनुसन्धान कार्यमा महत्त्वपूर्ण सहयोग पुगेको ।

जिल्ला तनहुं आबुखैरेनी गा.पा. ३ बस्ने मदन घिमिरे मिति २०७९/११/१३ गतेदेखि सोही स्थानबाट हराएको घटनाको अनुसन्धानको लागि मिति २०७९/११/१४ गते जिल्ला तनहुँ इलाका प्रहरी कार्यालय, आबुखैरेनीबाट प्रहरी कुकुर माग भए बमोजिम गण्डकी प्रदेश प्रहरी कार्यालय, केनाईन उपशाखाबाट ट्र्याकर विषयको तालिम प्राप्त प्रहरी कुकुर सहितको टोली खटिएर गएकोमा जर्मन शेफर्ड जातको टोम नाम गरेको प्रहरी कुकुरबाट ट्र्याकिङ गराउदा आबुखैरेनी गा.पा. ४ डम्पिङ साइडको झोलुङ्गे पुल मुनि मर्स्याङ्दी नदिको किनारमा संकेत गरेको हुँदा उक्त पुल मुनि ठुलो दहमा खोजी कार्य गर्दा निज व्यक्तिको शव सोही दहमा भेटिएकोले ट्र्याकर डग कार्य गर्न सफल भएको ।

मिति २०८०/०५/२९ गते का.म.न.पा. ३२ तिनकुने स्थित बालकृष्ण शिवाकोटीले सञ्चालन गरेको श्री दिव्य सःमिल एण्ड काष्ठ उद्योग भित्र नविन राई समेतका ४ जना व्यक्तिहरूको

धारिलो हतियार प्रयोग गरी हत्या भएको घटनाको अनुसन्धानको लागि नेपाल प्रहरी केनाइन कार्यालयबाट ट्र्याकर विषयको प्रहरी कुकुर सहित खटी गएकोमा रोज नामको Tracker Dog लाई घटनास्थल नजिकै रहेको चापाकलको ह्याण्डलको गन्ध सुँघाइ छोड्दा घटनास्थलबाट तिनकुनेको बिचमा रहेको खाली जग्गाको गोरेटो, कोटेश्वर हुँदै जडिबुटी चोकसम्म कुकुरले ट्र्याक लिएको र अनुसन्धानको क्रममा CCTV फुटेज हेर्दा अभियुक्तले पनि सोहि बाटो प्रयोग गरी भागेको देखिन आएको ।

मिति २०८०/०३/२९ जिल्ला रौतहट दावाही गोनाही नगरपालिका वडा नं. ६ कर्कच बस्ने जगरनाथ साहको घाँटीमा धारिलो हतियार प्रहारबाट हत्या भएको घटनाको अनुसन्धानको निमित्त सिमानाका केनाइन शाखा वीरगंजबाट ट्र्याकर विषयको प्रहरी कुकुर सहित खटी गएकोमा Rio नामको Tracker Dog लाई घटनास्थलमा प्राप्त महिलाले कपालमा लगाउने क्लिप सुँघाइ छोड्दा कुकुरले निजकै श्रीमतीलाई स्पष्ट संकेत गरेको र सोही संकेतका आधारमा अनुसन्धान कार्य अगाडि बढेकोमा अनुसन्धान पश्चात जि.प्र.का. रौतहटबाट मुद्दा चली सम्मानित जिल्ला अदालतको फैसलाबाट पुर्पक्षको लागि कारागार चलान भएको ।

मिति २०८०/०६/०२ गते जिल्ला पर्सा जगरनाथपुर वडा नं. ५ मसिहानीमा कान्ति देवि मुखिया विनालाई घाँटीमा धारिलो हतियार प्रहारबाट हत्या भएको घटनाको अनुसन्धानको निमित्त सिमानाका केनाइन शाखा वीरगंजबाट ट्र्याकर विषयको प्रहरी कुकुर सहित खटी गएकोमा Rio नामको Tracker Dog लाई घटनास्थलमा प्राप्त Foot तथा Hand Print सुँघाइ छोड्दा घटनास्थलबाट अन्दाजी ८ कि.मि. जानकी टोल नेपाल भारतको सिमासम्म Track र २ जना शंकित व्यक्तिलाई Find Out गराउँदा १ जनालाई संकेत गरेको र निजलाई पक्राउ गरी थप अनुसन्धान अगाडि बढाइएको ।

मिति २०८०/०६/१४ गते बिहान अन्दाजी ०७:५० बजेको समयमा काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं. १ कलामसीमा जिल्ला सिन्धुली मरिण गा.पा. वडा नं. ५ घर भई हाल बनेपा ना.पा.१ बस्ने वर्ष ५५ को दुधलाल थिङको हत्या भएको घटनाको अनुसन्धानको लागि नेपाल प्रहरी केनाइन कार्यालयबाट ट्र्याकर विषयको प्रहरी कुकुर सहित खटी गएकोमा पप्पी नामको Tracker Dog लाई घटनास्थल वरपर रहेको चप्पलको छाप तथा रगत जस्तो देखिने रातो पदार्थ लागेको

स्थानको Hand Print सुँघाइ छोड्दा घटनाको समयमा प्रतिवादीले प्रयोग गरेको बाटोनै पछ्याएको कारणले अनुसन्धानमा थप मद्दत पुगेको ।

**२. लागूऔषध**

मिति २०७६/०१/२९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पार्किङ गरी राखेको सवारी साधनमा लागूऔषध खोजी एवं पहिचान विषयको बिगल जातको डेनि नाम गरेको प्रहरी कुकुरद्वारा चेक जाँच गर्दा ९० ग्राम चरेस फेला पार्न सफल ।

मिति २०७६/०२/०६ गते बाँके जिल्लाको जमुनाहमा चेकजाँच गर्ने क्रममा लागूऔषध खोजी एवं पहिचान विषयको जर्मन शेफर्ड जातको गौरी नाम गरेको प्रहरी कुकुरद्वारा ब्राउन सुगर १२ ग्राम, नाईट्रोभेट ३९ Tab र स्पास्मो १ बोतल र अलटोरेक्स १०० एम.एल. पत्ता लगाउन सफल भएको ।

मिति २०८०/०८/२७ गते साँझको अन्दाजी ६:३० बजेको समयमा कतार एयरवेजको जहाजबाट कार्गो भई त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको भन्सार कार्यालयको कार्गो गोदाममा साउण्डबक्स जस्तो देखिने एउटा शंकास्पद सामान लागूऔषध ब्यूरो कोटेश्वरको शाखा कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचर केनाइन शाखामा सेवारत लागूऔषध विषयको गोल्डेन रिट्रिभर जातको एनी र जर्मन शेफर्ड जातको डेनि नाम गरेको प्रहरी कुकुरबाट सर्च गराउँदा कुकुरले उक्त सामानमा संकेत दिएको र खोली हेर्दा गाँजा जस्तो वस्तु फेला परेको हुँदा साउण्डबक्स जस्तो देखिने सबै सामानमा सर्च गराइएको र सबै सामानहरूबाट करिब ५५ के.जि. गाँजा जस्तो बस्तु फेला परेको ।

**३. विष्फोटक पदार्थ**

मिति २०८०/०७/०३ गते दिउँसो १४:०० बजे देखि १७:०० बजेसम्म बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले सञ्चालन गरेको सुरक्षा योजना अन्तर्गत पूर्व-पश्चिम राजमार्गमा चल्ने सवारी साधनहरूमा चेक जाँच गर्दा विष्फोटक पर्दाथ खोजी एवं पहिचान विषयको जर्मन शेफर्ड जातको ब्रुनी नाम गरेको प्रहरी कुकुरले ६ वटा पाकेट वि.प. (भिरभिरे पटका) फेला पारेको ।

मिति २०७९/०७/०६ गते बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले सञ्चालन गरेको सुरक्षा योजना अन्तर्गत रातोमाटे चेक पोष्ट भएर चल्ने साना तथा ठुला सवारी साधनहरूमा चेक जाँच गर्दा विष्फोटक पर्दाथ खोजी एवं पहिचान विषयको जर्मन शेफर्ड जातको ब्रुनी नाम गरेको प्रहरी कुकुरले अन्दाजी १० कि.ग्रा. वि.प.

(पटाका) फेला पारेको र उक्त पटाका जिल्ला प्रहरी कार्यालय, हेटौंडा मकवानपुरमा बुझाएको ।

**४. खोजी तथा उद्धार**

जिल्ला रूकुम पश्चिम मुसिकोट न.पा. वडा नं. ३ छेरा बस्ने वर्ष अ. ६० को लोक बहादुर खत्री मिति २०७९/१२/०१ गते बिहान अन्दाजी ०८:०० बजेको समयबाट हराइरहेका घटनाको अनुसन्धानको निमित्त कर्णाली प्रदेश प्रहरी केनाइन शाखाबाट खोजी तथा उद्दार विषयको तालिम प्राप्त प्रहरी कुकुर सहितको टोली खटी गएकोमा मिति २०७९/१२/०३ गते जर्मन शेफर्ड जातको बिजुली नाम गरेको प्रहरी कुकुरबाट सम्भावित स्थानहरूमा सर्च गराउँदा सोही वडा छेरा गड्याङ कालाखोला स्थित सडक बिस्तारको लागि निर्माण कार्य भइरहेको सोलाबाङ बजारदेखि माछिमी भन्ने स्थानसम्म जोडेको राप्ती लोकमार्ग सडकदेखि अन्दाजी २५ मिटर तल निर्माणाधिन सडकबाट झरेको ढुङ्गा, माटो भएको स्थानमा कुकुरले संकेत गरेको र सोही ठाउँमा ढुङ्गा, माटो हटाई हेर्दा हराइरहेको व्यक्तिको मृत लाश फेला परेको ।

**स्रोत सामाग्रीः ने.प्र.प्र.का. अपराध अनुसन्धान विभाग, केनाइन शाखा ।** ♦♦♦

गीत

## छ्यौ हृदयको पानाभरि



✍ **ललिता 'दोषी'**

छ्यौ हृदयको पानाभरि
तिमी नै तिमी प्रिय
तिमीभित्र फुल्ने आशमा
हरपल म जिएँ
छ्यौ हृदयको पानाभरि

नमोड ती पाउ कतै
अर्थहीन हुन्छु म
तिमीलेसँगै पाउ चाले
त्यो जून पनि छुन्छु म
छ्यौ हृदयको पानाभरि

के छ र जिन्दगी
फुल्नु, फल्नु भर्नु न हो
दुई पल छ हामीसँग
सँगै पारी तर्नु हो
छ्यौ हृदयको पानाभरि

बनाऊँ सुन्दर प्रेम मन्दिर
हाम्रा यिनै हातले
अन्त्यपछि पनि सम्झुन्
हरेक पातपातले
छ्यौ हृदयको पानाभरि

**आत्मकथा**

# शंका



✍ **दिपकराज विश्वकर्मा**

नेपाली उखानमा 'देखेको हुन्न लेखेको हुन्छ भन्छन्' तर म भन्छु यो त बस उखान मात्रै हो, न देखेको पूरा हुन्छ न लेखेको पूरा हुन्छ, पूरा हुन्छ त केवल सोचेको । तर यो मेरो व्यक्तिगत विचार हो । के भन्यो होला यस्तो भनेर अचम्म लाग्न सक्छ । मेरो जीवनलाई सोचले नै परिवर्तन गराएको हो । मेरो सोच्ने शक्तिले नै मलाई सक्काएको हो, तहसनहस बनाएको हो, आफैबाट आफैलाई एक्लो बनाएको हो । त्यसैले म भन्छु, मान्छेलाई तयार गर्ने पहिलो कडी भनेकै उसको सोच हो । राम्रो बनाउन होस या नराम्रो, उसले जे सोच्छ उसको दिन त्यसैगरी बित्छ, दिन महिना वर्षको के कुरा उसको जिन्दगी नै उसको सोचाइले निर्माण गर्दै जान्छ, किनभने मान्छेले दिमागले सोचेको कुरालाई पूरा गर्दै जाने हो, जस्तै, राम्रो मान्छे बन्छु भनेर कुनै सपना देख्नु, त्यो पनि त एउटा सोच हो, जुन सोचलाई जुन सपनालाई पूरा गर्न हद पार गर्छ मान्छे र आफ्नो लक्ष्यमा पुग्छ, फल स्वरूप ऊ सफल हुन्छ । हो म पनि सफल भएँ मेरो सोचले निर्माण गरेको मेरो लक्ष्यमा, र त आज अन्धकार एउटा कोठा भित्रको अँध्यारो जिन्दगी बाँचिरहेछु । जसले तिम्रो लागि प्राणै दिन्छु भन्थ्यो, उसैको प्राण लिएर मरिरहेको एउटा जिउँदो शरीर म ।

मैना, मेरी श्रीमती । दुवईमा दुई वर्ष वैदेशिक रोजगारको सिलसिला सकेर फर्के पछि धुमधामसँग बिहे गरेर भित्र्याएको हुँ उनलाई मेरो घरमा । अलिक पहिले देखि नै खुब मन परेकी थिइन । आफैले मन पराएको केटीसँग त्यसरी बिहे गर्न पाउँदा को खुसी नहुँदो हो ? संसारै जिते जस्तै, आकाशका ताराहरूबाट आफूलाई एकदमै मन परेको तारा टपक्क टिपेर घरमा ल्याए जत्तिकै खुसी, सागर भित्रको मोती आफ्नो भागमा परेको जस्तै, कालसँग लडेर आफूले जिती आफू अमर भए जत्तिकै खुसी, लाग्छ त्यो प्रेमलाई संगालेर किताब तयार गरेको भए प्रेम गर्नेहरूको माझ संसारको

सबैभन्दा लोकप्रिय किताब बन्दो हो । मलाई उनीसँगको हरघडी प्रेमिल लाग्थ्यो, उनीसँगै हुन पाए हरदिन प्रेम दिवस लाग्थ्यो ।

विवाह पछि झन् जिम्मेवारी थपियो, विदेश नफर्की कहाँ हुन्थ्यो र । विवाह भएको दुई महिना पछि परिवार छोडेर, मेरी मैनालाई छोडेर जानु भनेको आफूले आफैलाई छोड्नु सरह थियो । छोडेर जान मन नभएर के गर्नु, आखिर जानै पर्‍यो । फेरि फर्किए पछि सुनौलो संसार सजाउने सपनाहरूको खाँद बोकेर परदेशीएँ । हो, माया गर्नेहरूले शंका गर्छन् भन्ने चलन छ नि है ? तर 'शंकाले लंका जलाउँछ' भन्ने उखान पनि त सुनेका छौं नि हैन र ? हो त्यही शंकाले हो मेरो जिन्दगी जलाएको, सक्काएको, खरानी बनाएको, जिन्दगी त्यही खरानी जसरी हरघडी उडिरहेछ, म हेरिरहेछु । ऊ भन्थिई म हजुरबिना बाँच्न सक्दिन, मलाई यति धेरै शंका नगर्नुस, मैले सुन्नै चाहिन । एकदिन शंकाले लंका जलाई छाड्यो ।

जब म घर छोडेर परदेश हिंडे, त्यसपछि मैनालाई एकदमै शंकाको नजरले हेर्न थालें । जतिखेरै शंका, कोसँग गयो होला, कोसँग घुम्यो होला, मनमा यस्तै कुराहरू मात्रै खेलिरहन थाल्यो । बिस्तारै हामीबिच प्रेम भन्दा बढी झगडा हुन थाल्यो । मैले गाउँका चिने जानेका साथीहरूलाई सुराकी पनि लगाएँ । कोसँग बोल्छ, हिंड्छ, यस्तै यस्तै । साथीले हाम्रो घर भन्दा अलि परको मेरो भाई नाता पर्ने संजय भन्ने केटासँग अलि बढी हिमचिम भएको भनेर सुनाएको थियो । मैले सहनै सकिन, बौलाहा जस्तै भएँ । फोन गरेर हिजो अस्ति जति शंका गर्थें, जति कराउथें, त्यो भन्दा धेरै गाली गरें, थर्काएँ, मुखमा आए जति राम्रा नराम्रा शब्दहरूले गाली गरें । किन त्यति शंका गर्छस् भनेर कसैले सोध्यो भने मुखबाट निस्कने शब्द थियो–माया गर्छु त्यसैले । मलाई दिन प्रतिदिन साथीले सुनाएको गाउँले केटासँगको हिमचिमको कुराले एकदमै बिथोल्न थाल्यो । त्यही कुरा मात्रै दिमागमा आउन थाल्यो, म बिरामी नै हुन थालें, काममा मन जान छोड्यो । बिस्तारै म परदेश नै छोड्न बाध्य भएँ । म घर फर्केको मैना बाहेक कसैलाई थाहा थिएन । रिसको पोको दिमागमा राखेर मैनालाई भने फकाएको थिएँ, बजारसम्म आउनु है भनेर । अनि त्यो संजय पनि त्यही बजारमा भएको मौका छोपेको थिएँ । तिमीहरू यसरी बोल्छौ, भेट्छौ अरे भन्ने केही कुरा गरेको थिइन, बस मेरो मनमा रिस थियो, बदलाको भावले भरिएको थियो यो मन मस्तिष्क । म विदेशबाट पर्किएको छु भनेर संजयलाई पनि बोलाएँ र मुनालाई पनि । तल बजारमै भेट भयो ।

मुना र म श्रीमान श्रीमती, संजय गाउँको भाइ, धेरै पछि भेट भएका हामी आज सँगै बसौं भन्ने बहानामा अनेक गरेर सँगै बस्नलाई मनाएँ । हामी होटलमा होइन गाउँकै काका पर्नेको घरमा बास बसेका थियौं । घरको अगाडिपट्टि मुख्य बाटो भएपनि तल्लो साइडमा भने बासको भाङ् थियो । जब रात छिप्पिदै गयो । मैले, मात्र दाउ हेरिरहें, रातीको १२ बजेको थियो लगभग । सबै निदाएका थिए, पानी पिउने निहुँमा म अर्को कोठामा छिरें र घरबेटीलाई बेहोस हुने औषधी सुँघाए त्यसपछि हामी सुतेको कोठामा छिरें र वर्षौं देखिको मनको भारी बिसाएँ खुकुरीको धारले । सुतेकै ठाउमा दुवैजनालाई खुकुरीले छप्काएँ । लाग्यो अब एउटा चोट सक्कियो । पीडा सक्कियो, तनाब सक्कियो तर सक्किएको त मेरो जीवन थियो ।

रिस र बदलाको भावले आफ्नै श्रीमती र भाइको हत्या त गरें । बिस्तारै रिस शान्त हुँदै गयो, सँगै मनमा डर उत्पन्न हुन थाल्यो । लाशलाई के गर्ने ? बदलाको भावले गर्दा हत्या त गरें, यो अपराध हो-अब म यो अपराधबाट कसरी उम्किन सक्छु ? यस्तै यस्तै कुराले मलाई झन् उकुसमुकुस बनायो । आफ्नो गल्तिलाई ढाकछोप पारेर उम्किन खोजिरहें तर उपाय केही देखिन । कसरी हुन्छ म त्यहाँबाट उम्किनु थियो, अपराधबाट भाग्नु थियो तर मसँग केही पनि उपाय थिएन । बाँसको भाङ् छेउमा पुरानो साईकल देखें, मलाई एकदमै हतार थियो । दायाँबायाँ हेरें, पिढीमा केही थान बोराहरू थिए । दुईवटा लाशलाई बोरामा हालेर कतै लगेर छुपाउने बिचार गरें र पालै पालो निकै परको पुल मुनि कसैले नदेख्ने खोचभित्र राखेर फोहोरले ढाकिदिएँ । कोठाको रगत खुकुरी र भएभरका लुगाहरूलाई खोलामा फालिदिएँ र म राती नै हिडें भारत तर्फ । भोलि बिहान त्यो ठाउँमा के-के भयो मलाई केही थाहा छैन, किनकि म भारत तर्फ जाने बसमा थिएँ-शान्त मन लिएर । तर अपराध गरेर शान्त भएको महसुस गर्नु भनेको खुकुरीको धार माथि निदाउनु जस्तै रहेछ, कतिबेला आफ्नै शरीर रेटिन्छ आफैलाई थाहा नहुने । म भारत हिंडेको १०औं दिनमा नै मलाई प्रहरीले समात्यो । नेपाल प्रहरीको अनुसन्धान टोलीले मैले नै हत्या गरेको भनेर पत्ता लगाई छोड्यो र भारत प्रहरीको सहयोगमा मलाई पक्राउ गरेर नेपाल ल्याइयो । मैले सहजै श्रीमती र भाइको हत्या गरेको स्वीकार गरें । नगरूँ पनि कसरी ? शंका र आवेगले जुन घटना घटाएँ त्यसले मलाई पश्चताप भइसकेको थियो, मलाई दुखाई सकेको थियो । हिजो श्रीमतीलाई शंका गर्दा जति पोल्थ्यो त्यो भन्दा कति हो कति गुना बढी मलाई

पोल्न थालिसकेको थियो र त्यही पीडा र पश्चातापले पोलेको मनलाई हलुका गर्नकै लागि सायद प्रहरीको बयानमा मन खोलेर रूदैं सबै कुरा भनें । अन्ततः मेरो शंकाले लंका नै जलाई छाड्यो । आज शंकाले जलेको प्रेम, मेरो घर र मैनालाई बेस्सरी सम्झिएको छु र अर्को जुनी हुने आशा छ र फेरि मुनासँगै भेट हुनेछ र यो जुनीको समेत जोडेर माया दिनेछु । मिठो सम्झना मेरी मुना । शंका, रिस र बदलाको भाव राख्नु समस्याको समाधान कहाँ रहेछ र ? यसले दिने पीडा निकै भयावह हुने रहेछ, निकै दुखाउँदो रहेछ । यो चिसो जेलको कुनै कुनामा यस्तै कुराहरू मनभरि बोकेर काल कुरिरहेछु, बस मर्ने मिति कुरिरहेछु ।♦

**कविता**

# आमा



✍ **मुक्तिनाथ पोखरेल**

गर्भावस्था भित्र लुक्तै म बस्ता
कुर्कुच्चाका जोडले लात कस्ता
तिम्रो छाला चर्र चर्केर फुट्ता
खप्तै हाँस्यौ कष्ट बिर्सेर छुट्ता ।१।

पारें कस्तो वेदना वा धपेडी
राख्यौ न्यानो काख भित्रै लपेटी
तोते बोली बोल्न थालें रमाई
तान्थ्यौ मेरा हात दोटै समाई ।२।

माता तिम्रो गोद भर्थें रमाई
चुस्थें लाम्टो प्रेमले गद्‌गदाई
रम्दै हेर्थ्यौ टाउको सुम्सम्याई
पोख्थ्यौ माया जे भएको खन्याई ।३।

छोराछोरी हुर्कंदै बढ्न थाल्यौं
आमा त्यागी आज अन्यत्र लाग्यौं
स्वार्थी हामी स्वार्थ भित्रै रमायौं
छोड्दै हिंड्दै मार्ग आफ्नो ततायौं ।४।

तिम्रो माया बुझ्न मैले नसक्ता
सानो सम्झैं पाउमा माथ राख्ता
कस्तो प्रज्ञा व्यक्तिवादी भएँछु
खाल्डो भित्रै भासिएरै रहेंछु ।५।

आमा देवी शक्तिकी पुञ्ज रूप
साक्षात् लक्ष्मी शैलपुत्री स्वरूप
त्यस्ती आमा चिन्न छाडेर आज
गर्छौं सेखी मान्न छाडेर लाज ।६।

हामीलाई गाँस काटी खुवाई
हाँसी हाँसी भोक खप्ने रमाई
यस्ती आमा देख्न पाइन्न फेरि
यौटा फोटो सम्झनाको चिनारी ।७।

छैनन् आमा नेत्र छन् अश्रुधारा
चोटा कोठा लाग्न थाले अँध्यारा
राखें तिम्रो पाउमा एक फांकी
छैनौ आमा सम्झना मात्र बाँकी ।८।

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३४ साल अङ्क, २ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित **प्र.ना.म.नि.पदमबहादुर मानन्धरद्वारा लिखित 'विकासमूलक प्रहरी तालीम'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

– ***सम्पादक***

"मानिस एक सामाजिक प्राणी हो" भन्ने कुरामा दुई मत भएको हामी पाउँदैनौं । जन्मदेखिनै उसले समाजमा बस्ने खाने सिक्ने आदि कुराहरू सिक्दछ र समाजबाट ऊ बाहिर रहन सक्दैन ।

कुनै पनि देशमा अमन चैन, जनताको जिउ धनको सुरक्षाको लागि प्रहरी वा अन्य कुनै एजेन्सीको स्थापना गरेको पाउँदछौं जसबाट समस्त देश भरमा कानून विपरीत काम गर्नेहरूलाई अदालतको ढोका भित्र हुली उचित दण्ड दिलाउँदछ । यसप्रकारको संगठन खडा गरेर मात्र नहुने हुनाले ती संगठनमा रहेका कर्मचारीहरूलाई देश, काल, परिस्थिति अनुरूप तालीम दिने व्यवस्था हुन्छ । जस अनुरूप उनीहरूलाई आ-आफ्नो कार्य क्षेत्रमा काम गर्न सक्षम बनाउँदछ किन भने मानिसले पहिलेदेखि नै कुनै पनि कुराहरू जन्मदेखि नै सिकेर आएको हुंदैन र सिक्नु पर्दछ । सिक्ने, जान्ने तालीम लिने आदि कार्यहरू सिकेर कहिल्यै पनि सकिने कुरा होइन र यो अनन्त छ । कुनै पनि व्यावसायिक बिना तालीम कार्य गर्न अनेक बाधा अड्चन पर्न जानु स्वाभाविक हुन्छ ।

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.सं.२०४१ सालबाट नेपाल प्रहरीमा प्रहरी दर्पण प्रकाशन गर्न सुरू गरिएको थियो ।

➲ वि.सं.२०३१ सालमा इन्जिनियरिङ शाखाको स्थापना गरी प्राविधिक इन्जिनियर ओभरसियरलाई खुल्ला प्रतियोगिताद्वारा प्रहरी सेवामा भर्ना लिने सुरूवात भएको थियो ।

➲ वि.सं.२०४१ सालमा प्रहरी परिवार महिला संघको स्थापना र विविध समाजिक सेवा कार्य थालनी सुरूवात भएको थियो ।

➲ वि.सं.२०७५ सालमा प्रहरी प्रधान कार्यालयमा प्रहरीको डाटा सेन्टरको उद्घाटन भएको थियो ।

**संकलनः प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**पुनरावेदक/प्रतिवादी हरिकुमार लामा विरूद्ध विपक्षी काभ्रेपलान्चोक जिल्ला अदालत, धुलिखेलसमेत मुद्दा बन्दीप्रत्यक्षीकरण (ने.का.प.२०७२, अंक १, निर्णय नं.९३३६)** कानूनको निर्माण केवल औपचारिकताका लागि मात्र नभई निश्चित उद्देश्यका लागि पालना होस् भनी गरिएको हुन्छ। कुनै विषयका सम्बन्धमा कानूनको निर्माण गरिएकोमा सो सम्बन्धी काम कारबाहीमा सो कानूनको पालना नगरिएमा सो कार्यले वैधता प्राप्त गर्न सक्तैन । व्यक्तिको वैयक्तिक स्वतन्त्रतासँग प्रत्यक्ष सरोकार राख्ने फौजदारी कानूनको कार्यान्वयन गर्दा झन बढी सचेत रही कानूनको अक्षरशः पालना गर्नुपर्ने हुन्छ । उक्त मान्यता सारवान् कानूनको हकमा मात्र नभई कार्यविधि कानूनको हकमा पनि उत्तिकै लागू हुन्छ । कुनै पनि व्यक्तिका विरूद्धमा कसूर अपराध ठहर गर्दा र सजाय तोक्दा कानूनले निर्धारण गरेको व्यवस्थाको अक्षरशः पालना गर्नु आवश्यक हुन्छ । जुन कुरा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ को हकमा पनि उत्तिकैरूपमा लागू हुने ।

**संकलनः प्र.नि.सुरेश कुमार हायु**




**साडी किन्दै महिला**

**महिलाः–** दाइ एउटा स्टाइलिस साडी देखाउनुस् त ।

**व्यापारीः–** यो लिनुस् ! नयाँ डिजाइनको छ ।

**महिलाः–** कति हो यसको ?

**व्यापारीः–** पाँच हजार रूपयाँ मात्र ।

**महिलाः–** अलि मिलाएर रेट लगाउनुस् न दाइ, हरेक पटक तपाईंको पसलबाट लाने गरेको छु ।

**व्यापारीः–** थोरै त दया गर्नुस् बहिनी ! यो पसल हिजोमात्र खुलेको हो ।

♦ ♦ ♦

**छोरा बुबासितः** बाबा मम्मीको नाम डार्लिङ हो ।

**बुबाः–** (छोराले एक्कासी यस्तो प्रश्न गरेको देखेर) सिता हो किन र छोरा ?

**छोराः–** त्यसो भए किन त पल्लो घरको अङ्कलले डार्लिङ् भनेर मम्मीको हात समातेको त ?

**संकलनः– प्र.स.नि.शरणजंग भण्डारी**